सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ फागुन २०८२, सोमबार (16 Feb 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

घोषणापत्रमै सीमित 'देशको मुहार फेर्ने परियोजना'

दलहरूले हरेकजसो चुनावमा रासायनिक मल कारखाना खोल्नेदेखि पूर्व-पश्चिम विद्युतीय रेल कुदाउनेसम्मका घोषणा गरेर मतदाता लोभ्याउँछन्, ०४८ देखि निरन्तर सपना बाँडिए पनि साढे तीन दशकमा न विद्युतीय रेल कुदाउन लिक बनाइयो न मल कारखाना निर्माण गर्न जग खनियो

राष्ट्रिय योजना आयोगका तीन पूर्वउपाध्यक्ष भन्छन्-

● डा. जगदीशचन्द्र पोखरेल



घोषणापत्र अलि बढी पपुलिस्ट पनि बनाइन्छ। अपवादबाहेक स्रोत र क्षमताको वस्तुगत विश्लेषण गर्ने गरेको देखिँदैन। राष्ट्रिय योजना र स्रोतको अनुमानलाई तालमेल मिलाएको देखिँदैन। जसले गर्दा घोषणाअनुसार काम हुँदैन।

● डा. पुष्पराज कँडेल



घोषणा गरिएका ठुला आयोजना कार्यान्वयन गर्न नसकिने होइन, खालि दल र सरकारले कति गम्भीरताका साथ लिन्छन् भन्ने नै हो। यद्यपि, कतिपय आयोजना पूर्वतयारीविना र समग्र मूल्यांकन नगरी घोषणा गरिँदा कार्यान्वयनमा समस्या हुने गरेको छ।

● डा. मीनबहादुर श्रेष्ठ



घोषणा गरिएका ठुला परियोजना अपेक्षाकृत अगाडि नबढ्नुमा राजनीतिक, प्राविधिक, सामाजिक, भूराजनीति र भ्रष्टचार कारक छन्। अर्को, ०४८ यता ३२ सरकार बने, कसैले पनि पूरा कार्यकाल चलाउन पाएनन्। एउटा सरकारले सुरु गरेको परियोजनालाई अर्कोले प्राथमिकता दिएनन्।

कृष्ण रिजाल/नयाँ पत्रिका

राजनीतिक दलहरूले देश र जनताको मुहार फेर्ने भन्दै साढे तीन दशकदेखि आफ्ना हरेक चुनावी घोषणापत्रमार्फत 'गेमचेन्जर परियोजना' निर्माणको वाचा गर्दै आएका छन्। देशमा रासायनिक मल कारखाना खोल्नेदेखि पूर्व-पश्चिम विद्युतीय रेल चलाउनेसम्मका सपना बाँड्दै आएका छन्। तर, यस्ता परियोजना कार्यान्वयनका लागि प्रभावकारी पहल भने लिएको देखिँदैन। ०४८ मै घोषणा गरिएको भए पनि साढे तीन दशकमा न त विद्युतीय रेल कुदाउन लिक बनाइयो न त रासायिनक मल उत्पादन गर्ने कारखाना नै स्थापना गरियो।

विद्युतीय रेल र रासायनिक मल कारखाना उदाहरण मात्रै हुन्। प्रजातन्त्र प्राप्त भएपछि ०४८ मा भएको आमचुनाव र ०५१ मा भएको मध्यावधि चुनावमा घोषणा गरिएका जलमार्ग, जलविद्युत्, सिँचाइ, सडक, अन्तर्राष्ट्रिय विमानस्थललगायत

» पृष्ठ २ मा क्रमशः

रासायनिक मल कारखाना खोल्ने ०४८ देखिकै एजेन्डा

कांग्रेसले ०४८ को निर्वाचनमै 'पाँच वर्षभित्र मल कारखाना स्थापना गर्ने' घोषणापत्र ल्याएको थियो। त्यसपछिका सबै निर्वाचनमा पनि यो विषय समेट्दै आयो, ०७४मा 'तीन वर्षभित्र स्थापना गर्ने' घोषणा गरेको कांग्रेसले ०७९ को निर्वाचनमा भने समय तोकेन, 'स्वदेशमै उत्पादनको व्यवस्था मिलाउने' उल्लेख गऱ्यो।

एमालेले पनि ०५१ सालदेखि मल कारखाना खोल्ने घोषणा गर्न थालेको हो। त्यसपछि हरेक निर्वाचनमा यो विषय समावेश गर्दै आएको एमालेले ०७९ को निर्वाचनमा 'पाँच वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्ने' घोषणापत्रमा उल्लेख गऱ्यो।

तत्कालीन माओवादीले पनि पहिलोपटक भाग लिएको ०६४ कै निर्वाचनमा 'देशभर फर्टिलाइजर (मलखाद) कारखाना र कृषि औजार कारखाना स्थापना गर्ने' घोषणापत्रमा उल्लेख गरेको थियो। उसले ०७९ को चुनावमा पनि 'रासायनिक मलको आयात प्रतिस्थापन गर्न निजी क्षेत्रसँगको सहकार्यमा स्वदेश मै रासायनिक मल उद्योग स्थापना गर्ने' प्रतिबद्धता जनाएको थियो।

प्रगति **यो परियोजना ३५ वर्षसम्म पनि अध्ययनकै चरणमा छ**



जलमार्ग निर्माणको योजना साढे तीन दशकदेखि जहाँको तहीं

कांग्रेसले ०४८ मै 'जलमार्गद्वारा यातायात सेवाको विकास गर्ने सम्भावनाको खोजी गर्ने' घोषणा गरेको थियो। ०५६ मा 'समुद्रसम्म पुग्ने' तयारीमा अघि बढ्ने घोषणा गऱ्यो। ०७० र ०७४ मा उही कुरा राख्यो, 'समुद्रसम्म जलमार्गको सम्भावना र विकासलाई अघि बढाइनेछ।' ०७९ मा जलमार्गको योजना नै हटायो।

'जल यातायातको विकास गर्ने गुरुयोजना निर्माण गरी काम थालिनेछ,' ०४८ मा एमालेको घोषणा थियो। ०५१ र ०६४ मा 'सम्भाव्य स्थानहरूमा जलमार्गको विकास गर्ने' वाचा गरेको उसले ०७४ मा 'आन्तरिक र बाह्य जलमार्गका सम्भाव्यता अध्ययन गर्ने' मात्रै होइन, 'समुद्रमा नेपाली ध्वजावाहक पानीजहाज चलाउने' घोषणा गऱ्यो। ०७९ मा पनि यही वाचा गऱ्यो।

माओवादीले ०७४ मा भनेको थियो, 'कोशी, गण्डकी र कर्णाली नदीमा जलमार्गका सम्भाव्यता अध्ययन गरिनेछ, समुद्रमा नेपाली ध्वजावाहक पानीजहाज चलाइनेछ।' ०७९ मा देशका प्रमुख नदीमा जलमार्ग विकासको योजना कार्यान्वयन गर्ने घोषणा गऱ्यो।

प्रगति **जलमार्ग निर्माण अध्ययनकै चरणमा छ। पानीजहाज कार्यालय छ, आवश्यक कानुन निर्माणकै प्रक्रियामा छ।**

अनिश्चित छन् पश्चेश्वर, पश्चिम सेती र माथिल्लो कर्णाली

०५१ को चुनावमा कांग्रेसको घोषणापत्रमा उल्लेख थियो, '...पश्चिम सेतीजस्ता जलविद्युत् आयोजनाहरू निजी क्षेत्रबाट सञ्चालन गरी सकभर छिटो सम्पन्न गर्न प्राथमिकता दिइनेछ। ...कर्णाली, पञ्चेश्वरजस्ता बृहत् आयोजनाहरू विद्युत् निर्माणसमेत गर्ने लक्ष्य राखी विस्तृत अध्ययन तथा कार्यान्वयनका लागि अघि बढाइनेछ।' कांग्रेसले ०५६ र ०६४ हुँदै ०७० को चुनावमा पनि दोहोऱ्यायो, 'पश्चिम सेती, माथिल्लो कर्णाली, माथिल्लो सेतीलगायतका ठुला, मझौला र साना योजनालाई द्रुतगतिमा सम्पन्न गरिनेछ।

एमालेले पनि ०७० मा '१० वर्षभित्र माथिल्लो कर्णाली, पश्चिम सेतीलगायत परियोजनाहरू सम्पन्न गर्ने' घोषणा गऱ्यो। ०७४ को चुनावको एमाले-माओवादी संयुक्त घोषणापत्रमा पनि केही आयोजना थपेर १० वर्षभित्र सक्ने घोषणा गरिएको थियो।

प्रगति **पञ्चेश्वर नेपाल-भारतको संयुक्त लगानीमा निर्माण गर्ने भनिए पनि डिपिआर नै स्वीकृत हुन सकेको छैन, लगानीको पनि टुंगो छैन। माथिल्लो कर्णालीमा वित्तीय व्यवस्था जुटाउने काम भइरहेको छ। पश्चिम सेती अहिले भारतीय सरकारी कम्पनी एनएचपिसीले पाएको छ, तर निर्माण अघि बढेको छैन।**

घोषणापत्रमा औद्योगिक क्षेत्र छुट्दैन, तर ०४६ पछि एउटै थपिएन

कांग्रेसले ०७० र ०७४ मा घोषणा गऱ्यो, 'प्रत्येक प्रदेशमा कम्तीमा एक औद्योगिक क्षेत्र तोकी औद्योगिक पूर्वाधार विकास गरिनेछ।'

एमालेले ०७४ मा चुनावमा 'यी औद्योगिक क्षेत्रमा १० वर्षभित्र १० लाख व्यक्तिले रोजगारी प्राप्त गर्ने उद्योग खोलिने' थप वाचा गऱ्यो। ०७९ मा उसले '१२ नयाँ औद्योगिक क्षेत्र, १५ विशेष आर्थिक क्षेत्र र १०३ औद्योगिक ग्रामको पूर्वाधार विकास गरी उद्योगहरू स्थापना गर्ने' घोषणा गऱ्यो।

०७४ मा 'प्रदेशमा स्थापना गरिने औद्योगिक क्षेत्रमा १० वर्षभित्र १० लाख व्यक्तिले रोजगारी प्राप्त गर्ने उद्योग खोलिने' वाचा गरेको माओवादीले ०७९ मा 'प्रत्येक प्रदेशमा कम्तीमा दुईवटा आधुनिक औद्योगिक केन्द्र निर्माण गर्ने' विषय समेट्यो। माओवादीले यो पनि थपेको थियो, 'हरेक पालिकामा कम्तीमा एउटा औद्योगिकग्राम स्थापना गरिनेछ।'

प्रगति **थप १३ स्थानमा औद्योगिक क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययन भएको छ। सात प्रदेशमा ठुला औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा गरेर प्रक्रिया अघि बढाइएको छ। सबै अध्ययन, डिपिआर निर्माणलगायतका चरणमै छन्।**

विद्युतीय रेल : दलहरूले हरेक चुनावमा बाँड्ने सपना

कांग्रेसले ०४८ मै 'पूर्व-पश्चिम विद्युतीय रेल वा ट्रलिबस चलाउने' घोषणा गरेको थियो। ०७४ मा 'पाँच वर्षभित्र पूर्व-पश्चिम रेलमार्गको कम्तीमा २०० किमि खण्ड सम्पन्न गर्ने' अवधि नै तोकेको उसले ०७९ मा 'भिट्टामोड-जलेश्वर-जनकपुर खण्ड, कुर्था-जनकपुर-बर्दीबास खण्ड र विराटनगरखण्ड सम्पन्न गर्ने' घोषणा गऱ्यो।

एमालेले पनि ०४८ मै घोषणा गरेको थियो, 'तराईमा पूर्व-पश्चिम विद्युत् रेलवे सञ्चालन गर्ने।' ०५१ मा 'महत्त्वपूर्ण औद्योगिक सहरहरूमा ट्रलिबस चलाउने' वाचा थप्यो। ०६४ थप 'रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग निर्माण गर्ने' नारा दिएको एमालेले ०७४ मा त पाँच वर्षभित्रै 'पूर्व-पश्चिम रेल चलाउने' घोषणा गऱ्यो। ०७९ मा पनि 'बर्दीबास-निजगढ खण्डमा रेल चलाउने, रसुवागढी-काठमाडौं र वीरगन्ज-काठमाडौं रेलमार्गको निर्माण थाल्ने' भन्यो।

माओवादीले पनि ०६४ मै वाचा बाँड्यो, 'पूर्व-पश्चिम जोड्ने विद्युतीय रेलमार्ग निर्माण गर्ने, ल्हासा-काठमाडौं-लुम्बिनी रेलमार्ग विस्तार गर्न पहल गर्ने।' ०७४ मा पाँच वर्षभित्र पूर्व-पश्चिम विद्युतीय रेल चलाउने भनेको माओवादीले ०७९ को घोषणापत्रमा 'रेलवे निर्माण समयमै सम्पन्न गर्ने, वीरगन्ज-काठमाडौं, रसुवागढी-काठमाडौं, पोखरा-लुम्बिनी रेलमार्गलाई प्राथमिकता दिने' उल्लेख गऱ्यो।

प्रगति **हालसम्म बर्दीबास-निजगढ खण्डमा ८२ किलोमिटरमध्ये ६८ किलोमिटर ट्रयाक बेड र १६ वटा रेलपुल सम्पन्न भएका छन्। काठमाडौं-रक्सोल र केरुङ-काठमाडौं रेलवे परियोजना अध्ययन र डिपिआर निर्माणकै क्रममा छन्।**

बुढीगण्डकी बनाउने भनेर नागरिकबाट करसमेत उठाइयो

कांग्रेसले ०५१ को घोषणापत्रमा उल्लेख गरेको थियो, 'बुढीगण्डकी, ...जस्ता बृहत् आयोजनहरू विद्युत् निर्माणसमेत गर्ने लक्ष्य राखी विस्तृत अध्ययन तथा कार्यान्वयनका लागि अघि बढाइनेछ।' पछिल्लोपटक ०७९ मा फेरि यसलाई 'स्वदेशी लगानीमै बनाउने' भन्दै कांग्रेसले चुनावी एजेन्डा बनायो।

एमालेले ०७० मा '१० वर्षभित्र बुढीगण्डकीलगायत ठुला परियोजना' सम्पन्न गर्ने घोषणा गऱ्यो। ०७४ मा पुरानै घोषणा हुबहु दोहोऱ्यायो।

०७४ मा माओवादीले '१० वर्षभित्र बुढीगण्डकी परियोजना निर्माण गर्ने' भन्यो। ०७९ पनि भन्यो, 'बुढीगण्डकी जलविद्युत् परियोजनाको निर्माण कार्य तीव्रताका साथ अघि बढाइनेछ।'

प्रगति **हालै सरकारले ७०% ऋण र ३०% स्वपुँजीमा परियोजना अघि बढाउने मोडालिटी स्वीकृत गरेको छ।**

(बाँकी परियोजनाको चुनावी वाचा पृष्ठ २)



एमालेको गढ रुपन्देहीमा कांग्रेस र रास्वपाको चुनौती

निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न दल र उम्मेदवारहरू मतदाता आकर्षित गर्न घरदैलोमा

(विस्तृत पृष्ठ ३)

बंगलादेशको निर्वाचनमा यसरी चुक्यो एनसिपी



विश्व

● डा. काजी एएसएम नुरुल

(पृष्ठ ५)

● राष्ट्र बैंक ऐन, ०५८ संशोधनको मस्यौदा तयार

डिजिटल बैंक सञ्चालन र डिजिटल करेन्सी जारी गर्ने व्यवस्था

रिक्त हुनु एक महिनाअगावै गभर्नर वा डेपुटी गभर्नर नियुक्त गरिसक्नुपर्ने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

निर्वाचन आचारसंहिताविपरीत विद्यालयमा ओलीको राजनीतिक कार्यक्रम

एमालेनिकट शिक्षकहरूको भेलामा ओलीको सम्बोधन, चुनावी कार्यक्रम नभएको एमालेको दाबी

झापामा **चिरञ्जीवी घिमिरे**

एमाले अध्यक्ष तथा २१ फागुनको निर्वाचनमा झापा ५ बाट उम्मेदवार बनेका केपी ओली निर्वाचन आचारसंहिताविपरीत कार्यक्रममा सहभागी भएका छन्। र, पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीको चुनावी प्रचारप्रसारका लागि आइतबार दमक नगरपालिका- २ स्थित हिमालय माध्यमिक विद्यालयमा राजनीतिक कार्यक्रम गरिएको छ।

अझ रोचक त 'पूर्वप्रधानमन्त्रीसँग अन्तर्क्रिया' ब्यानर प्रयोग गरिएको कार्यक्रमका आयोजकमध्येका एक

» पृष्ठ २ मा क्रमशः



निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ (ग) मा 'कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने' उल्लेख छ। तर, ओली दमक- २ स्थित हिमालय माविमा एमालेनिकट शिक्षक संगठनले गरेको राजनीतिक कार्यक्रममा सहभागी भए। आचारसंहिताबाट जोगिन कार्यक्रमको नाम 'पूर्वप्रधानमन्त्रीसँग अन्तर्क्रिया' दिइयो।

करिब सात लाखले गरे पशुपतिनाथ दर्शन

नयाँ पत्रिका

महाशिवरात्रिमा करिब सात लाख दर्शनार्थीले पशुपतिनाथको दर्शन गरेका छन्। आइतबार बिहानैदेखि पशुपतिनाथमा दर्शनार्थी र भक्तजनको घुइँचो थियो। पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक सुवास जोशीका अनुसार यकिन तथ्यांक नभए पनि यसपटक शिवरात्रिमा सात लाखले दर्शन र पूजाआजा गरेको अनुमान छ। 'ठ्याक्कै अंक त भन्न सकिने अवस्था भएन, तर सात लाखले पशुपतिनाथको दर्शन गरेको अनुमान कोषको छ,' कोषका कार्यकारी निर्देशक जोशीले नयाँ पत्रिकासँग भने।

भारतबाट आए करिब ३५ सय साधुसन्त र बाबा

दर्शनका लागि राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्की पनि पशुपतिनाथ पुगेका थिए। करिब पाँच बजे राष्ट्रपति पौडेल र लगत्तै प्रधानमन्त्री कार्कीले पशुपतिनाथको दर्शन गरे।

यसपटकको शिवरात्रिमा भारतबाट करिब तीन हजार पाँच सय साधुसन्त र बाबा आएका थिए।

कोषले दर्शनार्थीको अत्यधिक भिड व्यवस्थापनका लागि केही सातादेखि नै तयारी गरेको थियो। मन्दिरपरिसरमा रंगरोगनदेखि जनशक्ति व्यवस्थापनको कार्य गरिएको थियो। शिवरात्रिमा करिब आठ हजार सुरक्षाकर्मी परिचालन थिए। कोषकै करिब चार सय कर्मचारी पनि पर्व व्यवस्थापनमा खटिएका थिए।

निर्वाचनमा रास्वपाको नयाँ प्रयोग : मतदातासँग नागरिक करार

१२ लाख नयाँ रोजगारी, ०४६ यताको सम्पत्ति छानबिन

प्रलोपा, नेमकिपा र उज्यालो नेपालको घोषणापत्र

● रास्वपाको करारपत्रमा पाँच प्राथमिकता, कार्यान्वयनका लागि बहुमत सर्त

● विस्तृत घोषणापत्र ७ फागुनमा कर्णालीबाट सार्वजनिक गरिने

नयाँ पत्रिका

आसन्न २१ फागुनको निर्वाचनलाई लक्षित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निर्वाचनपछि गर्ने पाँचवटा प्राथमिकताका क्षेत्र तोकेर मतदातासँग करार गर्ने नयाँ प्रस्ताव सार्वजनिक गरेको छ। करार कानुनकै ढाँचामा संरचना र वाक्य मिलाएर 'मतदातासँग करार गर्ने' नयाँ अभ्यासको थालनी गर्ने गरी आइतबार सभापति रवि लामिछानेले सामाजिक सञ्जालबाट करारपत्र सार्वजनिक गरेका छन्।

करारपत्रको प्रतिलिपि फेसबुकमा हाल्दै लामिछानेले लेखेका छन्, 'चुनावमा वाचा त धेरैले धेरैपटक गरे। तर, पूरा नगरेको परिणाम उनीहरूले होइन, जनताले नै

» पृष्ठ २ मा क्रमशः

■ प्रगतिशील लोकतान्त्रिक पार्टी

प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणाली



▷ सांसदको भूमिकालाई विधायकी (कानुन निर्माण)को काममा मात्र सीमित राख्नुपर्ने र मन्त्रिमण्डल स्वतन्त्र विज्ञहरूबाट गठन गर्ने नयाँ व्यवस्था सुरु गर्ने

▷ मुलुकलाई आर्थिक समृद्धिको दिशामा डोऱ्याउन कार्यकारी प्रमुखमातहत रहने गरी शक्तिशाली 'राष्ट्रिय विकास प्राधिकरण' गठन गर्ने

▷ पाँच वर्षभित्र आमगरिबीको अन्त्य गर्ने, कृषिमा पूर्ण आत्मनिर्भर बन्ने

■ नेपाल मजदुर किसान पार्टी

ठुला भ्रष्टाचारीलाई ज्यान सजायका लागि प्रयास गर्ने



▷ निर्वाचित जनप्रतिनिधिहरू आफ्नै क्षेत्रमा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने कानुन व्यवस्था गराउने

▷ प्रधानमन्त्री भइसकेका व्यक्ति र पार्टीले अहिलेसम्म देशका लागि गरेका कामबारे आगामी सदनमा स्पष्ट पार्नुपर्ने

▷ जन्मका आधारमा नेपाली नागरिकता पाएका विदेशी छोराछोरीलाई वंशजको आधारमा नागरिकता दिने कानुनी व्यवस्था खारेज गर्ने

■ उज्यालो नेपाल पार्टी

हरेक परिवारलाई विद्युत् आयोजनामा हजार कित्ता सेयर



▷ भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाएर सम्पत्ति राष्ट्रियकरण गर्ने

▷ वार्षिक नौ लाखका दरले विभिन्न क्षेत्रमा पाँच वर्षमा ४५ लाखलाई रोजगारी दिने

▷ प्रतिनिधिसभालाई २७५ सदस्यीयबाट घटाएर २०१ र प्रदेश सांसदको संख्या ५५० बाट ३३० मा झार्ने, संघीय मन्त्रालय १५ र प्रदेश मन्त्रालय ५ देखि ७ वटामा सीमित गर्ने र राज्यमन्त्री वा सहायकमन्त्री नराख्ने

१२ लाख...

पृष्ठ १ बाट क्रमशः

भोग्नुपर्‍यो निरन्तर। हामी पूरा नहुने वाचा होइन, जनतासँग प्रतिज्ञाको करार गर्दै छौं। विस्तृत ७ फागुन कर्णालीबाट।' उनले सोही दिन पार्टीले प्रतिज्ञापत्र सार्वजनिक गर्ने र त्यसमा करार-पत्रलाई पनि समेटिएको सन्देश दिएका छन्।

करार-पत्र देशैभरका उम्मेदवारलाई दिने रास्वपाको तयारी छ। चितवन-२ का उम्मेदवारसमेत रहेका लामिछानेले फेसबुकमा लेखेर अघि सारेको करार-पत्रको व्यहोराबारे उनको वालमा मिश्रित प्रतिक्रिया आएका छन्। प्रतिक्रिया कैयौँका सकारात्मक छन् भने कतिपयले आलोचना पनि गरेका छन्।

राजनीतिक प्रतिबद्धतालाई करार कानुनकै शैलीमा लेखेर अन्त्यमा दायाँतिर ऋणीको दस्तखत भन्दै दायाँ र बायाँ औँठाछाप राखिएको छ भने बायाँतिर पार्टीको नाम राखिएको छ। दस्तखत भनेर दुईवटा औँठाछाप राखिए पनि करार-पत्रमा लेखिएका अक्षरहरूलाई नै मसिना बनाएर औँठाछापको स्वरूपमा राखिएको छ।

फेरि करार सम्झौता-पत्रमै काबुबाहिरको परिस्थिति शब्द उल्लेख गरेर कथम् बहुमत नआएमा वा सरकारमा नभएमा सम्झौताअनुसार काम गर्न बाध्य नहुने सर्त पनि नोटका रूपमा अन्तिममा खुलाइएको छ। 'काबुबाहिरको परिस्थितिबाहेक हामी पूरा गर्न नसकिने वाचा बाँड्दैनौं, बरु तपाईंहरूको राजनीतिक विश्वासको ऋणको करार गर्छौं,' कानुनी स्वरूपमा तयार गरिए पनि नोटमा राजनीतिक सम्झौता रहेको सन्देश छ।

करार-पत्रको ५ वटा प्राथमिकता र लक्ष्यहरूमध्ये पहिलो प्राथमिकतामा सदाचार र असल शासन राखिएको छ। 'राज्य संरचनाको दलीय दोहन, प्रक्रिया केन्द्रित भ्रष्टाचार र लाइसेन्स राज, सामान्य सेवा दिनसमेत बिचौलियाको शरण लिन बाध्य' आजको अवस्था रहेको करार-पत्रमा छ।

यसमा सुधार गर्न करार-पत्रमा लेखिएको छ, 'नीति, आचरण र संस्थागत सुधारका लागि भ्रष्टाचारविरोधी महाभियानमार्फत विश्वसनीय, सदाचारी राज्य निर्माण गर्दै सरकारी सेवाहरूको सर्वव्यापी डिजिटल डेलिभरी (लाइन होइन अनलाइन) सहित ट्रान्सपरेन्सी इःको भ्रष्टाचार सूचांकमा भारी सुधार। दलीयकरणको अन्त्य र २०४६ देखिकै सम्पत्ति छानबिन गर्न उच्चायोग गठन।'

दोस्रो प्राथमिकतामा मध्यम वर्गीय विस्तारको काम गर्ने भन्दै औसत प्रतिव्यक्ति आय ३ हजार डलर नघाउने र कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ। हालको अवस्था न्यून प्रतिव्यक्ति आय, गुणस्तरहीन र महँगो स्वास्थ्य सेवा, प्रतिफलविहीन शिक्षा, अपर्याप्त वित्तीय पहुँच र समावेशी' रहेको रास्वपाको भनाइ छ।

रास्वपाले आफ्नो लक्ष्य राखेको छ, 'औसत प्रतिव्यक्ति आय ३ हजार डलर नघाउन कुल गार्हस्थ उत्पादनको आकार १०० अर्ब डलर पुर्‍याउने। शतप्रतिशत बिमा गरिएको गुणस्तरीय स्वास्थ्य सेवा, सार्वजनिक शिक्षाको आमूल सुधार। जन्मदेखि मृत्युसम्म आवश्यकतामा आधारित एकीकृत सामाजिक सुरक्षाको ग्यारेन्टी। आधुनिक बैंकिङसहित वित्तीय सेवाहरूमा सबै नागरिकको पहुँचलगायत सख्त नियमनभित्रको सहकारी र लघुवित्त, मिटरब्याज शोषणको अन्त्य।'

तेस्रो प्राथमिकतामा काम, काम, काम भन्दै १२ लाख नयाँ रोजगारी सिर्जना गर्ने प्रतिबद्धतासमेत जनाएको छ। रास्वपाले आजको अवस्थाको चित्रण गरेको छ, 'अनौपचारिक, न्यून ज्याला र बेरोजगारी, दैनिक ३३ सयजना भन्दा धेरै युवा विदेश पलायन।'

र, यसमा आफ्नो लक्ष्य राखेको छ, 'बाध्यात्मक पलायन घटाउन औपचारिक, सम्मानित, सुरक्षित र समावेशी १२ लाख नयाँ रोजगारी सिर्जना। प्राथमिकताका क्षेत्र : आइटी, निर्माण, पर्यटन, कृषि, खनिज, उद्योग र सेवा व्यापार।'

यस्तै, चौथो कनेक्टिभिटीको प्राथमिकतामा १५ हजार मेगावाट विद्युत् जडित क्षमता र ३० हजार किलोमिटर राष्ट्रिय राजमार्ग निर्माण गर्ने भनिएको छ। रास्वपाले 'भर पर्न नसकिने, अपर्याप्त एवं असुरक्षित सडक, हवाई ऊर्जा र डिजिटल सञ्जाल' आजको अवस्था भनेको छ।

र, आफ्नो लक्ष्य तय गरेको छ, 'प्रतिस्पर्धी अर्थतन्त्रका लागि गुणस्तरीय सडक र हवाई सञ्जाल, भरोसायोग्य ऊर्जा ग्रिड र सबै बस्तीमा तीव्र गतिको सुलभ इन्टरनेट विस्तार, १५ हजार मेगावाट विद्युत् जडित क्षमता, ३० हजार किमि राष्ट्रिय राजमार्ग निर्माण। १० वटा राष्ट्रिय महत्त्वका सिग्नेचर आयोजना सम्पन्न।'

यस्तै, पाँचौँ लक्ष्यमा प्रवास छ, जसमा विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन मताधिकार दिलाउने प्रतिबद्धता छ। हालको अवस्था 'विश्वव्यापी नेपाली मानव पुँजीको खण्डित उपयोग, प्रवासी नेपालीको मताधिकार शून्य, गैरआवासीय नागरिकताको फितलो कार्यान्वयन' रहेको रास्वपाको भनाइ छ। यसका ठाउँमा रास्वपाले लक्ष्य लिएको छ, 'विदेशमा बस्ने नेपालीहरूलाई अनलाइन अधिकार, वंशजको नागरिकताको निरन्तरता, सार्वभौम डायस्पोरा फन्डको कार्यान्वयन, सुरक्षित लगानी सम्मानित देश फिर्तीको वातावरण, मर्यादित वैदेशिक रोजगारी।'

र, करार-पत्र कार्यान्वयनका लागि बहुमतको सर्त अघि सारिएको छ। जसमा लेखिएको छ, 'तपाईंहरूले हामीलाई एकल बहुमत दिलाएको अवस्थामा पनि करारबमोजिमका सर्तहरू डेलिभरीसहित ५ वर्षभित्र बुझाउन नसकी तपाईं नागरिकलाई मर्का पर्न गएमा संविधान, मौजुदा कानुन र सामाजिक करारअनुसार हाम्रो 'राजनीतिक नैतिकता र पद'बाट अर्कोपटकको निर्वाचनमा सजाय दिई असुल-उपर गरी लिनुहोला। यसमा हाम्रो पार्टीका सम्पूर्ण सदस्यहरूको मन्जुरी छ। काबुबाहिरको परिस्थितिबाहेक हामी पूरा गर्न नसकिने वाचा बाँड्दैनौं, बरु तपाईंहरूको राजनीतिक विश्वासको ऋणको करार गर्छौं।'

प्रलोपा, नेमकिपा र उज्यालो नेपालको घोषणापत्र

■ प्रगतिशील लोकतान्त्रिक पार्टी

प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणाली

काठमाडौं/ डा. बाबुराम भट्टराई र जनार्दन शर्मा नेता रहेको प्रगतिशील लोकतान्त्रिक पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको निर्वाचन हुनुपर्ने मुख्य राजनीतिक एजेन्डासहितको चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। आइतबार आयोजित कार्यक्रममार्फत प्रलोपाले घोषणापत्र सार्वजनिक गर्दै देशमा विद्यमान राजनीतिक अस्थिरता अन्त्यका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणाली हुनुपर्ने मुख्य एजेन्डा सारेको हो।

'सुदृढ लोकतन्त्र, समृद्ध समाज र स्वाधीन राष्ट्र' भन्ने मूल नारासहित अगाडि सारिएको घोषणापत्रमा मुलुकको शासकीय स्वरूपमा आमूल परिवर्तनको प्रस्ताव गरिएको छ। २०८२ भदौको 'जेन-जी' विद्रोहको जगमा आफ्नो दल बनेको दाबी गर्दै उसले पुराना राजनीतिक दलहरूको असफलता र नेतृत्वको भ्रष्टीकरणले देश संकटमा परेको निष्कर्ष निकालेको छ।

अहिलेको संसदीय व्यवस्थाले अस्थिरता बढाएको जिकिर गर्दै प्रलोपाले सांसदको भूमिकालाई विधायकी (कानुन निर्माण)को काममा मात्र सीमित राख्नुपर्ने र मन्त्रिमण्डल स्वतन्त्र विज्ञहरूबाट गठन गर्ने नयाँ व्यवस्था सुरु गर्ने प्रतिबद्धता पनि जनाएको छ।

त्यस्तै, मुलुकलाई आर्थिक समृद्धिको दिशामा डोर्‍याउन कार्यकारी प्रमुखमातहत रहने गरी शक्तिशाली 'राष्ट्रिय विकास प्राधिकरण' गठन गर्ने जनाएको छ। सो प्राधिकरणले सरकार बनेको पाँच वर्षभित्र आमगरिबीको अन्त्य गर्ने, १० वर्षभित्र मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने र २५ वर्षभित्र नेपाललाई विश्वकै उच्च आय भएको मुलुकको दाँजोमा पुर्‍याउने लक्ष्य राखिएको छ। त्यस्तै, पाँच वर्षभित्र कृषिमा पूर्ण आत्मनिर्भर बन्ने र १० वर्षभित्र विद्युत् आयातलाई शून्यमा झार्दै हरित ऊर्जा र हाइड्रोजन ऊर्जाको विकास गर्ने योजना पनि प्रतिबद्धतापत्रमा समेटिएको छ।

■ नेपाल मजदुर किसान पार्टी

ठुला भ्रष्टाचारीलाई ज्यान सजायका लागि प्रयास गर्ने

काठमाडौं/ नेपाल मजदुर किसान पार्टीले ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने गरी कानुनी व्यवस्था बनाउन निरन्तर संघर्ष गर्ने प्रतिबद्धतासहित चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। अध्यक्ष नारायणमान बिजुक्छेले आइतबार सार्वजनिक गरेको घोषणापत्रमा भ्रष्टाचारप्रति कठोर नीति लिइने उल्लेख छ।

घोषणापत्रमा भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने, ठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन निरन्तर संघर्षरत रहने प्रतिबद्धता जनाइएको छ। त्यस्तै, निर्वाचित जनप्रतिनिधिहरू आफ्नै क्षेत्रमा बसेर जनताको सेवा र देशको सन्तुलित विकास गर्न पाउने कानुन व्यवस्था गराउनेसमेत नेमकिपाको घोषणापत्रमा छ।

त्यस्तै, देशभक्तहरूको जीवन्त सदन बनाउन आवाज उठाउने, जन्मका आधारमा नेपाली नागरिकता पाएका विदेशी छोराछोरीलाई वंशजको आधारमा नागरिकता दिने कानुनी व्यवस्था खारेज गर्ने नेमकिपाको घोषणापत्रमा छ।

यस्तै, दुर्गम क्षेत्रहरूमा रोपवे, केबुलकार, सुरुङमार्ग, रेगमार्ग, अवलम्बन गर्नुपर्ने, सरकारी कर्मचारीहरूलाई तलब खुलाउन ऋण लिने र ऋणको साँवा-ब्याज तिर्न पनि ऋण लिने देशघाती कामको विरोध जारी राख्ने घोषणापत्रमा प्रतिबद्धता छ। अध्यक्ष बिजुक्छेले ऐन, कानुनका विषयमा छलफल गर्ने, देशलाई अघि बढाउने नीति लिनेलगायतका विषयमा पार्टीले ध्यान दिने बताए। प्रधानमन्त्री चयन सदनबाट हुनुपर्ने बताउँदै उनले प्रधानमन्त्री भइसकेका व्यक्ति र पार्टीले अहिलेसम्म देशका लागि गरेका कामबारे आगामी सदनमा स्पष्ट पार्नुपर्ने बताए।

■ उज्यालो नेपाल पार्टी

हरेक परिवारलाई विद्युत् आयोजनामा हजार कित्ता सेयर

काठमाडौं/ कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीले जलविद्युत् परियोजनाहरूमा हरेक परिवारलाई हजार कित्ता सेयर उपलब्ध गराउने र भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाउने प्रतिबद्धता जनाएको छ। आइतबार 'निर्वाचन प्रतिबद्धता-पत्र' सार्वजनिक गर्दै अध्यक्ष घिसिङले पार्टीको लक्ष्य सार्वजनिक गरेका हुन्।

'सम्पूर्ण घरपरिवारलाई प्राथमिक सेयर मूल्यमा कम्तीमा हजार कित्ता जलविद्युत् आयोजनाको सेयर उपलब्ध गराइनेछ। गरिब परिवारलाई प्राथमिक सेयर किन्न सहुलियत ऋण उपलब्ध गराइनुका साथै योजना निर्माणका क्रममा संलग्न श्रमिकको श्रमलाई सेयरमा रूपान्तरण गर्न सकिने व्यवस्था मिलाइनेछ,' प्रतिबद्धता-पत्रमा भनिएको छ। जलविद्युत् आयोजनाको राजस्वबाट २० प्रतिशत जलविद्युत् कोषमा राखी शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना गर्ने काममा खर्च गर्ने, सन् २०३० सम्म १२ हजार विद्युत् उत्पादन गर्ने पनि भनिएको छ।

त्यस्तै, भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाएर सम्पत्ति राष्ट्रियकरण गर्ने, भ्रष्टाचार ठहर भएपछि उजुरी दिनेलाई फैसलाको रकमको ५ प्रतिशत सूचनादातालाई दिने घिसिङले प्रतिबद्धता जनाएका छन्।

विश्वविद्यालय शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था मिलाउने महत्त्वाकांक्षी योजना अगाडि सार्दै स्मार्ट स्कुल अभियान चलाउने, डिजिटल आइडीबाट किसानको खातामा सिँचाइ, मल, बिउ र बिमाको अनुदान उपलब्ध गराउने, दलीय ट्रेड युनियनहरू खारेज गर्ने, एक दशक समृद्धिको अभियान चलाउने प्रतिबद्धता जनाइएको छ। हाइड्रो, कृषि, पर्यटन, पूर्वाधार, आइटीलगायतका क्षेत्रमा वार्षिक नौ लाखका दरले विभिन्न क्षेत्रमा ५ वर्षमा ४५ लाखलाई रोजगारी दिने प्रतिबद्धता जनाइएको छ।

'गफ होइन काम, भाषण होइन परिणाम' भन्ने मुख्य नाराका साथ अगाडि सारिएको घोषणापत्रले सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायलाई मुख्य प्राथमिकतामा राखेको छ। प्रशासनिक खर्च घटाउन प्रतिनिधिसभालाई २७५ सदस्यीयबाट घटाएर २०१ र प्रदेश सभा सदस्य संख्या ५५० बाट ३३० मा झार्ने प्रतिबद्धता जनाइएको छ।

त्यस्तै, संघीय मन्त्रालय १५ र प्रदेश मन्त्रालय ५ देखि ७ वटामा सीमित गर्ने र राज्यमन्त्री वा सहायकमन्त्री नराख्ने प्रतिबद्धतामा भनिएको छ। त्यस्तै, सन् २०३५ सम्ममा नेपालको अर्थतन्त्रलाई १११ अर्ब अमेरिकी डलर पुर्‍याउने र प्रतिव्यक्ति आय करिब ४ हजार डलर पुर्‍याएर मुलुकलाई मध्यम आय भएको राष्ट्रमा रूपान्तरण गर्ने प्रतिबद्धता जनाइएको छ। 'सन् २०३० सम्म १२ हजार मेगावाट र २०३५ सम्म २५ हजार मेगावाट विद्युत् उत्पादन गरी भारत, बंगलादेश र चीनतर्फ निर्यात गर्ने लक्ष्य राखिएको छ। विद्युत् निर्यातबाट वार्षिक ५ अर्ब डलर राजस्व प्राप्त गर्ने र 'कार्बन न्युट्रल नेपाल'को अवधारणालाई अघि बढाउने पार्टीको योजना छ,' प्रतिबद्धतामा भनिएको छ।

कांग्रेस र एमालेले ६ फागुनमा सार्वजनिक गर्ने

कांग्रेस र एमालेले ६ फागुनमा चुनावी घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेका छन्। कांग्रेसले जनकपुरमा आयोजित चुनावी सभाबाट घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको छ। एमालेले पनि सोही दिन घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको छ।कांग्रेस प्रवक्ता देवराज चालिसेले पार्टीले समग्र क्षेत्रको सम्बोधन गर्ने गरी प्रतिज्ञापत्र बनाउने क्रम अन्तिम चरणमा पुगेको बताए। एमालेका केन्द्रीय प्रचार संयोजक मीनबहादुर शाहीले मस्यौदा लेखनको काम सकिए पनि तत्कालका लागि अध्यक्ष केपी ओलीको समय नमिलेकाले ६ गते मात्र सार्वजनिक गर्ने तयारी रहेको बताए।

घोषणापत्रमै...

पृष्ठ १ बाट क्रमशः

ठुला आयोजनामा आसलाग्दो प्रगति देखिएका छैनन्। यस्ता कतिपय आयोजना घोषणापत्रमै सीमित छन् भने कतिपय निर्माण सुरु भए पनि दशकौँसम्म पूरा नभई रुग्ण भएका छन्। बरु त्यसपछिका हरेक निर्वाचनमा गरिबी अन्त्य गर्ने, जनताको जीवनस्तर बढाउने, रोजगारी व्यापक वृद्धि गर्ने तथा देशको अर्थतन्त्रलाई उच्चदरमा वृद्धि गर्ने भन्दै ठुला तथा आकर्षक परियोजना घोषणा गर्दै आएको छ। तर, कार्यान्वयन गर्न नसक्दा लक्ष्यअनुसार जीवनस्तर तथा अर्थतन्त्रमा सुधार हुन सकेको देखिँदैन।

खानी : फलामदेखि पेट्रोलियम खानीको सपना बाँडियो, तर सुरु भएन उत्खनन

'खानीको खोजी गरेर फलाम, कोइला, पेट्रोल, तामा र सुन खानी आदिको उत्खनन गराउने,' ०४८ को चुनावमै यस्तो घोषणा गरेको कांग्रेसले २६ वर्षपछि ०७४ मा आउँदा केही शब्द हेरफेर गरी उही घोषणा दोहोर्‍यायो। घोषणाले मूर्तरूप नपाए पनि ०७९ को चुनावमा फेरि घोषणा गर्‍यो, 'स्वदेशी सिमेन्ट उत्पादनको वृद्धिले इंगित गरेझैँ पानी, वन-जंगल र खनिजका सम्भावना नयाँ चरणबाट नै खोजिनेछ।'

एमालेले ०७० को निर्वाचनमा 'खानी विकाससम्बन्धी विशेष नीति अवलम्बन गर्ने' घोषणा गरेको थियो। ०७४ मा समय नै तोकेर भन्यो, 'आगामी पाँच वर्षभित्रमा मुलुकका विभिन्न भागमा फेला परेको खनिज र पेट्रोलियम पदार्थको अन्वेषण, उत्खनन, प्रशोधन र प्रयोग गरिनेछ।' ०७९ मा फेरि तीन वर्ष समय तोकेर घोषणा गर्‍यो, 'आगामी तीन वर्षभित्र नवलपुरको धौवादी फलाम खानीबाट कच्चा फलाम उत्खनन तथा प्रशोधन गरी स्वदेशमा नै उत्पादन सुरु गरिनेछ।'

तत्कालीन माओवादीले पनि ०६४ मै चुनावी एजेन्डा बनायो, 'जल, जमिन, जंगल, जैविक विविधता, जडीबुटी, जनशक्ति आदिको अधिकतम उपयोग गर्ने।' ०७४ हुँदै ०७९ को निर्वाचनसम्म आइपुग्दा माओवादीले आश्वासन अझै विस्तृत बनायो, 'मुलुकमा रहेको फलाम तथा बहुमूल्य रत्नहरूको उत्पादन र प्रशोधन तथा पेट्रोलियम पदार्थ र तामा खानीको अन्वेषण कार्यलाई तीव्रता दिइनेछ। अन्तर्राष्ट्रिय एजेन्सीहरूसँगको समन्वयमा मुस्ताङमा रहेको युरेनियमको व्यावसायिक प्रशोधन र उपयोगको कार्ययोजना तयार गरिनेछ।'

प्रगति दलहरूले वर्षौंदेखि सपना बाँडे पनि खानीको अन्वेषण र उत्खनन सुस्त छ। खानी विभागले दातृ निकायको सहयोगमा १९८० को दशकमा गरेको सर्भेले धनगढी, कर्णाली, लुम्बिनी, वीरगन्ज, मलंगवा, नेपालगन्ज, चितवन, जनकपुर, राजविराज र विराटनगर गरी १० ब्लकमा पेट्रोलियम पदार्थ रहेको देखाएको थियो। १९९० को दशकदेखि सरकारले पेट्रोलियम अन्वेषण प्रक्रिया अघि बढाए पनि पूरा हुन पाएन। हालसम्मको ठुलो उपलब्धि भनेको चीनको जियोलोजिकल सर्भे कम्पनीले हालै दैलेखमा ग्यास अन्वेषण सकेको छ, जहाँ ८० अर्ब ७० करोड घनमिटर ग्यास रहेको रिपोर्ट नेपाल सरकारलाई दिएको छ।

त्यस्तै, पहिले उद्योग नै सञ्चालन भएको दोलखाको लामिडाँडास्थित ओरिन्ड म्याग्नेसाइटको खानी ०५५ देखि बन्द छ। १८ करोड मेट्रिक टन म्याग्नेसाइट छ। रामेछापको ठोसेमा करिब एक करोड मेट्रिक टन फलामको धाउ रहेको पत्ता लागेको छ। धाउमा २२ देखि ६५ प्रतिशतसम्म फलाम रहेको विज्ञहरूको अनुमान छ। रसुवा र धादिङको उत्तरी भेगमा रहेको जस्ता तथा सिसा खानी उत्खनन गर्न पूर्वाधारसमेत तयार पारिएको छ। झन्डै पाँच दशकअघि नै अन्वेषण सकिएको उक्त खानीको हालसम्म पनि उत्खनन हुन सकेको छैन। नवलपरासीमा देखिएको फलाम खानी उत्खनन गर्न कम्पनी नै खडा गरिएको छ, तर उत्खननको काम सुरु भएको छैन।

दुई दशकभित्र देशैभर सिँचाइ पुर्‍याउने योजना २५ वर्ष पुग्दा पनि अधुरै, ठुला सिँचाइमा सुस्त प्रगति

'२० वर्षभित्र अधिराज्यभरका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने तथा भेरी-बबई डाइभर्सन र सुनकोशी-मरिन डाइभर्सन निर्माण गर्ने', यो घोषणा कांग्रेसले ०५६ को चुनावमै गरेको थियो। ०६४, ०७४ र ०७९ को चुनावमा पनि यही घोषणा दोहोर्‍यायो, बरु सिँचाइका अरू आयोजनाको पनि आश्वासन बाँड्यो। २६ वर्षसम्म आश्वासनले सार्थकता पाएको छैन।

एमालेले ०७४ मा भेरी-बबई, सुनकोशी-मरिनसहित अन्य ठुला डाइभर्सन आयोजनाहरू घोषणा गरेर 'पाँच वर्षमा सम्पूर्ण सिँचाइयोग्य कृषिभूमिमा आधुनिक सिँचाइ प्रणाली लागू गर्ने' वाचा गर्‍यो। तर, पाँच वर्षपछि ०७९ मा भएको अर्को चुनावमा पनि उही घोषणा दोहोर्‍यायो, 'सबै कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुर्‍याइनेछ।'

माओवादीले पनि आफ्नो पहिलो चुनाव ०६४ मै महत्त्वाकांक्षी घोषणा गरेको थियो, 'कोशी, गण्डकी र कर्णालीमा महाभारत शृंखलामा बाँध बाँधेर वा सुरुङ खनेर सम्पूर्ण तराईलाई सिँचाइ नहर सञ्जालले जोड्ने योजना प्राथमिकताका साथ कार्यान्वयन गर्ने।' ०७४ मा अन्य दलको जस्तै घोषणा बाँडेको माओवादीले ०७९ मा 'निर्माणाधीन सिँचाइ आयोजना छिटो सम्पन्न गर्नेदेखि साना किसानलाई वाटरपम्प तथा ट्युवेल निःशुल्क बाँड्ने'सम्मका घोषणा गर्‍यो।

प्रगति तर, ०६८/६९ मा आएर मात्रै सुरु भएको भेरी-बबई डाइभर्सनको प्रगति ६९ प्रतिशत मात्रै छ। लागत अनुमान १६ अर्ब ४३ करोडबाट बढेर ३३ अर्ब १९ करोड पुगेको छ। म्याद थपेर ०८७/८८ सम्म पुर्‍याइएको छ। त्यस्तै, ०७३/७४ मा आएर मात्रै सुरु भएको सुनकोशी-मरिन डाइभर्सनको भौतिक प्रगति ३३.८३ प्रतिशत मात्रै छ। लागत अनुमान ४६ अर्ब ४३ करोडबाट बढेर ६१ अर्ब ६५ करोड पुगेको छ। संशोधित म्याद ०८८/८९ सम्म पुर्‍याइएको छ। यीलगायत सिँचाइका ६ वटै राष्ट्रिय गौरवको आयोजनाका प्रगति सुस्त छ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल : आश्वासन बाँड्न थालेको दुई दशक भयो, निर्माण सुरु नै भएन

'तराईको निजगढमा आधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिनेछ,' यो ०६४ को चुनावमा कांग्रेसले गरेको वाचा थियो। ०७० को चुनावमा अवधि नै तोकेर घोषणा गर्‍यो, 'आगामी पाँच वर्षभित्रमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिनेछ।' त्यसपछिका चुनावमा कांग्रेसले यो आश्वासन दिन छाडेको छ।

एमालेले भने ०७० यता तीनवटै चुनावमा निजगढ विमानस्थल बनाउने घोषणा गर्न छाडेको छैन। ०७० मा निर्माण अघि बढाउने भनेको उसले ०७४ मा 'पाँच वर्षभित्र निर्माण गर्ने' घोषणा गर्‍यो। उही एमालेले ०७९ को चुनावमा भने समय नतोकी भन्यो, 'निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिनेछ।'

माओवादीले पनि ०७४ को चुनावमा पाँच वर्षभित्र विमानस्थल बनाउने घोषणा गरेकोमा ०७९ मा घोषणापत्रमा लेख्यो, 'अदालतको निर्देशनलाई सम्मान गर्दै वातावरणको रक्षा प्रतिकूल असर नपर्ने गरी निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्य अघि बढाइनेछ।'

प्रगति चुनावी नारा ०६४ देखिको भए पनि ०७१/७२ मा मात्रै प्रक्रिया सुरु भएको विमानस्थलको काम नै भएको छैन। आयोजनाको पूर्वतयारीका लागि २३ करोड ८० लाख खर्च भइसकेको छ।

फास्ट ट्र्याकको सुस्त गति : दुई दशकअघि भएको थियो पाँच वर्षमा निर्माण गर्ने घोषणा

१८ वर्षअघि ०६४ को चुनावमा कांग्रेसको घोषणापत्रमा थियो, 'काठमाडौंबाट तराई जोड्ने फास्ट ट्र्याक राजमार्ग पाँच वर्षभित्र निर्माण गरिनेछ।' त्यो पाँच वर्ष ०६९ मै सकियो। तर, त्यसयता ०७०, ०७४ र ०७९ कै चुनावमा कांग्रेसले 'पाँच वर्षभित्र निर्माण सक्ने' घोषणा गर्न छाडेको छैन।

एमालेले पनि यो घोषणा ०६४ देखि नै गरेको हो। ०६४ मा फास्ट ट्र्याकको सम्भावनाको पूर्ण उपयोग गर्ने घोषणा गरेको एमालेले ०७० मा 'फास्ट ट्र्याक सुरुवात गर्ने' र ०७४ मा 'चार वर्षभित्र निर्माण सक्ने' वाचा गर्‍यो। तर, ०७९ मा आएर समय लम्ब्यायो, 'पाँच वर्षभित्र सकिनेछ।'

०७४ मा एमाले र माओवादीको संयुक्त घोषणापत्र थियो। माओवादीले ०७९ मा समय नतोकी घोषणा गर्‍यो, 'काठमाडौं–तराई–मधेश द्रुतमार्गको निर्माण कार्यलाई तीव्रता प्रदान गरिनेछ।'

प्रगति ०६४ देखिकै चुनावी एजेन्डा भए पनि ०७३/७४ मा मात्रै निर्माण सुरु भएको फास्ट ट्र्याकको पुस मसान्तसम्मको प्रगति ४२.१३ प्रतिशत मात्रै छ। लागत एक खर्ब १० अर्बबाट बढेर दुई खर्ब ९३ अर्ब पुगिसकेको छ। आयोजनाको म्याद थपेर ०८३/८४ पुर्‍याइएकोमा अझै बढाउने तयारी छ।

मध्यपहाडी र हुलाकी राजमार्ग : विकास र रणनीतिक महत्त्वका दुई सडक निर्माण सुस्त

कांग्रेसले ०५६ मै चुनावी नारा बनाएको थियो, 'हुलाकी राजमार्गको स्तरवृद्धि गरी वर्षभरि उपयोग गर्न सकिने बनाउने।' उसले ०६४ मा हुलाकीसँगै मध्यपहाडी राजमार्गसमेतलाई बाह्रै महिना चल्ने बनाउने भनेर पाँचवर्षे अवधि नै तोक्यो। तर, त्यो पाँच वर्ष घर्किएपछि ०७० मा भएको चुनावमा मात्रै होइन, ०७४ को चुनावमा पनि कांग्रेसले म्याद थप्दै घोषणा गर्‍यो, 'आगामी पाँच वर्षभित्र हुलाकी र मध्यपहाडी राजमार्ग सम्पन्न गरिनेछ।' ०७९ को चुनावमा भने ती राजमार्गलाई जोड्ने मुख्य सहरी क्षेत्रमा ६ लेन स्तरोन्नति गर्ने वाचा गर्‍यो।

एमालेले यही घोषणा गर्न थालेको ०६४ को चुनावदेखि हो। हरेक चुनावमा निरन्तर यो घोषणा समेटेको एमालेले ०७४ र ०७९ मा 'पाँच वर्षभित्र सम्पन्न गर्ने' भनेर समय नै तोक्यो।

तत्कालीन माओवादीले पनि आफ्नो पहिलो चुनाव ०६४ देखि नै यो आश्वासन बाँड्न थालेको हो। दुवै राजमार्गलाई चार लेनमा स्तरोन्नति गर्ने घोषणा ०७४ मा गरेको थियो। ०७९ यीलगायत राजमार्गलाई समेटेर घोषणा गरेको थियो, 'पूर्व-पश्चिम तथा उत्तर-दक्षिण राजमार्ग, लोकमार्ग तथा द्रुतमार्गहरूको निर्माण तथा स्तरोन्नतिलाई तीव्र गतिमा अघि बढाइनेछ।'

प्रगति ०६४/६५ मा सुरु भएको मध्यपहाडी लोकमार्ग ८१.७३ प्रतिशत सकिएको छ भने ०६६/७ मा थालिएको हुलाकी सडक ७३.३५ प्रतिशत सकिएको छ। मध्यपहाडीको लागत ३३ अर्ब ३६ करोडबाट बढेर ८४ अर्ब ३३ करोड पुगेको छ भने हुलाकीको ४७ अर्ब २४ करोडबाट बढेर एक खर्ब एक अर्ब ६३ करोड पुगेको छ।

मोनोरेल/मेट्रोरेल : शून्य प्रगति

०७९ को चुनावमा एमाले र माओवादीले मोनोरेल/मेट्रोरेलको आश्वासन बाँडेका थिए। तर, यो दलहरूले ल्याएको नयाँ एजेन्डा भने होइन।

'काठमाडौं उपत्यकासहित सबै महानगरमा मेट्रोरेल, सहरी केबलकार/पडवेजस्ता आधुनिक परिवहन सेवा सञ्चालनका लागि आवश्यक अध्ययन गरिने,' एमालेको घोषणापत्रमा थियो। त्यस्तै, माओवादीले 'काठमाडौंको बागमती, विष्णुमती, धोबीखोला र मनोहरा करिडोरमा मोनोरेल निर्माण अघि बढाउने' घोषणा गरेको थियो। यसबाहेक चक्रपथवरिपरि र बुढानीलकण्ठ-सानेपा तथा थानकोट-साँगा खण्डमा मेट्रोरेल परियोजना अघि बढाइने माओवादीको घोषणापत्रमा उल्लेख थियो। काठमाडौंबाहिर पोखरा, विराटनगर, बुटवल, जनकपुर, नेपालगन्जलगायत मुख्य सहरहरूमा मेट्रो र मनोरेल, ट्रलीलगायत आधुनिक सार्वजनिक यातायात सञ्चालन गर्ने काम योजनाबद्ध थाल्ने पनि माओवादीको चुनावी घोषणा थियो।

प्रगति यी ०७९ को चुनावमा घोरणापत्रमा राखेकै कारण चर्चामा आएका विकासका एजेन्डा भने होइनन्। काठमाडौंमा मेट्रोरेल/मोनोरेल कुदाउने घोषणा भएको दशक नाघिसक्यो। तर, निर्माणको ठोस प्रक्रिया भने अझै सुरु भएको छैन। विभिन्न संस्थाले सम्भाव्यता अध्ययन गरेका छन्। लगानी बोर्डले समेत लगानी सम्मेलनमा मेट्रोरेल सोकेसमा राखेको थियो। बेलायती, चिनियाँ, जर्मनीलगायत देशका कम्पनीले मेट्रो निर्माण तथा सञ्चालनको इच्छा देखएका छन्। यद्यपि, हालसम्म कुनै कम्पनीसँग सम्झौता भएको छैन। डिपिआरसमेत बनेको छैन।

काठमाडौंमा बाहिरी चक्रपथ : घोषणा मात्रै भयो, काम अघि बढेन

०५६ को निर्वाचनमा कांग्रेसले 'काठमाडौं उपत्यकामा आउटर रिङरोड बनाउने' घोषणा गरेको थियो। उसले ०६४ मा पनि यो एजेन्डालाई प्रमुखताका साथ घोषणापत्रमा राख्यो। ०६४ मै एमालेले पनि घोषणापत्रमा लेखेको थियो, 'काठमाडौं उपत्यकामा बाहिरी चक्रपथ निर्माण गरिनेछ।' माओवादीले पनि यसलाई ०७९ को घोषणापत्रमा समेट्यो। 'काठमाडौं उपत्यका र अन्य सहरका चक्रपथको स्तरोन्नति र बाहिरी चक्रपथको निर्माण कार्य सँगसँगै अघि बढाइनेछ,' माओवादीको घोषणा थियो।

प्रगति पहिलोपटक कांग्रेसले घोषणापत्रमा समटेको दुई वर्षपछि काठमाडौं उपत्यकाका तीन जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित सहर विकास गर्न र जनजीवनलाई सहजीकरण गर्न ०५८ मै ७२ किलोमिटर लामो बाहिरी चक्रपथ निर्माणको अवधारणा ल्याइएको थियो। तर, २४ वर्ष बितिसक्दासमेत सम्भाव्यता अध्ययनबाहेक अन्य काम भएको छैन। ०६०/६१ मा ५६ अर्बको लागत अनुमान स्वीकृत भएकोमा हाल यसको लागत अनुमान तीन खर्बभन्दा बढी पुगिसकेको छ। आयोजनामा बर्सेनि दुई स्थायी तथा १० करारसमेत १२ कर्मचारीका लागि तलब-भत्ता, सेवा-सुविधा तथा प्रशासनिक खर्च हुने गरेको भए पनि भौतिक पूर्वाधारको कार्य भएको छैन।

स्याटेलाइट सिटी/स्मार्ट सहर

स्याटेलाइट सिटीको योजना तत्कालीन माओवादीले ०६४ को चुनावमा घोषणा गरेको थियो। 'काठमाडौंबाहिर स्याटेलाइट सहरहरूको विकास गर्ने...' माओवादीको घोषणापत्रमा थियो। त्यसपछि माओवादीले ०७४ को चुनावमा एमालेसँग मिलेर ल्याएको संयुक्त घोषणापत्र होस् या ०७९ को होस्, विभिन्न सहर तोकेर स्मार्ट सहर निर्माण गर्ने घोषणा गरिएको थियो।

एमालेले ०७० को चुनावमा 'जिरी, जोमसोम, जुम्लाजस्ता बस्तीलाई समर सिटीको रूपमा विकास गर्ने' घोषणा गर्‍यो। ०७९ मा '२७ नयाँ सहर र १८ स्मार्ट सिटी'को एजेन्डा सार्‍यो।

कांग्रेसले भने ०७० को चुनावमा 'काठमाडौं, पोखरा, वीरगन्जजस्ता ठुला सहरहरूलाई स्याटेलाइट सिटीका रूपमा विकास गर्ने' घोषणा गर्‍यो। ०७४ मा 'स्याटेलाइन सिटी'सँगै थप केही 'स्याटेलाइट सहर'मा विकास गर्ने घोषणा गर्‍यो।

प्रगति दलहरूले पटक-पटक घोषणापत्रमा उल्लेख गरेको भए पनि हालसम्म स्मार्ट/स्याटेलाइट सिटी निर्माण गरिएको छैन। सरकारले २५ वैशाख ०७५ मा स्मार्ट सिटीको अवधारणा स्वीकृत गरेको थियो। काठमाडौं, ललितपुर र भक्तपुरमा १०-१० हजार रोपनी क्षेत्रफलमा चार स्मार्ट सिटीको आयोजना अघि बढाउने लक्ष्य छ। स्मार्ट सिटीको विस्तृत आयोजना प्रतिवेदन तयारीमा १६ करोड २६ लाख खर्च गरिएको छ, तर काम सुरु भएको छैन।

■ केही काम भएका पनि छन्

काम नै नभएका भने होइनन्। ढिलासुस्तीमै भए पनि चार राष्ट्रिय गौरवका आयोजना सम्पन्न भइसकेका छन् भने आठ आयोजना सम्पन्न हुने चरणमा छन्।

स्वदेशी लगानीमै तामाकोशी जलविद्युत् आयोजना निर्माण भएर बिजुली बलेको साढे चार वर्ष भइसकेको छ। मेलम्चीको पानी काठमाडौंका जनताले पिउन थालेको पाँच वर्ष भयो। पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेका छन्। त्रिभुवन विमानस्थलको विस्तार तथा स्तरोन्नति जारी छ, देशभरका विमानस्थलको स्तरोन्नति भइरहेको छ।

त्यस्तै, सबै जिल्लामा सडक र टेलिफोन (मोबाइल) पुर्‍याउने काम सकिएको छ। विद्युत्‌को पहुँच ९७ प्रतिशत जनतामा पुगेको छ। पूर्व-पश्चिम राजमार्ग, मुग्लिन-पोखरा, नागढुंगा-मुग्लिन, काठमाडौं-धुलिखेलगायत सडक ६ लेनसम्म बढाउने गरी स्तरोन्नति भइरहेको छ। बुटवल-भैरहवा, जनकपुर-ढल्केबर, विराटनगर-इटहरी, नेपालगन्ज-कोहलपुर र वीरगन्ज-पथलैया सडक ६ लेनसम्ममा विस्तार भइसकेका छन्।

असारसम्म देशभर राष्ट्रियस्तरका सडकको लम्बाइ ३४ हजार ७०७ किलोमिटर पुगेको छ। त्यसमा कालोपत्रे सडकको लम्बाइ २० हजार ४३ किलोमिटर पुगेको छ।

राष्ट्रियस्तरका राजमार्गमा तीन हजार ५३७ मोटरेबल पुल बनेका छन्। चालू आवमा भने १६२ पुल बनाउने लक्ष्य लिइएको छ। त्यो पूरा भएमा देशभर यस्ता पुलको संख्या तीन हजार ६९९ पुग्नेछ।

सिस्नेखोला-नागढुंगा सुरुङमार्ग निर्माण सम्पन्न भई सञ्चालनको तयारीमा पुगेको छ। लोडसेडिङको अवस्थालाई अन्त्य गर्दै विद्युत् निर्यात गर्न सक्ने अवस्थामा देश पुगिसकेको छ।

तर, देशको कायापलट गर्ने आयोजनाहरू अघि नबढ्दा तथा अघि बढाइएका आयोजना सुस्त हुँदा जनतामा निराशा भने बढेको देखिन्छ।

निर्वाचन...

पृष्ठ १ बाट क्रमशः

सोही विद्यालयका प्रधानाध्यापक द्रोण श्रेष्ठ हुन्। उनी एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठन झापाका पूर्वअध्यक्ष हुन्। कार्यक्रमको आयोजक पनि नेपाल राष्ट्रिय शिक्षक संगठन हो। कार्यक्रम भएको हिमालय माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष रोमनाथ ओली पनि एमाले केन्द्रीय सदस्य हुन्। निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ (ग) मा 'कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने' उल्लेख छ। तर, ओली विद्यालयपरिसरमै भएको कार्यक्रममा सहभागी भएका छन्।

जबकि, निर्वाचन आचारसंहिता, २०८२ को दफा १० (ग) मा 'विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने' उल्लेख छ। त्यस्तै, सोही दफाको (छ) मा 'शिक्षकले राजनीतिक प्रकृतिका कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रसारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नपाइने' व्यवस्था छ।

हिमालय विद्यालयमा गरिएको कार्यक्रममा भने एमालेनिकट शिक्षकहरूको बाक्लो उपस्थिति थियो। एमालेनिकट झापाका शिक्षकसँगै संगठनका केन्द्रीय अध्यक्ष हंशबहादुर शाही, महासचिव प्रकाश खनाल, पूर्वअध्यक्ष लक्ष्मण शर्मा, झापा अध्यक्ष लम्बोदर पौडेल, हिमालय माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा संगठन झापाका पूर्वअध्यक्ष द्रोण श्रेष्ठ, एमाले नेता देवेन्द्र दाहाल, केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य होमबहादुर थापासहित एमाले नेता, कार्यकर्ताको उपस्थिति थियो।

विद्यालयमा यसरी भेला वा अन्तर्क्रिया गर्न नपाइने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। 'सामुदायिक विद्यालयमा राजनीतिक कार्यक्रम गर्न पाइँदैन। यदि कसैले गरेको छ भने जिल्ला निर्वाचन अनुगमन अधिकृतसमक्ष प्रमाणसहित उजुरी दिएमा कारबाही हुन्छ,' उनले भने, 'सरकारी मान्छे (शिक्षक) ले पनि राजनीतिक भेलामा जाँदा विवेक पुर्‍याउनुपर्छ।'

एमालेनिकट शिक्षक संगठन झापाका अध्यक्ष लम्बोदर पौडेलले राजनीतिक कार्यक्रम नभई शैक्षिक बहस गरिएको दाबी गरे। 'हामीले विशुद्ध शैक्षिक बहस गरेका हौं। त्यहाँ १५ वटै पालिकाका प्रतिनिधि थिए। कार्यक्रममा राजनीतिक कुरा गर्नु त वक्ताको विषय भयो,' उनले भने, 'हामीले हाम्रा समस्याबारे पूर्वप्रधानमन्त्रीसँग अन्तर्क्रिया गरेको हो। हाम्रो संगठन वर्गीय संगठन होइन। एमालेनिकट भनेर बाहिर भन्नु अर्कै कुरा हो।'

अन्तरक्रियामा ओलीले जेनजी आन्दोलनमा राज्यतर्फबाट बल प्रयोग र त्यसपछि लाग्दै आएका आरोपको सफाइ दिएका छन्। शिक्षकहरूलाई एमालेको प्रशिक्षण दिएका ओलीले जेनजी आन्दोलनमा आफू दोषी नभएको बताए। 'नेपालमा अहिले एमालेप्रति वैरभाव गराउने तथा केपी ओली प्रति वैरभाव गराउने काम भएको छ। अपराधिकहरूले मान्छे मर्ने परिस्थिति सृजना गरे। र, त्यसलाई बहाना बनाएर देशभर आगलागी गराए। अनि केपी ओलीले मान्छे मार्‍यो भने, एकै दिनमा यति मान्छे मार्‍यो भने' कार्यक्रममा ओलीको भनाई थियो, 'जबकि मैले हिंसाको कहिल्यै वकालत गरिनँ। पार्टीलाई शान्तिपूर्ण आन्दोलनबाट यस ठाउँमा ल्याउन मैले नेतृत्वदायी भूमिका खेलो। आगलागी काण्डपछि एमाले जुरुक्क उठ्दैन थियो भने जनता अहिलेसम्म पनि त्रासको अवस्थामा हुन्थे।'

ओलीले यस्तै भ्रम चिर्नका लागि नेपाल राष्ट्रिय शिक्षक संगठन स्थापना भएको बताए। साथै ओलीले ओलीले 'आफ्नै साथीसँग झुटो नबोल्ने' भन्दै शिक्षकले गरेको आन्दोलनको आलोचना गरे। नेपाल राष्ट्रिय शिक्षक संगठन त्यतिबेला अभिभावक (पार्टी सँग सल्लाह नगरी आन्दोलनमा गएको भन्दै ओलीले असन्तुष्ट व्यक्त गरे।

एमालेको गढ रुपन्देहीमा कांग्रेस र रास्वपाको चुनौती

निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न दल र उम्मेदवारहरू मतदाता आकर्षित गर्न घरदैलोमा

रुपन्देहीमा **विष्णु घिमिरे**

पाँचवटा निर्वाचन क्षेत्र रहेको रुपन्देहीको चुनावी सरगर्मी निकै बढेको छ। निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न दल र उम्मेदवारहरू मतदाता आकर्षित गर्न तल्लीन छन्। गत निर्वाचनमा तीनवटा निर्वाचन क्षेत्रमा जित निकालेको एमाले आफ्नो गढ सुरक्षित गर्दै थप जित निकाल्ने रणनीतिमा छ। ०७९ मा एउटा मात्रै क्षेत्रमा सीमित रहेको कांग्रेस यसपटक थप जित निकाल्ने अभियानका साथ चुनावी मैदानमा छ। झन्डै दुई दर्जन दल तथा समूह मिलेर बनेका नेपाली कम्युनिस्ट पार्टी पनि परिणाम आफ्नो पक्षमा पार्न कस्सिएको छ। रुपन्देहीमा संगठन बलियो रहेको दाबी गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीले सबै क्षेत्रमा चुनौती दिएको छ। रुपन्देहीका पाँच क्षेत्रमा विभिन्न दल तथा स्वतन्त्र गरी १५५ जना उम्मेदवार चुनावी मैदानमा छन्।

रुपन्देही १ मा हुँदै छ त्रिपक्षीय प्रतिस्पर्धा

रुपन्देही १ मा ०७९ को निर्वाचनमा एमालेका छविलाल विश्वकर्मा विजयी भएका थिए। तर, यसपटक उनी चुनावी दौडमा छैनन्। एमालेले नेता दधिराम न्यौपानेलाई अगाडि बढाएको छ। न्यौपानेले एमालेको जित कायम राख्न प्रचारलाई तीव्रता दिएका छन्। एमालेलाई यसपटक कांग्रेस र रास्वपाले कडा टक्कर दिएका छन्। यहाँ नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार पनि सशक्त मानिन्छन्। कांग्रेसबाट हिराबहादुर खत्री, रास्वपाका महामन्त्री सुनील लम्साल, नेपाली कम्युनिस्ट पार्टीबाट घनश्याम यादव चुनावी मैदानमा छन्। राप्रपाबाट प्रज्ज्वल बोहरा, नाउपाबाट उमाशंकरप्रसाद चौधरी, उज्यालो नेपाल पार्टीबाट छविलाल गुरुङ पनि चुनावी मैदानमा छन्। यो क्षेत्रमा २० दल र ११ स्वतन्त्र गरी ३१ उम्मेदवार चुनावी मैदानमा छन्।

०७९ को समानुपातिक मतमा कांग्रेस पहिलो र रास्वपा दोस्रो रहेको यस क्षेत्रमा यसपटक एमालेबाट खोस्न कांग्रेस र रास्वपा जोडतोडले लागेका छन्। समानुपातिक मत राम्रो पाएको भन्दै रास्वपाले महामन्त्री लम्साललाई नै उतारेपछि चुनावी माहोल रोचक बनेको छ। लम्साल बालेन शाहको टिमबाट रास्वपामा जोडिएर महामन्त्री बनेका हुन्।

रुपन्देही २ मा एमालेका विष्णु पौडेललाई रास्वपा र कांग्रेसको टक्कर

एमाले उपाध्यक्ष विष्णु पौडेलको क्षेत्र रुपन्देही २ मा चुनावी माहोल तातेको छ। राष्ट्रिय चर्चामा रहने रुपन्देही २ को निर्वाचनबाट लगातारको पाँचौं जित निकाल्न पौडेल कस्सिएका छन्। तर, उनलाई ब्रेक लगाउने प्रयासका साथ कांग्रेसका चुन्नप्रसाद पौडेल, राष्ट्रिय स्वतन्त्र पार्टीका सुलभ खरेल, नेपाली कम्युनिस्ट पार्टीले युवा नेता सुभाष पाण्डे (विश्वदीप), नेपाल जनसेवा पार्टीबाट कमल भुसाल (डा. निकोलस भुसाल) चुनावी मैदानमा छन्।



०७९ मा दलले पाएको समानुपातिक मत

रुपन्देही १
कांग्रेस : १९, १२५
रास्वपा : १५,८००
एमाले : १५,७२४
राप्रपा : ११,२४३
नाउपा : १०,००१

रुपन्देही २
रास्वपा : २५,६७३
एमाले : २१,१८३
कांग्रेस : १३,४५०
राप्रपा : ५,६००
राष्ट्रिय जनमुक्ति पार्टी : ४१९७

रुपन्देही ३
कांग्रेस : २०,२७९
एमाले : १६,९८६
रास्वपा : १४,१५४
राप्रपा : ९,१८३
नाउपा : ६,०१०

रुपन्देही ४
लोसपा : २२,०३७
कांग्रेस : १८,८३२
जनमत पार्टी : १६,४५८
एमाले : २,८२३
नेपाल जनता पार्टी : २,६९४

रुपन्देही ५
एमालेले : २१,६३३
कांग्रेस : १९,८४८
जनमत पार्टी : १३, ३३४
रास्वपा : ८,८८५
नेकपा : ५,२०३ (तत्कालीन माओवादी र एकीकृत समाजवादी)

रुपन्देही १
महिला : ७२,९६८
पुरुष : ७३,८५४
अन्य : २
कुल मतदाता : १,४६,८२४
उम्मेदवार : ३१
मतदानस्थल : ४५
मतदान केन्द्र : १५९

रुपन्देही २
महिला : ७०,७९३
पुरुष : ६४,२५४
अन्य : ३
कुल मतदाता : १,३५,०५०
उम्मेदवार : ३९
मतदानस्थल : २४
मतदान केन्द्र : १३८

रुपन्देही ३
महिला : ६८,७७५
पुरुष : ७१,२५८
अन्य : २
कुल मतदाता : १,४०,०३५
उम्मेदवार : ३६
मतदानस्थल : ४६
मतदान केन्द्र : १५७

रुपन्देही ४
महिला : ५०,११०
पुरुष : ६६,०६२
कुल मतदाता : १,१६,१७२
उम्मेदवार : २२
मतदानस्थल : ४८
मतदान केन्द्र : १३३

रुपन्देही ५
महिला : ६३,६६५
पुरुष : ७०,७७५
अन्य : २
कुल मतदाता : १,३४,४४२
उम्मेदवार : २७
मतदानस्थल : ४६
मतदान केन्द्र : १४५

यस क्षेत्रमा १९ दलका १९ र स्वतन्त्र २० गरी ३९ जना उम्मेदवार बनेका छन्। ०७९ को निर्वाचनमा एमालेका पौडेलले लगातार चौथो जित निकाल्दा २७ हजार १६५ मत प्राप्त गरेका थिए। तर, यहाँ समानुपातिक मतमा एमालेलाई रास्वपाले पछि पारेको थियो।

रुपन्देही ३ मा राप्रपालाई गढ जोगाउन चुनौती

०७९ मा राप्रपा नेता स्वर्गीय दीपक बोहराले रुपन्देही ३ मा चुनाव जितेका थिए। यो क्षेत्रमा राप्रपाका गौरव बोहारासहित ३६ उम्मेदवार चुनावी मैदानमा छन्। रास्वपाले डा. लेखजंग थापा, कांग्रेसले सुशील गुरुङ, एमालेले वासुदेव घिमिरे, नेपाली कम्युनिस्ट पार्टीले फैज अहमद खाँलाई मैदानमा उतारेको छ। यहाँ १९ दल र १७ स्वतन्त्र गरी ३६ जना उम्मेदवार चुनावी मैदानमा छन्। यस क्षेत्रबाट गत निर्वाचनमा राप्रपाका बोहराले ३६ हजार ७१७ मतका साथ जित निकालेका थिए। कांग्रेस नेता बालकृष्ण खाण ३४ हजार ३६ मतमा खुम्चिनुपरेको थियो। ०७९ मा समानुपातिक मतमा भने कांग्रेस अगाडि थियो।

रुपन्देही ४ मा पुराना उम्मेदवारबिच भिडन्त

रुपन्देही ४ मा उम्मेदवार बन्न दल फेर्दै उम्मेदवार बन्नेबिच भिडन्त देखिएको छ। एमालेबाट उम्मेदवार बनेका प्रमोदकुमार यादव ०७९ को निर्वाचनमा कांग्रेसबाट उम्मेदवार थिए। त्यसभन्दा अगाडिको चुनाव जितेका यादव ०७९ मा लोसपाका सर्वेन्द्रनाथ शुक्लसँग पराजित भएका थिए। यसपटक यी दुवै चुनावी मैदानमा छन्। तर, उनीहरू अहिले पार्टी फेरेर उम्मेदवार बनेका छन्। यादव एमालेबाट र शुक्ल जसपाबाट चुनावी मैदानमा छन्। रास्वपाबाट चुनावी मैदानमा उत्रिएका कन्हैया बनिया पनि दल फेरेर मैदानमा उत्रिएका छन्। तत्कालीन लोसपाबाट लुम्बिनी प्रदेश सभा सदस्यमा निर्वाचित बनिया प्रदेश सभा सदस्यबाट राजीनामा दिई दल परिवर्तन गरेर चुनावी मैदानमा उत्रिएका हुन्। कांग्रेसबाट आशुतोष मिश्र, नेपाली कम्युनिस्ट पार्टीबाट बाबुलाल यादव चुनावी मैदानमा छन्। यहाँ २२ जना उम्मेदवार छन्। ०७९ को निर्वाचनमा लोसपाबाट शुक्लले २८ हजार मतका साथ जित निकालेका थिए। समानुपातिक मतमा लोसपा पहिलो थियो।

रुपन्देही ५ मा खिमलाललेे जोगाउलान् एमालेको बिरासत ?

रुपन्देही ५ मा ०७९ को निर्वाचनमा एमालेका वासुदेव घिमिरे ३६ हजार ८२२ मतका साथ विजयी भएका थिए। यसपटक उनी ३ नम्बरमा उम्मेदवार बनेका छन्। क्षेत्र नम्बर ५ मा एमाले नेता खिमलाल भट्टराई चुनावी मैदानमा छन्। यसपटक उनलाई एमालेको जित कायम राख्दै बिरासत जोगाउने चुनौती छ। विद्यार्थी राजनीतिमा खारिएर पार्टी राजनीतिमा होमिएका खिमलाल गत निर्वाचनमा चुनावी मैदानमा उत्रिन कार्यकाल बाँकी छँदै राष्ट्रिय सभाबाट राजीनामा दिएका थिए। तर, उम्मेदवारी कायम नभएपछि चुनावी मैदानमा उत्रिन वञ्चित भएका थिए। यस क्षेत्रबाट कांग्रेसका भरतकुमार शाह मैदानमा छन्। ०७९ को निर्वाचनमा एमालेका घिमिरेले जित हात पार्दा शाह उपविजेता थिए। त्यसअघिको निर्वाचनमा शाह विजयी भएका थिए। यस क्षेत्रबाट नेपाली कम्युनिस्ट पार्टीबाट महम्मद वकिल मुसलमान, रास्वपाबाट तैफिक अहमद खान, जनमत पार्टीबाट ओमप्रकाश यादवसहित विभिन्न दलका १९ र स्वतन्त्र आठ गरी २७ उम्मेदवार चुनावी दौडमा छन्।

उत्साहका साथ मैदानमा छौं, परिणाम कांग्रेसको पक्षमा आउँछ


रामकृष्ण खाण, सभापति, कांग्रेस रुपन्देही



यसपटकको निर्वाचनमा कांग्रेस कार्यकर्तामा निकै उत्साह छ। विगतका निर्वाचनमा कांग्रेसको चुनाव चिह्नमा मतदान गर्न नपाएका कार्यकर्तामा आएको उत्साह तथा आममतदाताले कांग्रेसप्रति दर्शाएको मायाले परिणाम कांग्रेसको पक्षमा आउने विश्वासमा छौं। जिल्लाका पाँचवटा निर्वाचन क्षेत्रमध्ये चारवटामा नयाँ उम्मेदवार मैदानमा हुनुहुन्छ। पाँचवटै निर्वाचन क्षेत्रमा जित निकाल्ने गरी उम्मेदवारहरू र सिंगो पार्टी पंक्ति लागिपरेका छन्। परिणाम कांग्रेसको पक्षमा आउने अपेक्षा गरेका छौं।

पाँचवटै क्षेत्रमा ऐतिहासिक जित निकाल्ने गरी अगाडि बढेका छौं

यज्ञ गैरे, अध्यक्ष, एमाले रुपन्देही



निर्वाचन आचारसंहितालाई पालना गर्दै पार्टीलाई थप मजबुत बनाउँदै पार्टी सदस्यहरू निर्वाचनमा परिचालित गरिएको छ। रुपन्देही एमालेको राम्रो संगठन भएको जिल्ला हो। विगतका निर्वाचनमा पनि ऐतिहासिक जित निकाल्दै आएका छौं। विगतका जित कायम राख्दै यसपटक पाँचवटै क्षेत्रमा ऐतिहासिक जित निकाल्ने गरी अगाडि बढेका छौं। एमालेप्रति बढ्दो जनउत्साह, उम्मेदवारहरू जनतामाझ लोकप्रिय हुनु र विकास तथा समृद्धिका लागि स्पष्ट दृष्टिकोण हामीसँग छ।

जनउत्साहले परिवर्तनको स्पष्ट संकेत गरेको छ

डा. बुद्धि शर्मा, सभापति, रास्वपा रुपन्देही



रास्वपा नयाँ पार्टी भए पनि रुपन्देहीमा संगठन राम्रो छ। रवि लामिछाने र बालेन्द्र शाहप्रति जनविश्वास बढ्दो छ। हरेक निर्वाचन क्षेत्रमा देखिएको जनउत्साहले परिवर्तनको स्पष्ट संकेत गरेको छ। स्वतःस्फूर्त जनता जागेको अवस्था छ। संगठन र जनलहर तथा मुलुक परिवर्तनका स्पष्ट एजेन्डा, योजनासहित अगाडि बढेका छौं। रुपन्देहीका पाँचवटै क्षेत्रमा रास्वपाले उत्कृष्ट मतका साथ जित्छौं भन्ने आत्मविश्वासका साथ चुनावी मैदानमा छौं।

नेकपाले अघि सारेका नीति-कार्यक्रमप्रति जनलहर छ

नारायण जिसी, नेपाली कम्युनिस्ट पार्टी, रुपन्देही संयोजक

पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालले अहिलेको विशिष्ट परिस्थितिमा मुलुकलाई ठिक ठाउँमा लैजान सक्ने र पार्टीले अगाडि सारेका स्पष्ट नीति-कार्यक्रमले गर्दा अहिले पार्टीप्रति जनलहर बढ्दो छ। मतदातामाझ पार्टीपंक्ति तथा पार्टीका उम्मेदवार फुग्दा निकै उत्साह पाएका छौं। पार्टीले विगतका कमीकमजोरी सच्चाउँदै मुलुकमा सुशासन र एकताबद्धका लागि धेरै दल एक ठाउँमा उभिएर अगाडि बढेका छौं। रूपान्तरणसहित मुलुकलाई समृद्धिको मार्गमा लैजाने नीति तथा कार्यक्रमसहित अगाडि बढेका छौं।

गोली प्रहार गरी इन्जिनियर यादवको हत्या

सर्लाहीमा **श्रवण थापा**

सर्लाहीको मलंगवामा गोली प्रहार गरी पूर्वाधार विकास कार्यालयका इन्जिनियरको हत्या भएको छ। आइतबार साँझ ८ बजे मलंगवा नगरपालिका- १० मा गोली प्रहार गरी पूर्वाधार विकास कार्यालय मलंगवामा कार्यरत इन्जिनियर प्रमोदकुमार यादवको हत्या भएको हो। अज्ञात समूहले चलाएको गोली लागेर गम्भीर घाइते भएका यादवलाई प्रादेशिक अस्पताल मलंगवा पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

यादवको छातीमा गोली लागेको पाइएको प्रादेशिक अस्पताल मलंगवाका मेडिकल सुपरिटेन्डेन्ट डा. रामप्रकाश साहले बताए। यादवमाथि भएको गोली प्रहार घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले बताए। घटनाबारे जानकारी पाएलगत्तै पुगेको प्रहरी टोलीले यादवलाई तत्काल प्रादेशिक अस्पताल पुऱ्याएको थियो।

सिराहाको सुखीपुर नगरपालिका- ६, बैसाखा घर भएका यादव मलंगवा नगरपालिका- १० स्थित दुर्गानन्द यादवको घरमा भाडामा बस्दै आएका थिए। राति घरमा बसिरहेका उनलाई बाहिर बोलाएको र घरको पेटीमा पुग्नेबित्तिकै अज्ञात समूहले गोली प्रहार गरेर फरार भएको यादवकी श्रीमती पुनमकुमारी यादवले बताएको प्रहरीले जनाएको छ। घटनापछि प्रहरी परिचालन गरी अनुसन्धान सुरु गरेको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राईले बताए। इन्जिनियरलाई गोली हानी हत्या भएको घटनापछि स्थानीय त्रसित बनेका छन्।

पशुपतिमा शिवको पूजा अर्चना



महाशिवरात्रिका अवसरमा आइतबार पशुपति मन्दिरपरिसरमा शिवको पूजा अर्चना गर्दै भक्तजन। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

संक्षेप

सल्यानका ८३ वटै वडामा मतदाता शिक्षा कार्यक्रम

सल्यान/ सल्यानमा बदर मत घटाउने लक्ष्यका साथ आइतबारबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन सुरु भएको छ। मतदानको १८ दिन बाँकी रहँदा निर्वाचन कार्यालय सल्यानले मतदातालाई सचेत गराउने तथा सही मतसंकेतका लागि प्रशिक्षित गर्ने उद्देश्यले जिल्लाका ८३ वडामा एक साथ मतदाता शिक्षा सुरु गरेको हो। ०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ ५३ प्रतिशत अर्थात् ८३ हजार ७०४ मत खसेकोमा ८.८१ प्रतिशत अर्थात् सात हजार ३७६ मत बदर भएको थियो। समानुपातिकतर्फ भने ८४ हजार ७८९ अर्थात् ५३.७७ प्रतिशत मत खसेकोमा ७.३३ प्रतिशत मत बदर भएको थियो। विगतमा भएको बदर मतलाई न्यूनीकरण गर्ने लक्ष्यका साथ प्रत्येक वडा तहबाट मतदाता शिक्षा प्रदान गरिएको जिल्ला निर्वाचन कार्यालय सल्यानका प्रमुख धीरेन्द्र भण्डारीले बताए। मतदाता शिक्षालाई प्रभावकारी बनाउन प्रत्येक टोलसम्म पुग्ने गरी मतदाता शिक्षा स्वयंसेवक परिचालन भइसकेको उनको भनाइ छ। प्रत्येक वडामा एसइई वा सोसरह उत्तीर्ण महिला स्वास्थ्य स्वयंसेविका, बालविकास सहजकर्ता वा सामुदायिक अध्ययन केन्द्रका परिचालकलाई मतदाता शिक्षा स्वयंसेवकका रूपमा परिचालन गरिएको उनले बताए।

जलेश्वर कारागारको सुरक्षा जिम्मा सेनालाई

महोत्तरी/ आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि जलेश्वर कारागारको सुरक्षा जिम्मा नेपाली सेनालाई दिइएको छ। १ फागुनबाट सेनालाई जिम्मा दिइएको हो। जलेश्वर नगरपालिका- ९, प्रकौलीस्थित गोरखनाथ गणले कारागार सुरक्षामा आफ्नो प्लाटुन खटाएको हो। जेन-जी आन्दोलनको समय जलेश्वर कारागारमा पाँच सयभन्दा बढी कैदीबन्दी रहेकोमा आन्दोलनकै बहानामा सबै भागेपछि कारागार रित्तिएको थियो। पछि जिल्ला प्रशासन कार्यालय, कारागार प्रशासन र जिल्ला प्रहरी कार्यालयबाट समेत सूचना जारी भएपछि केही कैदीबन्दी कारागार फर्केका थिए। प्रहरीले केही कैदीबन्दीलाई पक्राउ गरेर कारागार चलान गरेको थियो। अहिले कारागारमा ३७५ जना कैदीबन्दी छन्।

साँगुरीगढी गाउँपालिका प्रथम

धनकुटा/ स्थानीय तहहरूको कार्यसम्पादन मूल्यांकनमा साँगुरीगढी गाउँपालिका धनकुटा जिल्लामै प्रथम भएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको नतिजाअनुसार ६६.५२ अंक प्राप्त गर्दै साँगुरीगढी गाउँपालिका जिल्लाका सात स्थानीय तहमध्ये पहिलो स्थानमा उक्लिएको हो। आयोगका अनुसार ६४.०५ अंकसहित धनकुटा नगरपालिका दोस्रो, ६३.१६ अंकका साथ चौबिसे गाउँपालिका तेस्रो र ६३.१२ अंक प्राप्त गर्दै महालक्ष्मी नगरपालिका चौथो स्थानमा रहेका छन्। त्यसैगरी ५७.९ अंकसहित सहिदभूमि गाउँपालिका पाँचौं, ४३.५९ अंकका साथ पाख्रीबास नगरपालिका छैटौं र ३९.६४ अंक प्राप्त गर्दै छथरजोरपाटी गाउँपालिका सातौं तथा अन्तिम स्थानमा परेका छन्। धनकुटा जिल्लामा तीन नगरपालिका र चार गाउँपालिका गरी जम्मा सात स्थानीय तह रहेका छन्। आयोगले कार्यसम्पादन मूल्यांकनका लागि राजस्व परिचालनको अवस्था, बजेट खर्च प्रगति, बेरुजु व्यवस्थापन, सूचना प्रणाली (सफ्टवेयर) को प्रयोग, शिक्षा तथा स्वास्थ्यसम्बन्धी सामाजिक सूचक, विद्यार्थी भर्ना दर, गर्भ जाँच गराउने महिलाको अनुपात, एसइई परीक्षा नतिजा तथा खोप लगाइएका बालबालिकाको अनुपातलाई आधार मानेको जनाएको छ।

काठमाडौं ३ मा कांग्रेस-एमालेलाई नयाँको डर

एमाले र कांग्रेसको पालैपालो जित 'ब्रेक' लगाउने रणनीतिमा रास्वपा र उज्यालो नेपाल

प्रेम गौतम/नयाँ पत्रिका

काठमाडौं ३ भूगोलका आधारमा सानो छ। तर, उत्तर-पूर्वी भूभाग समेटिएको यो क्षेत्र राजनीतिक रूपमा अर्थपूर्ण मानिएको छ। यो क्षेत्रमा १३ वटा वडा छन्। जसमा काठमाडौं महानगरपालिका ६, कागेश्वरी मनोहरा नगरपालिकाको वडा नम्बर १, २, ३, गोकर्णेश्वर नगरपालिकाको वडा १, २, ३, ४, ५, ६, ७, ८ र ९ वडा पर्छ। गागलफेदी, आलापोट, भद्रबास, डाँछी, सुन्दरीजल, नयाँपाटी, बालुवा, गोकर्ण, जोरपाटी, नयाँ बस्ती, दक्षिणढोका, अत्तरखेल, आरुबारी, बौद्धलगायत स्थान पर्छन्।

काठमाडौंमै भएर पनि यो क्षेत्रमा सडक सञ्जालको समस्या छ। सहरी क्षेत्रमा जामको समस्या छ भने ग्रामीण क्षेत्रमा कच्ची र खाल्डाखुल्डी सडक छ। खानेपानी, खहरेखोला, फोहोर व्यवस्थापन र वन्यजन्तुको समस्या पनि छ।

यो क्षेत्रमा विगतमा कांग्रेस र एमालेले आलोपालो जिदै आएका थिए। पछिल्ला निर्वाचनमा विद्यादेवी भण्डारी, चक्रबहादुर ठकुरी, रामेश्वर फुयाँल, कृष्णबहादुर राई र सन्तोष चालिसे निर्वाचित भएका थिए। ०५६ मा एमालेकी भण्डारी, ०६४ मा कांग्रेसका ठकुरी, ०७० मा एमालेका फुयाँल, ०७४ मा एमालेकै राई र ०७९ मा कांग्रेसका चालिसे निर्वाचित भएका थिए। यो क्षेत्रमा प्रत्येक निर्वाचनमा सांसद फेरिँदै आएका छन्।

गत निर्वाचनमा कांग्रेसका सन्तोष चालिसे निर्वाचित भएका थिए। चालिसेमाथि भ्रष्टाचार मुद्दा लागेपछि कांग्रेसले रमेश अर्यालललाई उम्मेदवार बनाएको छ। एमालेबाट पूर्वसांसद रामेश्वर फुयाँल चुनावी मैदानमा छन्। यसपटक रास्वपा, नेकपा र उज्यालो नेपाल पार्टीले चुनौती दिने दाबी गरेका छन्। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ यही क्षेत्रबाट निर्वाचन लड्दै छन्। रास्वपाले राजुनाथ पाण्डे र नेकपाले नीरज लामालाई उम्मेदवार बनाएका छन्। यो क्षेत्रमा १६ वटा दल र ६ जना स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्। यो क्षेत्रमा आजपाबाट रूपसागर देवी एक्ली महिला उम्मेदवार छिन्। लोडसेडिङ अन्त्य गरेर चर्चामा आएका नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक घिसिङ यही क्षेत्रबाट उम्मेदवार छन्। उनी उज्यालो देश बनाउने भन्दै निर्वाचनमा होमिएका छन्। उनले भावी प्रधानमन्त्रीका रूपमा आफूलाई प्रस्तुत गर्दै मतदातासँग भोट मागिरहेका छन्। जेन-जी विद्रोहपछि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारमा ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री बनेका घिसिङ मन्त्री पदबाट राजीनामा दिएर राजनीतिमा होमिएका हुन्। उनी उज्यालो नेपाल पार्टीको अध्यक्ष छन्। यस्तै, रास्वपाका पाण्डेले भावी गृहमन्त्रीका रूपमा भोट मागिरहेका छन्।

- **रमेश अर्याल**, कांग्रेस



युवाहरू देशबाट पलायन भइरहेको अवस्था छ। देशमा कलकारखाना छैन। युवा पलायन रोक्न मेरो मुख्य भूमिका रहनेछ। यो पर्यटकीय क्षेत्र पनि हो। धार्मिक हिसाबले उत्तरगया हिन्दुहरूको धार्मिक, पुरातात्त्विक र ऐतिहासिक मन्दिर यहाँ छ।

- **रामेश्वर फुयाँल**, एमाले



मुलुकको राजनीतिक, आर्थिक, सांस्कृतिक रूपान्तरण, नेपालको राष्ट्रियता, एकता प्रवर्द्धन गर्न, रोजगार, सुशासन र भ्रष्टाचारमुक्त गर्न यो निर्वाचनले जनमतसंग्रहको काम गर्नेछ। हामीले जनताको काम गरेका छौं।

- **कुलमान घिसिङ**, उज्यालो नेपाल पार्टी



उज्यालो नेपाल पार्टी स्थापना गरेर चुनावी मैदानमा छौं। हामीले धेरै डेलिभरी दिएका छौं। केही काम गरेका छौं, परिणाम पनि दिएका छौं। भाषणा गरेर होइन, काम गरेर यो देशलाई परिवर्तन गर्नुपर्छ।

जनताप्रतिको विश्वास नै जितको आधार हो। हरेक नेपाली जनताको घरआँगन, सडक उज्यालो भएको छ। अब सबै नेपाली जनताको अनुहार र मन, मस्तिष्क उज्यालो बनाउने हो।

- **राजुनाथ पाण्डे**, रास्वपा



जनताको घरदैलोमा सँगसँगै हुन्छौं। जनताको परिवर्तनको चाहनालाई साकार पार्नका लागि रास्वपा आएको छ। रोजगारी, जनजीविकाको विषय सम्बोधन गर्नेछौं। नेपाली जनतालाई खाडी मुलुकमा पठाएर रेमिट्यान्सबाट देश चलाउँछु भन्ने सोचबाट अब देश बन्दैन। हामी आत्मनिर्भर हुनुपर्छ।

- **नीरज लामा**, नेकपा



हाम्रो पार्टीले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरिसकेको छ। हाम्रो राष्ट्रिय प्रतिबद्धता सुशासन र रोजगारीसहित समाजवादको तयारी, राष्ट्रियता र लोकतन्त्रको रक्षा नै हो। शासकीय स्वरूपमा काम गर्नु छ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गर्नुछ। क्षेत्रका एजेन्डामा सरकारी स्कुलको स्तरोन्नति गर्नुपर्नेछ।

काठमाडौं ३
मतदाता : ६४,४७९
महिला : ३२,९२३
पुरुष : ३१,५५६
मतदानस्थल : २९
मतदान केन्द्र : ७२
१६ दल र ६ स्वतन्त्र उम्मेदवार
आजपाकी एक्ली महिला उम्मेदवार

को-को छन् उम्मेदवार ?

एमालेबाट रामेश्वर फुयाँल, कांग्रेसबाट रमेश अर्याल, नेकपाबाट नीरज लामा, रास्वपाबाट राजुनाथ पाण्डे, उज्यालोबाट कुलमान घिसिङ, राप्रपाबाट सुन्दरराम बोहरा, नेकपा संयुक्तबाट बाबुकाजी कार्की, नेमकिपाबाट मदन श्रेष्ठ, मंगोल नेसनल अर्गनाइजेसनबाट कुलबहादुर लामा, मितेरी पार्टीबाट जितबहादुर तामाङ, जसपा नेपालबाट प्रनिलध्वज कार्की, आजपाबाट रूपसागर देवी, नेसनल रिपब्लिक नेपालबाट प्रेमछिरी शेर्पा, प्रलोपाबाट शेखर अर्याल, श्रम संस्कृति पार्टीबाट सुवास घिसिङ र नेकपा माओवादीबाट शेखरनाथ आचार्य उम्मेदवार छन्।

चुनावको समाजशास्त्र

निर्वाचन आयोग, दल र राज्यप्रति समाजको विश्वास कमजोर भएमा मतदानमा उदासीनता बढ्छ, वैकल्पिक आन्दोलन वा निराशा जन्मिन्छ



● सञ्जीव कार्की

अग्रलेख

चुनावको समाजशास्त्र केवल भोट हाल्ने प्रक्रिया मात्र होइन, यो समाजको शक्ति संरचना, वर्ग, पहिचान र सामूहिक चेतनाको ऐना पनि हो । यसले 'मानिसले किन र कसरी मतदान गर्छन् ?' भन्ने प्रश्नलाई सामाजिक दृष्टिकोणबाट विश्लेषण गर्छ । चुनावले समाजमा विद्यमान वर्गीय विभाजनलाई उजागर गर्छ । धनी-गरिब, सहर-गाउँ, शिक्षित-अशिक्षित वर्गबिचको शक्ति असमानता मतदाताको व्यवहारमा प्रकट हुन्छ । आर्थिक स्रोत भएका समूहले प्रचार, सञ्जाल र प्रभाव प्रयोग गरेर निर्वाचनमा तुलनात्मक रूपमा बढी प्रभाव जमाउँछन् । चुनाव केवल मतपेटिकामा मत हाल्ने प्रक्रिया होइन, समाजको आत्मकथा पनि हो । समाजले देखाउने र हेर्ने ऐना हो । यसमा आशा, डर, पहिचान, असमानता र परिवर्तनको आकांक्षा सबै प्रतिबिम्बित हुन्छन् । त्यसैले, चुनावलाई बुझ्नु भनेको समाजलाई बुझ्नु हो र समाजलाई बदल्न चाहनेले चुनावको समाजशास्त्र गहिरोसँग अध्ययन गर्नैपर्छ । चुनावलाई समाजशास्त्रीय हिसाबले बहुकोणबाट हेर्न सकिन्छ :

■ पहिचानको राजनीति

जाति, भाषा, धर्म, क्षेत्र, लिंगजस्ता सामाजिक पहिचान चुनावमा निर्णायक बन्छन् । धेरैजसो अवस्थामा मतदाताले नीतिभन्दा पनि 'आफ्नो समूह'को प्रतिनिधित्व गर्ने उम्मेदवारलाई रोज्छन् । यसले समावेशिताको बहस उठाए पनि कहिलेकाहीँ समाजलाई ध्रुवीकृत पनि गर्छ । पछिल्लो समय चुनावमा 'मुद्दा'भन्दा 'पहिचान' हाबी हुने गरेको छ । सीमान्तकृत समुदाय (महिला, दलित, मधेशी, जनजाति, लैंगिक आयाम र उमेर)ले आफ्नो अधिकार र उपस्थितिका लागि मतदानलाई एक औजारका रूपमा प्रयोग गर्छन् । यसले समाजमा समावेशीकरण र प्रतिनिधित्वको बहसलाई अगाडि बढाउँछ । लैंगिक र पुस्तागत आयाम महिला, युवा र सीमान्तकृत समुदायको सहभागिता चुनावी समाजशास्त्रको केन्द्रीय प्रश्न हो । महिलाको प्रतिनिधित्व, सामाजिक न्याय र समावेशिता, युवाको सहभागिता र परिवर्तन र नयाँ मूल्यको संकेत पहिचानगत आधार हुन्, तर संरचनात्मक अवरोधले यी समूहको आवाज अझै पूर्ण रूपमा सशक्त हुन सकेको छैन ।

■ संस्कृति, परम्परा, प्रभाव, चेतना, शिक्षा र सूचना

मतदान व्यवहारमा स्थानीय संस्कृति, सामाजिक मान्यता र परम्परा गहिरोसँग गाँसिएका हुन्छन् । कतिपय समाजमा वृद्ध, धार्मिक अगुवा वा सामुदायिक नेताको भनाइले मतदान निर्णय तय गर्छ, जसले व्यक्तिगत स्वतन्त्रताभन्दा सामूहिक सोचलाई प्राथमिकता दिन्छ । समाजशास्त्रीय मोडेलले भन्छ कि व्यक्तिको मतदान गर्ने निर्णय उसको सामाजिक पृष्ठभूमिसँग जोडिएको हुन्छ । जस्तैः जात र धर्म, विशेषगरी दक्षिण एसियाली र नेपाली सन्दर्भमा जातीय र धार्मिक पहिचानले चुनावी नतिजामा ठुलो प्रभाव पार्छ । मानिसले आफ्नो समूहको प्रतिनिधित्व गर्ने उम्मेदवारलाई सुरक्षित महसुस गर्छन् । वर्ग, आर्थिक अवस्थाले राजनीतिक विचारधारा निर्धारण गर्छ । निम्न वर्ग र उच्च वर्गका चुनावी एजेन्डा फरक हुन्छन् । हामीले कुन पार्टीलाई मन पराउने भन्ने कुरा हाम्रो हुर्काइ र परिवेशले तय गर्छ । यसलाई राजनीतिक सामाजिकीकरण भनिन्छ । परिवारको राजनीतिक झुकाव र साथीभाइको सर्कलले मतदाताको मानसिकता निर्माण गर्छ । शिक्षाले मानिसलाई आलोचनात्मक बनाउँछ । शिक्षा र राजनीतिक चेतनाले चुनावी निर्णयलाई प्रत्यक्ष असर गर्छ । उच्च चेतना, नीति, विचारधारा र दीर्घकालीन प्रभावमा आधारित मतदान हुन्छ । कम चेतना, भावनात्मक नारा, पैसाको प्रभाव, डर वा भ्रममा आधारित मतदान र सामाजिक सञ्जालले सूचना मात्र होइन, भ्रम र अफवाह पनि तीव्रगतिमा फैलाउँछ ।

■ राज्य, संस्था र विश्वास

चुनावप्रति जनविश्वास समाजशास्त्रीय रूपमा अत्यन्त महत्त्वपूर्ण छ । निर्वाचन आयोग, दल र राज्यप्रति विश्वास कमजोर भएमा मतदानमा उदासीनता बढ्छ, वैकल्पिक आन्दोलन वा निराशा जन्मिन्छ । यसले लोकतन्त्रको सामाजिक आधारलाई कमजोर बनाउँछ ।

■ शक्ति र प्रभुत्व

एन्टोनियो ग्राम्सीको 'हेजेमनी'को सिद्धान्तअनुसार, शासक वर्गले आफ्नो विचारलाई नै 'साझा सत्य' बनाएर समाजमा स्थापित गर्छन् । चुनावमा प्रतीक, नारा र विचारधारा प्रयोग गरेर जनताको 'सहमति' प्राप्त गर्ने प्रयास गरिन्छ । यसमा पैसा, पहुँच र बाहुबलको प्रयोगले कसरी वास्तविक लोकतन्त्रलाई छायामा पार्छ भन्ने अध्ययन गरिन्छ । चुनावमा कहिलेकाहीँ सत्तासंरचनाको पुनरुत्पादन मात्र हुन्छ, जहाँ पुरानै अभिजात वर्ग घुमेर सत्तामा फर्किन्छ । तर, केही अवस्थामा चुनाव सामाजिक रूपान्तरणको साधन पनि बन्छ । नयाँ विचार, नयाँ नेतृत्व र नयाँ सामाजिक सम्झौताको बाटो खोल्दै जान्छ ।

■ विनिमय सिद्धान्त

समाजशास्त्रको विनिमय सिद्धान्तअनुसार, मतदाताले 'लगानी र प्रतिफल'को हिसाब गर्छन् । कतिपय अवस्थामा मतदाताले तत्कालीन फाइदा (जस्तैः पैसा, सामान वा व्यक्तिगत कामको आश्वासन)का लागि भोट 'साट्ने' गर्छन् । अर्कोतर्फ, दीर्घकालीन सामाजिक विकास र भविष्यको सुरक्षालाई पनि प्रतिफलकै रूपमा हेरिन्छ ।

■ चुनावी कर्मकाण्ड

इमाइल दुर्खिमको सिद्धान्तअनुसार, चुनाव एकप्रकारको 'सामूहिक अनुष्ठान' हो । यसले छरिएर रहेका मानिसलाई एक ठाउँमा ल्याउँछ र उनीहरूमा 'हामी एक हौं' भन्ने नागरिक भावना पैदा गर्छ । चुनावले समाजमा विद्यमान तनावलाई वैधानिक रूपमा पोख्ने ठाउँ दिन्छ । चुनाव केवल सरकार छान्ने प्राविधिक काम मात्र नभई यो समाजको शक्ति सन्तुलन, विभेद र एकता मापन गर्ने कसी हो । नेपाली समाजमा पछिल्लो समयमा परम्परागत पार्टीगत 'भोटबैंक'भन्दा पनि 'स्वतन्त्र' र 'वैकल्पिक' सोचको उदय हुनुले समाजशास्त्रीय रूपमा नयाँ मोड लिएको देखिन्छ । वर्तमान समयमा सामाजिक सञ्जाल चुनावको समाजशास्त्र बुझ्नका लागि सबैभन्दा शक्तिशाली माध्यम बनेको छ । यसले मतदाताको व्यवहार, सूचनाको प्रवाह र राजनीतिक शक्तिको सन्तुलनलाई पूर्णतः परिवर्तन गरिदिएको छ । सामाजिक सञ्जालले चुनावी प्रक्रियालाई कसरी प्रभाव पार्छ भन्ने मुख्य बुँदा तल प्रस्तुत गरिएको छः



> चुनावले समाजमा विद्यमान वर्गीय विभाजनलाई उजागर गर्छ । धनी-गरिब, सहर-गाउँ, शिक्षित-अशिक्षित वर्गबिचको शक्ति असमानता मतदाताको व्यवहारमा प्रकट हुन्छ

■ इको चेम्बर र ध्रुवीकरण

सामाजिक सञ्जालका अल्गोरिदमले हामीलाई त्यस्तै सामग्री देखाउँछन् जुन हामीले पहिले नै मन पराएका हुन्छौं । यसले समाजमा दुईवटा असर गर्छ- इको चेम्बरः मानिसहरू आफ्नै विचारधारा भएका समूहमा मात्र सीमित हुन्छन्, जसले गर्दा उनीहरूमा 'हाम्रो विचार मात्र सही हो' भन्ने भ्रम पैदा हुन्छ । ध्रुवीकरण : यसले गर्दा समाजमा 'हामी' र 'उनीहरू' भन्ने तीव्र विभाजन पैदा हुन्छ, जसले सहिष्णुता घटाउँछ ।

■ 'फेक न्युज' अर्थात् गलत सूचना

चुनावको समयमा मतदातालाई भ्रमित पार्न नियोजित रूपमा गलत सूचना फैलाइन्छ । कसैको चरित्रहत्या गर्ने वा नभएको कामको जस लिने गरी बनाइएका सामग्रीले तटस्थ मतदाताको निर्णय बदल्न सक्छन् । पछिल्लो समयमा पनि डिप फेक एआई प्रयोग गरी बनाइएका नक्कली भिडियो वा अडियोले चुनावी नतिजामै प्रभाव पार्ने जोखिम बढेको छ । सञ्जालमा देखिने लाइक र भ्युजकै भरमा जनमतको मापन गरिनुले 'लोकतन्त्र' बिस्तारै 'भिडतन्त्र'मा परिणत हुने खतरा बढेको छ ।

■ डिजिटल पपुलिजम

लोकप्रियतावादी नेताहरूले सामाजिक सञ्जाललाई परम्परागत मिडिया (जस्तैः पत्रिका वा टिभी)लाई बाइपास गर्ने माध्यम बनाउँछन् । उनीहरू जनताका भावना र आक्रोशलाई सिधै सम्बोधन गरेर 'मास सेन्टिमेन्ट' आफ्नो पक्षमा पार्छन् । नेपालको पछिल्लो चुनावमा स्वतन्त्र उम्मेदवारहरूको उदयमा यसको ठुलो भूमिका छ । आजको नेपाली राजनीतिमा निर्वाचन केवल भोट खसाल्ने प्रक्रिया मात्र रहेन, यो 'डिजिटल म्यानिपुलेसन' र 'इमेज व्यवस्थापन'को एउटा जटिल समाजशास्त्रीय खेल बनेको छ । परम्परागत रूपमा 'आस्था' र 'त्याग'मा आधारित राजनीति आज सामाजिक सञ्जालको 'अल्गोरिदम' र 'भाइरल' संस्कृतिको चेपुवामा परेको छ ।

■ वैचारिक निष्ठामाथि 'इमेज' र 'स्टन्ट'को विजय

विगतमा नेताको पहिचान उसको राजनीतिक इतिहास र दर्शनले हुन्थ्यो । तर, आजको डिजिटल युगले मतदातालाई नागरिकबाट उपभोक्तामा परिणत गरिदिएको छ । सामाजिक सञ्जालले नेताहरूलाई एउटा 'प्रोडक्ट' (उत्पादन) र राजनीतिक दललाई 'ब्रान्ड'का रूपमा प्रस्तुत गर्छ । विभिन्न राजनीतिक दलका नेताहरूको 'सिम्बोलिक इमेज' 'फेसबुक लाइभ', दृश्य प्रभावले नीतिगत बहसलाई ओझेलमा पारेको छ ।

■ युवा मतदाता र एजेन्डा सेटिङ

परम्परागत रूपमा चुनावमा 'पार्टीको लिगेसी' हेरिन्थ्यो, तर सामाजिक सञ्जालले गर्दा अब 'सेलिब्रेटी कल्चर' र 'तत्कालीन मुद्दा' हाबी भएका छन् । ह्यासट्याग अभियान : सामाजिक सञ्जालमा चल्ने ट्रेन्डले चुनावको मुख्य एजेन्डा के हुने भन्ने तय गर्छ । भिजुअल प्रभाव : छोटा भिडियो (टिकटक रिल्स)ले लामो भाषणभन्दा छिटो र प्रभावकारी रूपमा मानिसको दिमागमा छाप पार्छन् । काठमाडौं महानगरपालिकाको चुनाव २०७९ मा बालेन शाहको उदय सामाजिक सञ्जालको सही प्रयोगको उत्कृष्ट उदाहरण हो । पछिल्लो चुनावले यो सिद्ध गऱ्यो कि अब चुनाव जित्न 'बुथ'मा मात्र होइन, मानिसको 'हातको मोबाइल'भित्र पनि पस्नु अनिवार्य छ । सामाजिक सञ्जालले राजनीतिलाई 'एलिट' (हुनेखाने र पहुँचवाला) को कब्जाबाट निकालेर अलिकति भए पनि 'मास' (जनता) को हातमा पुऱ्याएको छ ।

■ मूल्य र मान्यतामा परिवर्तन

समाजशास्त्रीय दृष्टिकोणबाट यो केवल राजनीतिक परिवर्तन मात्र नभई नेपाली समाजको चेतना र मनोविज्ञानमा आएको परिवर्तन पनि हो । पुस्तान्तरणको खोजी : नेपाली समाज अहिले 'इतिहासको ब्याज'भन्दा 'वर्तमानको डेलिभरी' खोजिरहेको छ । मानिसमा नेताको भाषणभन्दा कामको नतिजाप्रति बढी चासो छ । भावनात्मक भर्सेस व्यावहारिक : पुराना शक्तिहरूले 'भावनात्मक र आदर्शवादी' सम्बन्ध बनाउँछन् भने नयाँ शक्तिहरूले 'एजेन्डा र समस्या समाधान'मा आधारित सम्बन्ध बनाइरहेका छन् । सहरीकरण र प्रविधि : बढ्दो सहरीकरण र इन्टरनेटको पहुँचले गर्दा मानिसहरू अब माइकिङ र आमसभाबाट प्रभावित हुन छाडेका छन् । उनीहरू आफ्नो मोबाइलको स्क्रिनमै नेताको क्षमता जाँच्न चाहन्छन् ।

■ निष्कर्ष

आजको चुनावमा भोट खसाल्ने औंला र मोबाइल स्क्रोल गर्ने औंलाको महत्त्व बराबर छ । राजनीतिलाई 'अवसरवाद'बाट जोगाएर 'सेवा'मा फर्काउने हो भने मतदाताले डिजिटल भ्रम र भिडतन्त्रभन्दा माथि उठेर उम्मेदवारको चरित्र र स्पष्ट एजेन्डालाई प्राथमिकता दिनु आवश्यक छ । चुनावले समाज बदल्न सक्छ, तर त्यसका लागि मतदातामा सूचना मात्र होइन, विवेकको जागरण पनि उत्तिकै जरुरी देखिन्छ ।

---

३ प्रश्न

वरिष्ठ मुटुरोग विशेषज्ञ

डा. ओममूर्ति अनिललाई



पछिल्लो समयमा मुटुरोगको अवस्था कस्तो छ ?

संसारभर नै मुटुरोगीको संख्या दिनानुदिन बढ्दै गएको छ । नेपालजस्तो निम्न र मध्यम आय भएको मुलुकमा मुटुरोगको प्रकोप झनै भयावह देखिन्छ । जीवनशैलीमा अस्वस्थ परिवर्तन, खानपानमा देखिने लापरबाही यो रोग बढ्नुको मुख्य कारण हो । नेपालमा पनि ७१ प्रतिशत मृत्यु नसर्ने रोगहरूका कारण हुने गरेको छ ।

किन मुटुरोग निम्न र मध्यम आय भएका राष्ट्रमा बढ्दै गएको होला ?

यस्ता राष्ट्रमा बसोवास गर्ने व्यक्तिहरूको खानपान गुणस्तरीय नभएको, धूम्रपान र मदिराको सेवन उच्च रहेको र आर्थिक रूपमा कमजोर भएको कारण मुटुरोगको जोखिम बढ्दै गएको हो । मधुमेह र उच्च रक्तचाप पनि यस रोगलाई बढाउने प्रमुख कारक हुन् । मानसिक तनाव, मोटोपना, शारीरिक गतिविधिमा कमी, वंशाणुगत कारण, अस्वस्थ आहार र वायु प्रदूषण पनि यसका मुख्य कारक हुन् । आर्थिक रूपमा कमजोर मानिसले ब्लडप्रेसर, सुगर, कोलेस्ट्रोलजस्ता समस्याको समयमै परीक्षण गरी पहिचान गराउन सक्दैन । उसले स्वच्छ र स्वस्थ आहार सेवन गर्न पाउँदैन । त्यसले गर्दा उसलाई मुटुरोग लाग्ने सम्भावना बढी हुन्छ । त्यस्ता व्यक्तिलाई मुटुरोग लागेको पहिचान भएमा पनि यसको उपचार खर्चिलो भएकाले उसले उपचार गराउन पनि सक्दैन । परिणामतः मुटुरोगकै कारण उसको मृत्यु हुने जोखिम बढी हुन्छ । साथै, यस्ता राष्ट्रमा मुटुरोगको उपचार सर्वसाधारणको सहज पहुँचमा पुग्न नसक्नु पनि अर्को समस्या हो ।

यसबाट बच्ने उपाय के हुन सक्छन् त ?

उल्लिखित कारणहरूको पहिचान र नियन्त्रण नै मुटुरोगबाट बच्ने उपाय हुन् । मूलतः हाम्रो जीवनशैलीमा परिवर्तन ल्याउनुपर्‍यो । कसैलाई ब्लडप्रेसर, सुगर, कोलेस्ट्रोल छ भने समयमै त्यसको उपचार गर्नुपर्‍यो । धूम्रपान र मद्यपानको लत छ भने त्यागुपर्‍यो । तौल घटाउनुपर्‍यो, व्यायाम गर्नुपर्‍यो । मुटुरोगका लक्षण छन् कि छैनन् भनेर पहिचान गर्न समयमै परीक्षण गराउनुपर्‍यो । स्वस्थ खानपानमा ध्यान दिनुपर्‍यो ।

प्रेरक प्रसंग

किन बन्ने स्वावलम्बी ?

एकपटक पण्डित ईश्वरचन्द्र विद्यासागरलाई इंग्ल्यान्डमा एउटा सभाको अध्यक्षता गर्नुपर्ने भयो । उनी हरेक काम समयअनुसार नै गर्ने गर्थे । समयको पालना उनको प्रथम सिद्धान्त थियो । त्यसैले त उनका बारेमा भन्ने गरिन्थ्यो- पण्डित ईश्वरचन्द्र विद्यासागरका हरेक काम घडीको सुईका आधारमा पूरा हुन्छन् । उनी कार्यक्रमका लागि निश्चित समयमै सभा भवनमा पुगे । तर, मानिसहरू सभा भवनबाहिर घुमिरहेका थिए । त्यसको कारण सोद्धा थाहा भयो, सफाइ गर्ने कर्मचारीहरू नआइपुगेका कारण भवनको सरसफाइ भएको थिएन र कार्यक्रममा ढिलाइ भइरहेको थियो ।

विद्यासागरले यो कुरा सुनेपछि उनले एउटा कुचो उठाए र सभाभवनको सफाइ गर्न थाले । उनले यस्तो गरेको देखेर सबैले उनलाई साथ दिए । त्यसैले हेर्दाहेर्दै एकैछिनमा पूरा भवनको सफाइ भयो र सारा फर्निचर यथास्थानमा राखियो ।

जब सभा सुरु भयो तब ईश्वरचन्द्र विद्यासागरले भने, 'चाहे जोसुकै मानिस होस् या राष्ट्र, उसले स्वावलम्बी हुनैपर्छ । भर्खरै तपाईंहरूले देख्नुभयो एक-दुईजना मानिस नआउनाले हामी सबै चिन्तित भइरहेका थियौं । हुन सक्छ ती व्यक्तिसम्म यो सूचना पुगेकै थिएन या कुनै प्राकृतिक आपत्तिका कारण उनीहरू यहाँ आउन सकेनन् । के यस्तो स्थितिमा आजको कार्यक्रम नै स्थगित गरिदिने त ? यदि त्यस्तो भएको भए कति मानिसको आजको समय व्यर्थमा जाने थियो । त्यसैले सबै मानिस स्वावलम्बी हुनुपर्छ र समस्या आइपरेमा कुनै पनि कार्य गर्न हिच्किचाउनु हुँदैन ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

फरक छ नेपालको परिस्थिति

बंगलादेशको चुनावी परिणामलाई लिएर अहिले एमाले र काग्रेसजनमा ऊर्जा थप्ने र रास्वपालाई झट्का लाग्न सक्ने अनुमान केही सञ्चारमाध्यमले गरेका छन् । तर, यहाँ यो स्मरण रहोस्, अहिले जसले बंगलादेशको चुनाव जिते ती आन्दोलनको वेला बंगलादेशको सत्तामा थिएनन् । यो पनि सत्य हो, तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई सत्ताच्युत गराउनमा अहिले चुनाव जितेको बिएनपी दलको पनि ठुलो हात थियो । सायद हसिनाको दलले नै चुनाव जितेको भएचाहिँ उपयुक्त अनुमान शतप्रतिशत सही हुने थियो । त्यस्तै, बंगलादेशको चुनावको दिनसम्म पनि युवाले शेख हसिनाको भ्रष्टाचारी दल नभएकाले मत जता झरे पनि कुनै फरक नपर्ने बताएका थिए । बंगलादेशका सम्भावित प्रधानमन्त्री तारिक रहमानले पनि युवाको माग र आन्दोलनलाई केन्द्रमा राखेर काम गर्ने बताइसकेका छन् । त्यसैले नेपालमा पनि अबको चुनाव जसले जिते पनि जेन-जीको मागको सम्बोधन हुनुपर्छ ।

● महावीर लामा, सिन्धुपाल्चोक

अब राज्यले पहल गर्नुपर्छ

'हानिनोक्सानी कोषबाट क्षतिपूर्ति लिने उपयुक्त मौका' शीर्षकका लेखमा कृष्णा पौडेलले भनेजस्तै अब हामीले चुप लागेर बस्नुहुँदैन । हरितगृह ग्यास उत्सर्जनमा हाम्रो योगदान जम्मा ०.०२७ प्रतिशत भएर पनि यसको सबैभन्दा चर्को असर झेल्न हामी विवश छौं । त्यसैले, अब क्षतिपूर्तिप्राप्तिका लागि राज्यका तर्फबाट नै पहल गरिनुपर्छ ।

● वन्दना मगराती, चिप्लेढुंगा, पोखरा

वातावरणमा ध्यान देऊ

विकासले वातावरण विनाश गर्न पनि पाइँदैन र वातावरणका नाममा विकास रोक्न पनि पाइन्न । अहिले ५५ अब लागतमा तयार गरिने भनिएको मुक्तिनाथ केबलकार निर्माण गर्दा २२९ परिवार र साढे २४ हजार रुख प्रभावित हुने बताइएको रहेछ । विकास निर्माणका काम अघि बढाउँदा वातावरण संरक्षणतर्फ पनि ध्यान दिइयोस् ।

● समिता ध्वजू, गट्ठाघर, भक्तपुर

ग्यासको अभाव किन ?

अहिले बजारमा खाना पकाउने ग्यासको अभाव देखिएको छ । उपभोक्ता सिलिन्डर लिएर ग्यास पसलमा पुगिरहेको दृश्य जहाँतहीं देख्न सकिन्छ । खाना पकाउने ग्यासको अभावचाहिँ किन भइरहेको छ त ? आयल निगम भनिरहेको छ, ग्यास आपूर्तिमा कमी छैन, तर पसलेहरूले किन भाव सिर्जना गरिरहेका छन् ? अन्तरिम सरकारलाई जसरी भए पनि निर्वाचन सम्पन्न गर्न पाए पुगेको छ । जनताका लागि भन्दा पनि निर्वाचनका लागि गठन भएको सरकारलाई जनताका समस्याको के मतलब ? यो सरकार नागरिक सरकार भएकाले यसको जिम्मेवारी दलको सरकारको भन्दा बढी हुन्छ । जनताप्रति उत्तरदाही बन्नुपर्ने सरकार मात्र निर्वाचनको रटानमा व्यस्त छ । निर्वाचन गर्नुपर्दैन भनेको होइन, निर्वाचनको मौका छोपेर बजारलाई अस्थिर बनाउने व्यापारीलाई कारबाही गर्नुपर्दैन यो सरकारले ?

दलहरूलाई हिजो सरकारमा छँदा त जनताको समस्याप्रति मतलब थिएन भने अहिले त झन् उनीहरू सरकारमा छैनन्, अनि केको मतलब होस् । संघीय सरकार नभए पनि स्थानीय र प्रदेश सरकार त दलहरूकै मातहतमा छन् । उनीहरूचाहिँ जनताको समस्याप्रति किन सजग नबनेका हुन् ? स्थानीय सरकारलाई पूर्ण अधिकार छ, बजार व्यवस्थापन गर्ने । हरेक स्थानीय सरकारले आफ्नो नगरपालिका, गाउँपालिका मात्र हेरेर सुधार्ने हो भने जनतालाई समस्या पर्ने नै थिएन । जनतासँग प्रत्यक्ष सरोकार राख्ने र जनतासँग जोडिएको भनेको स्थानीय सरकार नै हो । उसैले मतलब गर्दैन भने जनता कहाँ जाने ? तिनले कसमाथि भरोसा गर्ने ?

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सरकार ढाल्न सजिलो, चुनाव जित्न गाह्रो

चुनाव जित्न बलियो पार्टी संगठन, बलियो नेतृत्व र संस्थागत उपस्थिति चाहिने रहेछ, सामाजिक सञ्जालको लोकप्रियता होइन



देश/विदेश

● ऋषि गुप्ता

बंगलादेशमा विद्यार्थी नेतृत्वको आन्दोलनपछि गठन भएको नयाँ दल नेसनल सिटिजन पार्टी (एनसिपी)ले फेब्रुअरी १२ को संसदीय चुनावमा जम्मा ६ सिट मात्र जितेको छ । एनसिपी सन् २०२४ जुलाईको आन्दोलनमा महत्त्वपूर्ण भूमिका निभाएका विद्यार्थी नेताहरूले गठन गरेका थिए, जुन आन्दोलनले शेख हसिनाको नेतृत्वमा रहेको शक्तिशाली सरकारलाई ढालेको थियो ।

यस पार्टीले आन्दोलनबाट हासिल गरेको सफलतालाई चुनावी मतमा परिणत गर्ने आशा गरिएको थियो । सामाजिक सञ्जालदेखि मतसर्वेक्षणसम्मले एनसिपीले चुनावमा महत्त्वपूर्ण प्रभाव पार्ने बताइरहेका थिए । हुन पनि पछिल्लो परिवर्तनका संवाहक नेताहरू रहेको पार्टी भएकाले त्यस्तो विश्लेषण हुनु स्वाभाविक पनि थियो ।

तर, चुनावअगावै एनसिपीमा समस्या देखिन थालिसकेको थियो । पुराना स्थापित दलहरू बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) र जमात-ए-इस्लामीमा नदेखिएको स्तरमा एनसिपीमा नेतृत्वको चयनदेखि वैचारिक मुद्दासम्म आन्तरिक द्वन्द्व तीव्र देखिन्थ्यो । दलको वैचारिक दिशालाई लिएर मतभेद नर्गुगिँदै पार्टीले कट्टरपन्थी इस्लामिक दल जमात-ए-इस्लामीसँग चुनावी गठबन्धन गऱ्यो । अहिले बंगलादेशका जनताले बिएनपीको पक्षमा अत्यधिक मतदान गर्दा जमातसहितको गठबन्धनले मतसर्वेक्षणले देखाएभन्दा निकै कम मत पाएको छ । यस चुनावी नतिजाले बगलादेशमा एक पुरानो बहसलाई पुनः जगाएको छ- के लोकप्रिय राजनीतिले मात्र सडक शक्तिलाई चुनावी शक्तिमा बदल्न सक्छ ?

दक्षिण एसियामा लोकप्रिय राजनीतिको चर्चा गर्दा भारतको 'आम आदमी पार्टी (आप)'को कुरा आउँछ, जसले दिल्लीमा एक समय अभूतपूर्व जित हासिल गरेको थियो । आप भ्रष्टाचारविरोधी आन्दोलनबाट जन्मिएको थियो । यसले नयाँदिल्लीस्थित जन्तर-मन्तरबाट उठेको संस्थापनविरोधी प्रदर्शनबाट सिर्जित राष्ट्रिय माहोललाई मतमा परिणत गऱ्यो । परिणामस्वरूप आप दिल्ली राज्यसभाका लागि भएको चुनावमा पुरानो पार्टी भारतीय राष्ट्रिय काग्रेसलाई पराजित गर्न सफल भयो ।

तर, दक्षिण एसियाका अन्य भागमा आन्दोलनबाट उदाएका दलले आपको सफलता अनुभव गर्न सकेको देखिँदैन । सन् २०२२ मा श्रीलंका र पछि बंगलादेशमा भएका आन्दोलनले नयाँ शक्तिलाई खासै फाइदा गरेन । आखिर, युवा आन्दोलनले पुराना स्थापित दल र तिनका नेतृत्वलाई किन बलियो चुनौती दिन सक्दैन ? उत्तर हो, प्रायः मत परिवर्तन गर्न कठिन हुने मतदाताको समूह । मतदाताहरू प्रायः आफ्नो मत बदल्न अप्ठ्यारो मान्छन् र कुशल नेतृत्वको गुणलाई लामो अनुभवसँग जोड्छन् । यो समूहले सामाजिक सञ्जालको फलोअर्स वा प्रशंसालाई देश चलाउन आवश्यक योग्यता मान्दैन ।

नेपाल र फिलिपिन्सजस्ता एसियाली देशमा भएका पछिल्ला जेन-जी आन्दोलनले देखाएका छन् कि सामाजिक सञ्जाल भ्रष्टाचार, नातावाद, कुशासनमाथि वैध प्रश्नहरू उठाउन उपयोगी त हुन्छ । तर, मैदानको परम्परागत राजनीतिक दलहरूको संगठनलाई धक्का दिन कठिन हुनेरहेछ । युवाले सत्तामा जान देखाउने अधीरताले पनि तिनलाई हानि गर्ने गरेको देखिन्छ ।

श्रीलंकामा कुमार दिसानायकेको नेतृत्वको स्थापित पार्टीकै गठबन्धनले चुनाव जित्यो । त्यहाँ सन् २०२२ को आन्दोलनमा सक्रिय भूमिका खेलेका युवाले पिपल्स स्ट्रगल अलायन्स (पिएसए) बनाएका थिए । पिएसएको चुनावी मत निकै निराशाजनक थियो । श्रीलंका र बंगलादेशका अनुभवले युवा नेतृत्वको दलले चुनावमा आवश्यक हुने सबै उमेर समूहको मत तान्न नसक्ने देखाएको छ । मतदाता त विभिन्न उमेर समूहमा फैलिएका हुन्छन् ।



एनसिपीको गुमेको अवसर : यसपटक बंगलादेशको चुनावका १२.५ करोड दर्ता भएका मतदातामध्ये ३० प्रतिशत १८ देखि ३५ वर्षबिचका उमेरका युवा थिए । एनसिपीले यो उमेर समूहका मतदातालाई आकर्षित गर्न सक्थ्यो । तर, उसले ती समूहलक्षित गर्न सक्रियता देखाएन । त्यसबाहेक पार्टीभित्रको आन्तरिक नेतृत्व संघर्ष यति तीव्र थियो कि यसले सेप्टेम्बर २०२५ मा विश्वविद्यालयको चुनाव लड्ने आत्मविश्वाससमेत जुटाउन सकेन । हुन त पार्टीले विद्यार्थी चुनावमा पराजय भएमा त्यसले राष्ट्रिय वातावरण बिगार्छ भन्ने डरले पनि जोखिम नउठाएको हुन सक्छ ।

उता त्यस चुनावमा जमातको विद्यार्थी शाखा इस्लामी छात्र शिविरले देशका सबैभन्दा प्रतिष्ठित उच्च शिक्षा संस्था ढाका विश्वविद्यालय र जहाँगिरनगर विश्वविद्यालयमा जित हासिल गऱ्यो । त्यसलाई धेरैले जमातको बढ्दो शक्ति र आगामी आमनिर्वाचनमा बलियो प्रदर्शनको सम्भावनाका रूपमा व्याख्या गरेका थिए । तथापि, त्यस्तो पनि भएन । एनसिपीको सबैभन्दा ठुलो गल्ती यसले चुनेको गठबन्धन सहयात्री रह्यो । आफूलाई प्रगतिशील र उदारवादी युवाको प्रतिनिधित्व गर्ने दल दाबी गर्नेले चुनावमा अतिवादी इस्लामिक दल जमात-ए-इस्लामीसँग गठबन्धन गरेको थियो । यो पार्टीले दसकौंदेखि बंगलादेशको सांस्कृतिक विविधता, धर्मनिरपेक्षता र महिला सशक्तीकरणको मूल सिद्धान्तलाई चुनौती दिँदै आएको छ । अझ बंग्लादेश स्वतन्त्र हुन लडेको संघर्षमा यसले पाकिस्तानी सेनालाई सघाएको भन्ने भाष्य बलियो छ । तर, जमातसँग गठबन्धन गर्ने निर्णयको एनसिपीले प्रतिरक्षा गरिरह्यो । त्यसक्रममा उसका तर्क धेरै अमिल्दा देखिन्छन् र त्यसैले अहिले उसलाई नराम्रो असर पुऱ्यायो ।

आधुनिक समयमा, सामाजिक सञ्जाल गुनासाहरू एकताबद्ध गर्न, सरकारविरुद्ध आक्रोश व्यक्त गर्न अझ पछिल्लो उदाहरणमा सरकार नै ढाल्नसमेत प्रभावकारी प्लाटफर्म बनेको निश्चित हो । तर, विश्वका धेरै स्थानमा चुनावी अनुभवले सामाजिक सञ्जालबाट उदाएका शक्तिले आफूलाई चुनावी शक्ति बनाउन नसकेको देखाउँछ । चुनाव जित्न भने पार्टीको संगठन, बलियो नेतृत्व र संस्थागत उपस्थिति चाहिने रहेछ, सामाजिक सञ्जालको लोकप्रियता होइन ।

(जवाहरलाल नेहरू विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय अध्ययनमा विद्यावारिधि गरेका गुप्ता दक्षिण एसियाली राजनीतिमाथि कलम चलाउँछन्)

द प्रिन्टबाट

बंगलादेशको निर्वाचनमा यसरी चुक्यो एनसिपी

विद्यार्थी आन्दोलनबाट जन्मिएको नयाँ राजनीतिक दल नेसनल सिटिजन पार्टी (एनसिपी)ले बिहीबारको निर्वाचनमा अपेक्षा गरेअनुसारको परिणाम ल्याउन सकेन

फेब्रुअरी १२ बंगलादेशका लागि केवल आमचुनाव मात्र थिएन। नतिजाले बंगलादेश नेसनल पार्टी (बिएनपी) नेतृत्वको गठबन्धनले २१० सिटमा विजय हासिल गरेको देखाएको छ। परिणामले पार्टी अध्यक्ष तारिक रहमानको नेतृत्वमा नयाँ सरकार गठनका लागि आधार तयार पारेको छ र देशले लगभग ३५ वर्षमा पहिलो पुरुष प्रधानमन्त्री पाउँदै छ। सन् २०२४ को जनविद्रोहपछि भएको पहिलो राष्ट्रिय निर्वाचनले परिवर्तित अवस्थाको पुनर्गठन, संसद्मा विपक्षीको पुनर्व्यवस्था र संवैधानिक संक्रमणको परीक्षाको रूपमा एकैसाथ काम गऱ्यो। नागरिकहरूले आफ्ना प्रतिनिधि मात्र नभई जनमतसंग्रहमार्फत व्यापक सुधार एजेन्डा कार्यान्वयन गर्नेबारे पनि मतदान गरे। सुधार प्याकेजको कार्यान्वयनमा राष्ट्रिय जनमतसंग्रह भएको थियो, जसमा ६०.२६ प्रतिशत मतदाताको 'हुन्छ' मतले स्पष्ट बहुमत प्राप्त गरेको छ। चुनाव र जनमतसंग्रहले संक्रमणको स्थायित्वको परीक्षण गरेको छ र संवैधानिक सुधारले नयाँ व्यवस्थालाई स्थिर बनाउने अपेक्षा गरिएको छ।



● डा. काजी एएसएम नुरुल

डा. काजी एएसएम नुरुल हुडा ढाका विश्वविद्यालयमा दर्शनशास्त्रका सहप्राध्यापक हुन्।

विद्यार्थी आन्दोलनबाट जन्मिएको नयाँ राजनीतिक दल नेसनल सिटिजन पार्टी (एनसिपी)ले आन्तरिक असहमति, विशेषगरी महिलामाथि जमात-ए-इस्लामीको भेदभावपूर्ण अडानका बाबजुद उक्त पार्टीसँग गठबन्धन गरेर चुनावमा भाग लिएको थियो। एनसिपीसँग औपचारिक रूपमा सम्बद्ध नभएका व्यक्ति र अन्य प्रबुद्ध वर्गले पनि पार्टीलाई स्वतन्त्र रूपमा चुनाव लड्न आग्रह गरेका थिए। यी दबाबलाई बेवास्ता गर्दै एनसिपी गठबन्धनमा सामेल भयो र ३० निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार खडा गऱ्यो। एनसिपीले केवल ६ सिटमा विजयी गऱ्यो भने गठबन्धन साझेदार जमातले ६८ सिट जित्यो।

मैले व्यक्तिगत रूपमा देखेको छु कि त्यहाँ केही मतदाता थिए जसले एनसिपीलाई समर्थन गर्ने उद्देश्य राखेका थिए। तर रुढीवादी पार्टीसँग उसको गठबन्धनका कारण उनीहरू भड्किए। यी मतदाताहरूमध्ये धेरैले विभिन्न कारणले बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी)लाई पनि समर्थन गरेनन्। सीमित विकल्प बाँकी रहँदा, एक उल्लेखनीय संख्याले राजनीतिक रूपमा निराश महसुस गरे। केही पूर्णरूपमा मतदान गर्नबाट टाढा रहे भने जमातविरोधी भावना भएका अन्यले बिएनपीलाई मतदान गरे। स्वतन्त्र रूपमा चुनाव नलडेर एनसिपीले राष्ट्रव्यापी रूपमा आफ्नो राजनीतिक पूर्वाधार निर्माण गर्ने अवसर गुमायो, जसले लामो समयसम्म यसलाई फाइदा पुऱ्याउन सक्थ्यो।

अब एनसिपीले जमातको छायाँबाट बाहिर निस्कन द्रुतगतिमा अघि बढ्नुपर्छ। यसको पहिचान र सार्वजनिक छविमा पहिले नै उल्लेखनीय क्षति भइसकेको छ, गठबन्धनविना भाग लिएको भए गुमेको विश्वास प्राप्त गर्न गाह्रो हुने थिएन। वर्तमान 'क्रोधित राजनीति'को अभ्यासबाट टाढा जाँदै परिवर्तित रचनात्मक राजनीतितर्फ अगाडी बढ्दा एनसिपीले पुनः विश्वसनीयता प्राप्त गर्न सक्नेछ।



विशेषगरी महिलामाथि जमात-ए-इस्लामीको भेदभावपूर्ण अडानका बाबजुद उक्त पार्टीसँग गठबन्धन गरेर एनसिपीले चुनावमा भाग लिएको थियो। एनसिपीसँग औपचारिक रूपमा सम्बद्ध नभएका व्यक्ति र अन्य प्रबुद्ध वर्गले पनि पार्टीलाई स्वतन्त्र रूपमा चुनाव लड्न आग्रह गरेका थिए। यी दबाबलाई बेवास्ता गर्दै पार्टी गठबन्धनमा सामेल भयो।

बंगलादेशी राजनीतिको अग्रपंक्तिमा फर्कने सम्भावना रहेको एउटा मुद्दा स्वतन्त्रताको प्रश्न हो, जसले कहिल्यै राजनीतिक प्रासंगिकता गुमाएको छैन। अवामी लिगको अपदस्थपछि १९७१ को भावनाका लागि स्पष्ट आवाज उठाउने र त्यस अडानका लागि विपक्षीहरूले आलोचना गर्ने व्यक्तित्व किशोरगन्जका मोहम्मद फजलुर रहमानको चुनावी विजयले यो स्थायी विशेषतालाई चित्रण गर्दछ। उनको विजयको ठुलो अन्तरले मुक्ति युद्धको कथाको निरन्तर राजनीतिक शक्तिलाई संकेत गर्दछ।

वास्तवमा, अन्य प्रमुख दलहरूको तुलनामा १९७१ को भावनासँग बिएनपीको स्पष्ट र तुलनात्मक रूपमा बलियो आत्मीयताले आंशिक रूपमा २१० सिटको भारी विजयमा योगदान पुऱ्यायो। बिएनपीले आफ्नो सन्देशमा १९७१ र २०२४ दुवैको भावनालाई सन्तुलनमा राख्न सफल भयो जबकि केही अन्य दलहरूले २०२४ को क्रान्तिलाई मात्र जोड दिए र १९७१ को स्वतन्त्रतालाई कम महत्त्व दिए। यसो गर्दा, बिनएपीले सही रूपमा बुझ्यो कि राजनीति भनेको जनमत प्रतिबिम्बित गर्ने मात्र होइन, बरु यसलाई आकार दिने पनि हो र यसको विजयको मापनले त्यो रणनीतिको सार्वजनिक समर्थनलाई संकेत गर्दछ।

अर्कोतर्फ, मुख्य प्रतिपक्षी दल जमातका प्रमुख अमिरले अलजजिरासँगको अन्तर्वार्तापछि महिला नेतृत्वमाथिको आफ्नो अडानलाई लिएर तीव्र आलोचनाको सामना गर्नुपरेको थियो। धेरैले यो अडानलाई बहिष्कारवादी र महिलाविरोधीको रूपमा बुझेका थिए र यसले प्राप्त गरेको कुल सिटले आंशिक रूपमा यस विवादमा सार्वजनिक प्रतिक्रियालाई प्रतिबिम्बित गर्न सक्छ। यद्यपि, यसअघिको निर्वाचनमा १८ भन्दा बढी सिट सुरक्षित गर्न संघर्ष गरिरहेको पार्टीका लागि पर्याप्त महिला मतदाता समर्थनविना यसको हालको स्थितिमा पुग्न असम्भव हुने थियो। अवामी लिगको राजनीतिक गतिविधिमा प्रतिबन्धका कारणले बिएनपीको विकल्प नदेखेका मतदाताबाट वा व्यापक विपक्षी शून्यताभित्र उसले केही हदसम्म सफलता हासिले गरेको छ।

सामाजिक नैतिकताका प्रश्न बिएनपी नेतृत्वको भावी सरकारको विभिन्न दायित्वमध्ये एउटा दायित्वसँग जोडिएका छन्, विगत डेढ दशकदेखि समाजमा बल्झिएको घाउमा मलम लगाउने काम। अन्तरिम सरकारले अवामी लिग शासनले गरेको केही क्षतिलाई उल्टाउने अपेक्षा गरिएको थियो। तर, परिणाम उल्टो निस्कियो। प्रायः भिडले नै हिंसा बढाउन र कानुन व्यवस्था बिग्रन दिएर अस्थिरतालाई अझ गहिरो बनाउँदै गएको देखिन्थ्यो। समाजमा अमनचयन र शान्तिसुरक्षा कायम गर्नुको सट्टा भिडले नै शासन गर्न थालेको थियो। केही भिडले त धम्की दिएर मनपरी रकमसमेत उठाएको थियो, जसले जनताको विश्वासलाई कमजोर बनायो। त्यसकारण, सुरक्षा पुनर्स्थापना गर्नु आगामी सरकारको प्राथमिक उद्देश्य हुनुपर्छ, साथै राष्ट्रव्यापी जबर्जस्ती रकम असुल्ने सञ्जालविरुद्ध निर्णायक कारबाही पनि हुनुपर्छ।

नयाँ सरकारलाई २०२४ को जनविद्रोहको आकांक्षालाई सम्मान गर्ने जिम्मेवारी पनि दिइनेछ। जनमतसंग्रहको नतिजाले प्रमुख संवैधानिक सुधारका प्रस्ताव पारित हुने सम्भावना देखाएको छ। यहाँ सम्भवतः नतिजामुखी शासन व्यवस्था कायम गर्नु र भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु सबैभन्दा ठुलो चुनौती रहेको छ।

जुलाई बडापत्रका धेरै प्रावधानमा बिएनपी पार्टीको अडान जमात र एनसिपीको भन्दा फरक छ। जुलाई राष्ट्रिय बडापत्र (संवैधानिक सुधार) कार्यान्वयन आदेश, २०२५ मार्फत संरचित जनमतसंग्रह ढाँचाले बिएनपीको आपत्तिलाई संस्थागत महत्त्व दिएको देखिन्छ, जसले प्रारम्भिक संवैधानिक द्वन्द्वलाई संकेत गर्दछ। सुधार प्रक्रिया संवैधानिक संक्रमणलाई ट्र्याकबाट नहटाइकन असहमति व्यवस्थापन गर्न डिजाइन गरिएको थियो।

जुलाई बडापत्रलाई मतदाताहरूलाई सामूहिक सुधार सम्झौताको रूपमा प्रस्तुत गरिएको थियो, यद्यपि त्यो सम्झौताका सबै तत्व भविष्यको राजनीतिक संशोधनबाट अलग थिएनन्। जनमतसंग्रहको अनुमोदनले संवैधानिक असहमतिलाई निर्णायक रूपमा समाधान गर्दैन। यसले द्वन्द्वको सम्भावना पनि निम्त्याउन सक्छ। त्यसैले आगामी महिनामा देखापर्ने कुनै पनि अस्थिरता केवल पक्षपाती प्रतिद्वन्द्विताबाट मात्र उत्पन्न हुने सम्भावना कम छ। यो सुधार प्रक्रियाको डिजाइनबाट नै प्रवाहित हुन सक्छ।

(डेलि स्टारबाट)

इतिहासमा आज

फेब्रुअरी १६



सन् २००५ : रुसले अनुमोदन गरेसँगै औद्योगिक राष्ट्रहरूले उत्सर्जन गरिरहेको हरितगृह ग्यासमाथि सीमा तोक्नेसम्बन्धी 'क्योटो प्रोटोकल' कार्यान्वयनमा आयो।

सन् १२४९ : फ्रान्सका राजा लुई नवौंले मंगोल शासकसँग भेट्न एन्ड्रु अफ लङजुमिओलाई दूत बनाएर पठाए।

सन् १९१८ : लिथुआनियाले रुस र जर्मनीको नियन्त्रणबाट स्वतन्त्र भएको घोषणा गऱ्यो।

सन् १९४३ : दोस्रो विश्वयुद्धमा बेलायतको नेतृत्व गरिरहेका प्रधानमन्त्री विस्टन चर्चिललाई न्युमोनिया रोगले समात्यो।

सन् १९५९ : क्युबाली तानाशाह फुल्गेन्सियो बाटिस्टानलाई सत्ताच्युत गरेपछि क्रान्तिकारी नेता फिडेल क्यास्ट्रो सो देशका १६औं प्रधानमन्त्री बने।

सन् १९६८ : चर्चित ब्रिटिस ब्यान्ड बिटल्सका दुई सदस्य जोन लेनन र जर्ज ह्यारिसन श्रीमतीसहित महाऋषि महेश योगीको आश्रममा बस्न भारत आए।

सन् १९९२ : इथियोपियाका पूर्वराजा हेइली सेलासीको पार्थिव शरीर उनको मृत्यु भएको १५ वर्षपछि शाही दरबारको भुइँतलामा फेला पऱ्यो। सो दरबार हेइलीलाई अपदस्थ गरेपछि शासन गरेका तानाशाह मन्गिस्तु हेल मरियामले प्रयोग गरिरहेका थिए।

उत्तर कोरियामा किमले छनोट गरे छोरीलाई उत्तराधिकारी



प्योङयाङ / उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नी छोरीलाई उत्तराधिकारीका रूपमा छनोट गरेका छन्। किमले आफ्नी १३ वर्षीया छोरी किम जु ईईलाई उत्तराधिकारीका रूपमा छनोट गरेको दक्षिण कोरियाली गुप्तचर निकायले जनाएको छ। जु ईई पछिल्लो समयमा आफ्ना बाबुको उच्च तहका भ्रमणमा सहभागी भएकी थिइन्। सेप्टेम्बरमा किमको बेइजिङ भ्रमणका क्रममा उनी बाबुसँगै साथ थिइन्, जुन उनको पहिलो विदेश यात्रा थियो। सरकारी कार्यक्रममा पनि जु ईईको बाक्लो उपस्थिति रहेको अनुभव गरिएको राष्ट्रिय गुप्तचर सेवा (एनआइएस)ले जनाएको छ।

एनआइएसले यो महिनाको अन्त्यमा हुने उत्तर कोरियाको पार्टी कंग्रेसमा उनी भाग लिने कि नलिने भन्ने कुरामा पनि नजिकबाट निगरानी राख्ने बताएको छ। पार्टी कंग्रेस उत्तर कोरियाको सबैभन्दा ठुलो राजनीतिक कार्यक्रम हो जुन प्रत्येक पाँच वर्षमा एकपटक आयोजना गरिन्छ। पार्टी कंग्रेसमा प्योङयाङले आगामी पाँच वर्षका लागि विदेश नीति, युद्ध योजना र आणविक महत्त्वाकांक्षाजस्ता प्राथमिकताका बारेमा थप विवरण दिने अपेक्षा गरिएको छ। बिहीबार सांसद ली सेओङ-क्वेनले जु ईई अब किम वंशको उत्तराधिकारी भएको पत्रकारहरूलाई जानकारी दिए। 'किम जु ईईले कोरियाली जनसेना स्थापना दिवस र कुमसुसान दरबारको भ्रमणलगायत विभिन्न कार्यक्रममा आफ्नो उपस्थिति देखाएको र केही राज्य नीतिहरूमा उनले आफ्नो विचार व्यक्त गरेको संकेत पत्ता लागेको हुनाले, एनआइएसले विश्वास गर्छ कि उनी अब उत्तराधिकारीको रूपमा तोकिएको चरणमा प्रवेश गरेकी छिन्,' लीले भनिन्।

अमेरिकाको तेल प्रतिबन्धले संकट झेलेको क्युबा

क्युबा निर्यात हुने तेलमाथि अमेरिकाको कठोर नाकाबन्दीको असर विश्वले अनुमान गरेभन्दा भयावह छ

क्युबाको पछिल्लो संकट जनवरीमा डोनाल्ड ट्रम्पले क्युबालाई तेल आपूर्ति गर्ने जुनसुकै देशमाथि भारी भन्सार शुल्क लगाउने कार्यकारी अध्यादेशमा हस्ताक्षर गरेदेखि सुरु भएको हो। क्युबाका परम्परागत सहयोगी चीन र रुसले ट्रम्पको त्यस कदमप्रति आक्रोश व्यक्त गरे पनि अमेरिकी धम्कीपछि तेल आपूर्ति रोकेका छन्।

क्युबा अहिले चौतर्फी संकटमा छ। चार वर्षदेखि आर्थिक मन्दीले घेरिएको सो देशका झन्डै २० प्रतिशत जनसंख्या उच्च महँगीबाट बच्न देश छाडिसकेको तथ्यांकले देखाउँछ। ६७ वर्षदेखि कम्युनिस्ट सरकार रहेको क्युबा अहिले आफ्नो स्थापनापछि सबैभन्दा कमजोर अवस्थामा छ। जनवरीको सुरुमा क्युबाको सहयोगी भेनेजुएली सरकारविरुद्ध वासिङटनले सफल सैन्य कारबाही गरेयता ट्रम्प सरकारले त्यस्तै प्रयास हभानामा पनि गर्ने आशंका बढेको छ।

अमेरिकाको दबाबबिच दुई देशबिच उच्चस्तरमा वार्ता पनि चलिरहेको छ। अमेरिकी अधिकारीसँग उच्चस्तरीय वार्ताका लागि क्युबाली सरकारका प्रतिनिधिका रूपमा पूर्वराष्ट्रपति राउल क्यास्ट्रोका छोरा जनरल अलेजेन्ड्रो क्यास्ट्रो एस्पिन मेक्सिकोमा रहेको चर्चा छ। तथापि अहिलेसम्म प्रगतिको कुनै संकेत भने देखिएको छैन। बरु, हवानामा रहेका विभिन्न देशका कूटनीतिज्ञहरू भावी दिनमा अपनाउने विकल्पमाथि सोच्न थालेका छन्। अमेरिकी दबाबले उनीहरूकै कार्यालय तथा कार्यक्रमसमेत प्रभावित हुने देखिन्छ।



● रुआरिध निकोल

दुई उपन्यासका लेखक निकोल अब्जरबर म्यागेजिनका पूर्वसम्पादक हुन्।

इन्धनको चरम अभावका कारण गत वर्ष मेलिसा आँधीबाट पीडितहरूलाई राहत दिन खटिएको संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)को प्रयास प्रभावित भएको छ। यस टापु राष्ट्रमा न्यून उपस्थिति राख्दै आएको विश्व खाद्य कार्यक्रमले हालको इन्धन अभावका कारण थप ठुलो संकट आउन सक्ने आकलन गरेको छ। 'सहरबजारमा अहिले ताजा खाने कुराको उपलब्धता प्रभावित हुन थालिकेको छ,' डब्लुएफपीका क्युबा निर्देशक एटिएन लाबान्डेले भने। कूटनीति नियोगका कर्मचारीहरूले पनि इन्धन अभावका कारण बिजुली, पानी र खाद्यान्न ढुवानी छिट्टै प्रभावित हुनेप्रति चिन्ता व्यक्त गरे। 'केही हप्तामै अवस्था भयावह हुन सक्छ। आफ्नै उब्जनीमा भरपर्ने भएकाले ग्रामीण क्षेत्रमा त खाद्यान्न तथा पानीको अभाव नहोला, तर सहरबजारमा बस्नेहरू उच्च जोखिममा छन्,' एकजना कूटनीतिज्ञले नाम नबताउने सर्तमा द गार्जियनलाई भने।

क्युबाको पछिल्लो संकट जनवरीमा डोनाल्ड ट्रम्पले क्युबालाई तेल आपूर्ति गर्ने जुनसुकै देशमाथि भारी भन्सार शुल्क लगाउने कार्यकारी अध्यादेशमा हस्ताक्षर गरेदेखि सुरु भएको हो। क्युबाका परम्परागत सहयोगी चीन र रुसले ट्रम्पको त्यस कदमप्रति आक्रोश त व्यक्त गरे। तथापि, तिनले पनि अमेरिकी धम्कीपछि तेल आपूर्ति रोकेका छन्।

गत वर्ष भेनेजुएलालाई उछिनेर सो टापु मुलुकको सबैभन्दा ठुलो तेल आपूर्तिकर्ता बनेको मेक्सिकोले तेल ट्यांकर पठाउन बन्द गरेको छ। तथापि, मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबाउमले टापुमा मानवीय विपत्ति आउन सक्ने चेतावनी दिइरहेकी छिन्। 'अमेरिकाले अत्यन्त अनुचित तरिकाले लगाएको प्रतिबन्धका कारण क्युबाली जनताले अहिले भोगिरहेको अवस्थालाई कसैले पनि बेवास्ता गर्नुहुँदैन,' मंगलबार मात्रै सेनबाउमले भनिन्। यसबिच मेक्सिकोले क्युबामा ८०० टन सहायता सामाग्री पठाएको छ।



उता २८ जनवरीमा क्युबाका लागि अमेरिकी चार्ज डि'अफेर माइक ह्यामरले टापुमा ६८ वर्षको अमेरिकी प्रतिबन्धको उल्लेख गर्दै भने, 'क्युबालीहरूले वर्षौंदेखि नाकाबन्दी भन्दै आएका छन् नि। उनीहरूले वास्तविक नाकाबन्दी के हो अब थाहा पाउनेछन्।' क्युबामै रहेका ह्यामरले उक्त अभिव्यक्ति दिएरको केही समयपछि पूर्वी क्युबाको भ्रमण सुरु गरे। त्यसक्रममा उनले अमेरिकी सहायता वितरण गरे। त्यही भ्रमणमा सरकार समर्थित प्रदर्शनकारीहरूको समूहले उनको दुर्व्यवहार गरेको समाचार आएको थियो। त्यसपछि उनी भ्याटिकन गएका छन्। क्याथोलिक बहुल जनसंख्या रहेको टापुमा भ्याटिकनको प्रभाव रहेको मानिन्छ।

क्युबाको अमेरिकी दूतावासका एक प्रवक्ताले आफूहरूले अन्य कूटनीतिक नियोगका सहकर्मीसँग नियमित भेटघाट हुने गरेको बताउँदै भनिन्, 'ती भेटमा भएका कुराकानी भने बताउन मिल्दैन।' क्युबा निर्यात हुने तेलमाथि अमेरिकी नाकाबन्दीको असर धेरैले सोचेभन्दा छिटो देखिएको छ। यसैले पनि कूटनीतिक नियोगका कर्मचारी थप चिन्तित बनेका छन्।

क्यानडादेखि क्युबा पर्यटक उडान गर्ने तीनवटा विमान सेवाले भर्खरै उडान इन्धनको अभावका कारण यसै हप्तादेखि आफ्नो सेवा निलम्बन गरेको छ। त्यस कदमलाई दुई रुसी वायुसेवाले पनि पछ्याए। पाँचै वायुसेवाले यात्रुहरूलाई स्वदेश फिर्ता गर्ने प्रक्रिया सुरु गरेका छन्। सन् २०२५ मा साढे सात लाख क्यानेडियनहरूले क्युबाको भ्रमण गरेका थिए, जुन अहिलेसम्मकै सबैभन्दा ठुलो संख्या हो। क्यानेडियनपछि क्युबामा आउनेमा विदेशमा बसोवास गर्ने क्युबाली प्रवासी र तेस्रो स्थानमा रुसी पर्यटक थिए।

बुधबार, बेलायतको विदेश मन्त्रालयले क्युबामा अत्यावश्यक भ्रमणबाहेकको यात्रा रद्द गर्न सिफारिस गरेको छ। तेल आपूर्तिमाथिको नाकाबन्दीले क्युबाली सरकारको विदेशी मुद्रा कमाउने क्षमतामा कमजोर बनाइरहेको समयमा क्युबालीहरूले इन्धनविना जीवनको तयारी सुरु गरेका छन्। 'अहिलेको अवस्था सन् १९६२ को क्षेप्यास्त्र संकटजस्तै महसुस हुन थालेको छ। त्यतिबेला मानिसहरू मनमा चिन्ता लिएर आफ्नो जीवन गुजार्न बाध्य भएका थिए,' एकजना क्युबाली नागरिकले भने। क्युबा सरकारले यसअघि नै विश्वविद्यालय, माध्यमिक विद्यालय र अत्यन्त जरुरीबाहेकका सरकारी कार्यालय बन्द गरिसकेको छ। भएको इन्धन बचाउन सार्वजनिक यातायातको प्रयोगमा रोक लगाइएको छ।

हवाना विश्वविद्यालयमा आणविक भौतिकशास्त्र पढिरहेका २२ वर्षीय एड्रियन रोड्रिगेज सुआरेज पूर्वी सहर होल्गुइनका हुन्। हाल विश्वविद्यालयको होस्टेल बसिरहेका सुआरेजलाई अब आफ्नै सहर फर्किएर अनलाइन कक्षा लिन भनिएको छ। 'बिहीबार हामीलाई यो खबर सुनाइएदेखि सक्नेजति घर फर्किसकेका छन्। तर, मलाई भने घरतिरकै अवस्थाले पनि चिन्ता लागेको छ। घरमा जान रमाइलै हुन्छ, तर त्यहाँबाट अध्ययन गर्न गाह्रो हुनेवाला छ। हवानाबाहिर बिजुलीको उपलब्धता उल्लेख्य कम छ,' सुआरेजले भने।

धेरैले सुआरेजजस्तै चिन्ता सामाजिक सञ्जालमार्फत व्यक्त गरिरहेका छन्। एकजना फेसबुक प्रयोगकर्ताले लेखेका छन्, 'मार्चमा मेरो विवाह हुँदै छ। तर, अहिले आएर सो महिनाका सबै विवाह रद्द गर्न भनिँदै छ। होइन, के हुँदैछ ? कसैलाई केही थाहा छ ?' केहीले आवश्यक पर्नेहरूलाई मद्दत गर्ने प्रयास गरेको पनि देखिन्छ। 'हभानाको क्यालिस्टो अस्पतालमा केमोथेरापी, डायलाइसिस र आपत् कालीन अवस्थाका मानिसहरूलाई मेरो गाडीमा निःशुल्क यात्राको सुविधा दिनेछु,' एकजना मोटरसाइकल ट्याक्सी चलाउने व्यक्तिले सामाजिक सञ्जालमा पोस्ट गरे। केही व्यक्तिलाई भने संकटबाट पनि फाइदा भइरहेको छ। जस्तो हवानाको ला लिसा बस्तीमा बस्ने एक व्यक्तिको दाउराबाट खाना पकाउन मिल्ने आलमुनियम र ग्याल्भेनाइज्ड जिंक बर्नरहरूको बिक्री ह्वात्तै बढेको छ। 'मेरी आमाले कोइलाबाट खाना पकाउन थालेकी छन्,' ग्रामीण नगर सान्क्टी स्पिरिटसनिवासी एकजना महिलाले भनिन्।

उता यसैबिच, कूटनीतिक नियोगहरूले परिस्थिति थप बिग्रियो भने देश छाड्नेसम्म योजना बनाइरहेका छन्। 'यदि हामी काम गर्न सक्दैनौं भने हामी यहाँ हुनुको के अर्थ ?' एकजना कूटनीतिज्ञले नाम नलेख्ने सर्तमा भने, 'हामी परिस्थितिमाथि नजर राखेर बसेका छौं।'

हवाना सहरका सबैभन्दा चर्चित पर्यटकीय गन्तव्यमा पनि चहलपहल घट्न थालेको छ। यारिनी त्यस्तै एक चर्चित रुफटप बारहरूमध्ये एक हो, । प्रायः भरिभराउ हुने बार खाली थियो। कुनाका दुई टेबलमा मात्र ग्राहक थिए। तर, उनीहरू न त स्थानीय थिए, न त पर्यटक नै। उनीहरू थिए, विश्वको अन्तिम कम्युनिस्ट राज्यमध्ये एक क्युबाली सरकारको सम्भावित पतनको कभर गर्ने आशामा देश नछाडेका पत्रकार।

(द गार्जियनबाट)

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ४ फागुन ०८२

घरजग्गा कारोबारबाट सात महिनामा २७ अर्ब राजस्व



■ कुन महिना कति कारोबार ?

महिना	०८१/८२	०८२/८३
साउन	४३८३५	३१६२१
भदौ	३२७९८	२७४९४
असोज	३०५२७	२३३५३
कात्तिक	३३५१४	२८३८३
मंसिर	४३३७९	५१६३२
पुस	४८१५६	५१८८८
माघ	४६०६९	५०८३७

स्रोत : भूमि व्यवस्थापन तथा अभिलेख विभाग

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो सात महिनामा घरजग्गा कारोबारबाट सरकारलाई प्राप्त हुने राजस्व ९.१२ प्रतिशतले बढेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले सार्वजनिक गरेको माघ मसान्तसम्मको तथ्यांकअनुसार चालू आवको पहिलो सात महिनामा भने २६ अर्ब ९६ करोड ४८ लाख ७८ हजार रुपैयाँ राजस्व उठेको छ। गत आवको पहिलो सात महिनामा भने २४ अर्ब ७१ करोड एक लाख रुपैयाँ राजस्व उठेको थियो। गत आवमा घरजग्गा कारोबारबाट ५३ अर्ब ५८ करोड ८२ लाख रुपैयाँ राजस्व संकलन भएको थियो। घरजग्गा कारोबार गर्दा लाग्ने पुँजीगत लाभकरलगायतका शीर्षकमा सो रकम करबापत संकलन भएको विभागको तथ्यांक छ।

मुख्यतः मंसियरता घरजग्गा कारोबारबाट उठ्ने राजस्व बढेको छ। सरकारले जग्गा वर्गीकरण गर्न दिएको म्याद गत असारमा सकिएको थियो। तर, त्यसवेला सात सय ५३ मध्ये दुई सय ५३ पालिकामा मात्रै जग्गा वर्गीकरण भएको थियो। पाँच सय पालिकामा जग्गाको वर्गीकरण बाँकी नै थियो। जग्गाको वर्गीकरण नभएसम्म कित्ताकाट पनि गर्न नपाउने व्यवस्था भएकाले साउनयता घरजग्गा कारोबार प्रभावित भयो। त्यो अवस्थामा सरकारले २५ कात्तिकमा भूउपयोग नियमावलीको तेस्रो संशोधन गर्दै जग्गा वर्गीकरण गर्ने म्याद आगामी असारसम्म पुऱ्याएको छ। त्यसले जग्गाको कित्ताकाट खुलेसँगै मंसियरता कारोबार पनि बढेको छ। त्यसले राजस्व बढाएको छ।

विभागको तथ्यांकअनुसार साउनमा तीन अर्ब २८ करोड ९१ लाख ३८ हजार रुपैयाँ, भदौमा तीन अर्ब १४ करोड सात लाख १६ हजार रुपैयाँ, असोजमा दुई अर्ब ७५ करोड ८५ लाख ५७ हजार रुपैयाँ र कात्तिकमा दुई अर्ब ७४ करोड ५१ लाख ७२ हजार रुपैयाँ राजस्व उठेको थियो। यसैगरी, मंसिरमा चार अर्ब ८४ करोड ८१ लाख ५४ हजार रुपैयाँ, पुसमा पाँच अर्ब १७ करोड ३२ लाख १४ हजार रुपैयाँ माघमा पाँच अर्ब ९९ लाख २४ हजार रुपैयाँ राजस्व उठेको विभागको तथ्यांकमा देखिन्छ।

सात महिनामा दुई लाख ६५ हजार कारोबार

समीक्षा अवधिमा घरजग्गा कारोबारको संख्या भने ४.६९ प्रतिशतले घटेको छ। गत आवको पहिलो सात महिनामा दुई लाख ७८ हजार दुई सय ७८ वटा कारोबार भएका थिए। चालू आवको सात महिनामा दुई लाख ६५ हजार दुई सय आठवटा यस्तो कारोबार भएको विभागको तथ्यांकमा उल्लेख छ। गत आवमा भने देशभर पाँच लाख ९० हजार पाँच सय ४३ वटा घरजग्गा कारोबार भएका थिए। कारोबार संख्या कम भएपछि जग्गाको मूल्य र मूल्यवृद्धि बढी भएको अवस्थामा राजस्व संकलन बढ्न सक्छ।

कित्ताकाट रोकिएसँगै गत साउन, भदौ, असोज र कात्तिकमा कारोबार संख्या न्यून थियो। तर, मंसियरता घरजग्गा कारोबार संख्या उच्च छ। तथ्यांकअनुसार साउनमा ३१ हजार ६ सय २१, भदौमा २७ हजार चार सय ९४, असोजमा २३ हजार तीन सय ५३ र कात्तिकमा २८ हजार तीन सय ८३ घरजग्गा कारोबार भएका थिए। कित्ताकाट खुलेसँगै मंसिरमा ५१ हजार ६ सय ३२, पुसमा ५१ हजार आठ सय ८८ र माघमा ५० हजार आठ सय ३७ कारोबार भएका छन्।

■ ०८२/८३ कुन महिना कति राजस्व ?

साउन	३ अर्ब २८ करोड ९१ लाख ३८ हजार
भदौ	३ अर्ब १४ करोड सात लाख १६ हजार
असोज	२ अर्ब ७५ करोड ८५ लाख ५७ हजार
कात्तिक	२ अर्ब ७४ करोड ५१ लाख ७२ हजार
मंसिर	४ अर्ब ८४ करोड ८१ लाख ५४ हजार
पुस	५ अर्ब १७ करोड ३२ लाख १४ हजार
माघ	५ अर्ब ९९ लाख २४ हजार

■ ०८१/८२ कुन महिना कति राजस्व ?

साउन	३ अर्ब ८३ करोड ५० लाख ८२ हजार
भदौ	३ अर्ब ९ करोड २ लाख ५९ हजार
असोज	३ अर्ब ८ करोड १२ लाख ४१ हजार
कात्तिक	२ अर्ब ७० करोड ४० लाख ४६ हजार
मंसिर	३ अर्ब ८७ करोड ४८ लाख २६ हजार
पुस	४ अर्ब २५ करोड २२ लाख २१ हजार
माघ	३ अर्ब ८७ करोड २४ लाख ८१ हजार

■ राष्ट्र बैंक ऐन, ०५८ संशोधनको मस्यौदा तयार

डिजिटल बैंक सञ्चालन र डिजिटल करेन्सी जारी गर्ने व्यवस्था

रिक्त हुनु एक महिनाअगावै गभर्नर वा डेपुटी गभर्नर नियुक्त गरिसक्नुपर्ने

राष्ट्र बैंक ऐन, ०५८ लाई संशोधन गर्नुपर्ने रायसहितको प्रस्ताव २४ साउनमा केन्द्रीय बैंकले अर्थ मन्त्रालयमा पठाएको थियो। अर्थले विधेयकको मस्यौदा राय-सुझावका लागि सार्वजनिक गरेको छ।



पवन तिमिल्सिना/नयाँ पत्रिका

डिजिटल बैंकको लाइसेन्स र डिजिटल करेन्सी जारी गर्ने अधिकारसहित नेपाल राष्ट्र बैंक ऐन, २०५८ संशोधनको मस्यौदा तयार भएको छ। ऐनको संशोधनको प्रस्तावित मस्यौदामा डिजिटल बैंक र डिजिटल करेन्सीलाई पनि परिभाषित गरिएको छ।

डिजिटल बैंकलाई भौतिक शाखा वा सञ्जालविना डिजिटल माध्यमबाट वित्तीय कारोबार सञ्चालन गर्न बैंकबाट इजाजतप्राप्त वित्तीय संस्थाका रूपमा परिभाषित गरिएको छ। त्यस्तै, डिजिटल करेन्सीलाई केन्द्रीय बैंकबाट जारी आधिकारिक मुद्राकै रूपमा परिभाषित गरिएको छ।

गत वर्ष २४ साउनमा राष्ट्र बैंक सञ्चालक समितिले संशोधनको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाएको थियो। सोही मस्यौदालाई अर्थले १ फागुनमा राय-सुझाव संकलन प्रयोजनका लागि सार्वजनिक गरेको हो। मन्त्रालयले सात दिनभित्र राय-सुझाव पेस गर्न आह्वान गरेको छ।

प्रस्तावित मस्यौदामा मुद्राको परिभाषामा 'डिजिटल मुद्रा' पनि थपिएको छ। मस्यौदामा केन्द्रीय बैंकलाई डिजिटल बैंकको लाइसेन्स जारी गर्ने कानुनी बाटो खुलाउने प्रस्ताव पनि गरिएको छ। वित्तीय संस्थाको परिभाषाअन्तर्गत केन्द्रीय बैंकबाट इजाजत लिने डिजिटल बैंकलाई पनि मस्यौदामा समेटिएको हो।

■ मूल्य स्थिरता नै मूल उद्देश्य

मस्यौदामा केन्द्रीय बैंकको मूल उद्देश्य मूल्य स्थिरता हुनुपर्ने प्रस्ताव छ। यो उद्देश्यको प्रतिकूल नहुने गरी मात्रै बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्र स्थिर कायम गर्नुपर्ने उल्लेख छ। त्यस्तै, मूल्य स्थिरतामा असर नपार्ने गरी सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग गर्ने भनिएको छ।

हाल केन्द्रीय बैंकको उद्देश्यमा आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्न आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति-निर्माण गरी सोको व्यवस्थापन गर्ने उल्लेख छ। यो उद्देश्यमा प्रतिकूल नहुने गरी सरकारको आर्थिक नीतिमा सहयोगी भूमिका निर्वाह गर्न सकिने उल्लेख छ। त्यस्तै, वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने व्यवस्था छ। सुरक्षित, स्वास्थ्य तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने पनि उल्लेख छ।

फिनटेक क्षेत्रका व्यक्ति पनि सञ्चालक हुने व्यवस्था हटाइयो

यसअघि अर्थले तयार पारेको मस्यौदामा सूचना प्रविधिका माध्यमबाट वित्तीय सेवा पुऱ्याउने फिनटेक क्षेत्रका व्यक्ति पनि राष्ट्र बैंकको सञ्चालक समितिमा सदस्य बस्न पाउने प्रस्ताव थियो। तर, सार्वजनिक मस्यौदामा भने यो योग्यता हटाइएको छ। हाल आर्थिक, मौद्रिक, बैंकिङ र वाणिज्य कानुनको क्षेत्रका व्यक्ति मात्रै सञ्चालक हुने व्यवस्था छ। त्यस्तै, बैंक तथा वित्तीय संस्थाको अधिकतम सेयर स्वामित्व एक प्रतिशतभन्दा बढी नभएको व्यक्ति पनि सदस्य हुने व्यवस्था राखिएको छ। हाल यो ५ प्रतिशत कायम छ।

एक महिनाअगावै गभर्नर वा डेपुटी गभर्नर नियुक्त गरिसक्नुपर्ने

बहालवाला गभर्नर वा डेपुटी गभर्नरको पद रिक्त हुनु कम्तीमा एक महिनाअगावै पदपूर्ति भइसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। हाल रिक्त हुनुभन्दा एक महिनाअघि आवेदन खुलाउनुपर्ने व्यवस्था छ। त्यस्तै गभर्नर, डेपुटी वा सञ्चालक हुन कम्तीमा १० वर्षको अनुभव चाहिने व्यवस्था प्रस्ताव गरिएको छ। केन्द्रीय बैंकको गभर्नर, डेपुटी गभर्नर र सञ्चालकमा नियुक्ति लिँदा बैंक तथा वित्तीय संस्थामा एक प्रतिशतभन्दा बढी सेयर नभएको हुनुपर्ने उल्लेख छ। हाल यो सीमा अधिकतम पाँच प्रतिशत छ। त्यस्तै, बैंकिङ कसुरमा सजाय पाएको व्यक्ति पनि अयोग्य हुने व्यवस्था मस्यौदामा उल्लेख छ।



गभर्नरको छानबिन उच्च अदालतको पूर्वन्यायाधीशबाट

गभर्नरमाथि कुनै आरोप लागेको अवस्थामा छानबिन गर्नुपर्ने भए उच्च अदालतको पूर्वन्यायाधीशको अध्यक्षतामा जाँचबुझ समिति बनाउनुपर्ने प्रस्ताव छ। अहिले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राख्ने व्यवस्था छ। त्यस्तै, समितिमा पूर्वगभर्नरलाई समेत सदस्यका रूपमा राख्नुपर्ने प्रस्ताव छ। सरकारले ३० दिनभित्र हटाउने वा पुनर्बहालीको निर्णय लिनुपर्ने नयाँ प्रस्ताव छ।

गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकमाथि छानबिन प्रक्रिया सुरु हुनुअगावै सफाइको मौका दिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। हाल पदमुक्त गर्नुअघि सम्बन्धित व्यक्तिलाई सफाइको मौका दिनुपर्ने व्यवस्था छ। त्यस्तै, आर्थिक वर्ष सुरु भएको १५ दिनभित्रमा मौद्रिक नीति-निर्माण, घोषणा र प्रकाशन गरिसक्नुपर्ने प्रस्ताव गरिएको छ।

असल कर्जाको सुरक्षणमा पुनर्कर्जा दिन पाउने व्यवस्था

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई एक वर्षका लागि पुनर्कर्जा दिन सक्ने व्यवस्था राखिएको छ। त्यस्तै, प्रस्तावित मस्यौदामा बैंक तथा वित्तीय संस्थाले असल कर्जाको सुरक्षणमा पनि पुनर्कर्जा पाउने उल्लेख छ। हाल अन्तर्राष्ट्रिय विनिमय अधिकारपत्र, ऋणपत्र, निक्षेप, सुन तथा बहुमूल्य धातु, विनिमयपत्र वा प्रतिज्ञापत्रको सुरक्षणमा मात्रै पुनर्कर्जा लिन पाइने व्यवस्था छ।

तीन आवको राजस्वको पाँच प्रतिशतसम्म केन्द्रीय बैंकले ऋणपत्र खरिद गर्न सक्ने

केन्द्रीय बैंकले सरकारबाट खरिद गरी आफ्नो स्वामित्वमा लिएको ऋणपत्रको कुल रकम अघिल्लो तीन आर्थिक वर्षको राजस्वको पाँच प्रतिशतभन्दा बढी हुन नपाउने व्यवस्था प्रस्ताव गरिएको छ।

हाल अघिल्लो एक आर्थिक वर्षको राजस्वको मात्रै १० प्रतिशत बढ्न नपाउने व्यवस्था छ। त्यस्तै, सरकार वा सरकारी स्वामित्वका संस्थानले केन्द्रीय बैंकबाट लिने ऋण अघिल्लो आर्थिक वर्षको राजस्वको पाँच प्रतिशत ननाघ्ने गरी लिन पाउने प्रस्ताव गरिएको छ।

वीरगन्ज भन्सारमा लक्ष्यको ८८ प्रतिशत राजस्व संकलन

वीरगन्ज/ चालू आर्थिक वर्षको सात महिनामा वीरगन्ज भन्सार कार्यालयमा एक खर्ब ३५ अर्ब ४८ करोड राजस्व संकलन भएको छ। कार्यालयले साउदेखि माघसम्म एक खर्ब ५३ अर्ब ८४ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो। तर, समीक्षा अवधिमा लक्ष्यको ८८.०७ प्रतिशत राजस्व संकलन गरेको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ। कार्यालयले साउनमा १८ अर्ब ४४ करोड, भदौमा २० अर्ब ७३ करोड, असोज महिनामा १९ अर्ब नौ करोड राजस्व संकलन गरेको थियो। त्यस्तै, कात्तिकमा १७ अर्ब ३३ करोड र मंसिरमा भने २० अर्ब ८० करोड राजस्व संकलन भएको छ।

त्यस्तै, पुसमा पनि २० अर्ब २० करोड राजस्व संकलन गरेको छ। कार्यालयले माघमा मात्र २१ अर्ब २९ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेकामा १८ अर्ब ९० करोड राजस्व संकलन गरेको छ। भन्सार विभागले वीरगन्ज भन्सार कार्यालयलाई वर्षभरिमा दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको छ।

४० स्थानीय तहले बनाए ऊर्जा दक्ष भवन निर्माणसम्बन्धी नीति

२६४ वटा हरित भवन निर्माण

नयाँ पत्रिका

नेपालको ऊर्जा दक्ष, न्यून-कार्बन तथा जलवायु उपयुक्त भवन निर्माण प्रवर्द्धन गर्ने लक्ष्यसहित सञ्चालन गरिएको चारवर्षे 'बिल्डिङ इनर्जी इफिसेन्सी इन नेपाल' (बिन) परियोजनाअन्तर्गत दुई सय ६४ भवन निर्माण गरिएको छ। अस्ट्रियाको युनिभर्सिटी अफ इन्सब्रुकको नेतृत्वमा नेपालका मिनर्जी प्रालि, भारतको ग्रिनटेक नलेज सोलुसन्स प्रालि र स्पेनको एसोसियासियोन एस्पान्योला दे नोर्मालिसासियोनको सहकार्यमा सञ्चालन भएको परियोजना बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ६० स्थानीय तहमा कार्यान्वयन गरिएको थियो। यी भवनहरूमा गरिएको अध्ययनले भित्री तापक्रममा ९ डिग्री सेल्सियससम्मको भिन्नता र ८८ प्रतिशतसम्म 'डिसकम्फर्ट आवर' (असहज समय)मा कमी आएको देखाएको परियोजनाले जारी विज्ञप्तिमा जनाएको छ। यस अवधिमा परियोजनाले सूक्ष्म, साना तथा मध्यम उद्यम (एमएसएमइज)लाई तालिम र सशक्तीकरण कार्यक्रम सञ्चालन गरेको छ।

यसैगरी, निष्क्रिय शीतलीकरण (प्यासिभ कुलिङ) र हलो बिक्रिसजस्ता नवीन प्रविधिको प्रवर्द्धन, नीतिगत संवादमा सहयोग तथा ऊर्जा-दक्ष भवनका बहुआयामिक फाइदाबारे जनचेतना अभिवृद्धि गरेको बताइएको छ। यस अवधिमा ४० स्थानीय तहले ऊर्जा दक्ष भवन निर्माणसम्बन्धी उपनियम वा कार्यविधि स्वीकृत गरेका छन्।

साथै, राष्ट्रियस्तरका तीनवटा र प्रदेशस्तरको एकवटा नीतिगत दस्तावेज तयार पारिएको छ। भवन निर्माण क्षेत्रमा आबद्ध नौ सय ६१ साना तथा मझौला उद्यमलाई ऊर्जा दक्ष डिजाइन, सामग्री उत्पादन र प्रविधिसम्बन्धी तालिम प्रदान गरिएको छ।

रोजगारीका लागि एक सय ७० युवा कोरिया र इजरायल पठाइँदै

नयाँ पत्रिका



सरकारले जिटुजी प्रक्रियामार्फत नेपाली कामदार पठाउँदै आएको दक्षिण कोरिया र इजरायलमा चाँडै एक सय ७० युवा पठाउने गरी रोस्टर सार्वजनिक गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार १०, ११ र १३ फागुनमा कोरियामा कुल एक सय ५५ युवा पठाउन लागिएको छ। त्यस्तै, केयर गिभरको रोजगारीका लागि इजरायलमा १५ युवा पठाउन लागिएको हो।

इपिएस शाखाका अनुसार १० फागुनमा ९५, ११ फागुनमा ५० र १३ फागुनमा १० युवालाई रोजगारीका लागि कोरिया पठाउने निश्चित भएको छ। उनीहरूको नामसमेत सार्वजनिक गरेर शाखाले श्रम स्वीकृति लिई आवश्यक कागजातसमेत तयार गर्न सूचित गरेको छ। शाखाका अनुसार कोरिया जानका लागि छनोटमा परेका युवाले ४६.२० डलरबराबरको नेपाली रुपैयाँ सम्बन्धित बैंक खातामा जम्मा गर्नुपर्नेछ। त्यस्तै, कम्तीमा ६ वर्षको वैदेशिक रोजगार आवधिक जीवन बिमा गर्नुपर्ने, वैदेशिक रोजगार कल्याणकारी कोषमा २५ सय रुपैयाँ दाखिला गर्नुपर्ने, सामाजिक सुरक्षा कोषमा न्यूनतम २५ सय ९६ रुपैयाँ राख्नुपर्ने, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट पूर्वअभिमुखीकरण तालिमको प्रमाणपत्र लिनुपर्ने, स्वास्थ्य परीक्षण गराउनुपर्नेलगायतका सबै काम सक्न शाखाले जानकारी गराएको छ।

वैदेशिक रोजगार विभागले १० जनाको नाम सार्वजनिक गर्दै केयर गिभर रोजगारीका लागि इजरायलन जान छनोट भएकाले करार सम्झौता गर्न सूचित गरेको छ। इजरायलस्थित रोजगारदाता कम्पनीबाटै छनोटमा परिसकेकाले विभागमा सोमबार उपस्थित भई करार सम्झौता गर्न बोलाइएको हो।

कामदार र विभागबिच करार सम्झौता भएपछि भिसा सहजीकरणको प्रक्रिया सरकारले नै सुरु गर्नेछ। विभागमा करार सम्झौता गर्न आउँदा म्याद रहेको प्रहरी रिपोर्ट, राहदानी, स्वास्थ्य परीक्षण रिपोर्टलगायतका कागजात साथमै ल्याउन पनि सूचित गरिएको छ।

निगमले खोलेको डिपोबाट नियमित ग्यास बिक्री

टेकुस्थित पुरानो कार्यालयबाट नेपाल, एभरेस्ट र सुगम ग्यासको सिलिन्डर बिक्री भइरहेका छन्

नयाँ पत्रिका

आपूर्ति सहज गर्न आयल निगमले टेकुस्थित पुरानो कार्यालयमा राखेको अस्थायी डिपोबाट नियमित रूपले ग्यास बिक्री भइरहेको छ। निगमका अनुसार हालसम्म उक्त स्थानबाट नौ सय ९६ वटा नेपाल, एभरेस्ट र सुगम ग्यासको सिलिन्डर बिक्री भएका छन्।

निगम प्रवक्ता मनोज ठाकुरका अनुसार डिपो सञ्चालन गरिएको पहिलो दिन बुधबार ६५ वटा ग्यास सिलिन्डर बिक्री भएका थिए। त्यसपछि बिहीबार तीन सय ९१, शुक्रबार चार सय र आइतबार एक सय ४० वटा ग्यास सिलिन्डर बिक्री भएको ठाकुरले जानकारी दिए। 'ग्यास नपाएर भौंतारिनुपरेका उपभोक्तालाई सहजीकरण गर्न टेकुस्थित कार्यालयमा राखिएको डिपोबाट नियमित रूपले ग्यास बिक्री भइरहेको छ,' उनले भने, 'उपभोक्ताहरूले कार्यालय समयमा आएर लिनेक्रम जारी छ।'

निगमका अनुसार एभरेस्ट र सुगम ब्रान्डका पाँच सय सिलिन्डर र नेपाल ब्रान्डका चार सय ९६ सिलिन्डर ग्यास बिक्री भएका छन्। एभरेस्ट र सुगम ग्यासका सञ्चालक एउटै भएकाले उपभोक्ताले दुईमध्ये जुन सिलिन्डर लिएर आए पनि निगमको कार्यालयबाट एभरेस्ट ग्यास लैजाने सुविधा दिइएको छ। काठमाडौं उपत्यकामा नेपाल ग्यासका सबैभन्दा धेरै आठ लाख र त्यसपछि एभरेस्ट ग्यासका पाँच लाखभन्दा बढी सिलिन्डर छन्। दुवै ग्यासका उपभोक्तालाई सहज गराउन निगमले अस्थायी डिपो राखेर बिक्री थालेको जनाएको छ।



निगमका अनुसार नेपाल ग्यासको सिलिन्डर बुधबार ३५, बिहीबार एक सय ९१, शुक्रबार दुई सय र आइतबार ७० थान बिक्री भएका छन्। त्यस्तै, एभरेस्ट र सुगम ग्यासका सिलिन्डर बुधबार ६५, बिहीबार र शुक्रबार समान दुई सय र आइतबार ७० थान सिलिन्डर बिक्री भएका छन्। प्रवक्ता ठाकुरले आपूर्ति सहज हुन्जेलसम्म उपभोक्ताले टेकुस्थित कार्यालय गएर तीनवटै ब्रान्डका ग्यास खरिद गर्न सक्ने बताए।

'कार्यालय समयमा उपभोक्ताहरू टेकु गएर तीनवटै ब्रान्डका सिलिन्डर साटेर ग्यास लैजान सक्नुहुन्छ,' उनले भने। टेकु कार्यालयमा निगमले अस्थायी डिपो सञ्चालन गरेपछि बजारमा आपूर्ति सहजताका लागि दबाब बढेको उनले बताए।

■ आयातमा पनि वृद्धि

आयल निगमले ग्यास आयात पनि बढाइरहेको जनाएको छ। दैनिक औसत ९० बुलेट ग्यास आयात हुने गरेकामा अहिले औसत एक सय ३० बुलेटभन्दा बढी आयात भइरहेको प्रवक्ता ठाकुरले जानकारी दिए। 'फेब्रुअरी महिनाका लागि कोटा बढाएर आयात पनि वृद्धि गराएका छौं,' उनले भने, 'उद्योगीले इन्डियन आयल कर्पोरेसनको बरौनी, दुर्गापुर, पाराद्विप, मथुरा र हल्दिया रिफाइनरीबाट ग्यास उठाइरहेका छन्।'

आइओसीको पाँचवटै डिपोबाट अहिले लोडिङ पनि नियमित भइरहेको उनले जानकारी दिए। एक महिनाअघि भने सबैभन्दा धेरै ग्यास लोड हुने बरौनी मर्मतका लागि बन्द हुँदा आयात नै प्रभावित भएको थियो। मर्मत सकेर बरौनीले समेत नियमित रूपमा ग्यास बिक्री गरेकाले आयातमा समस्या नरहेको ठाकुरले जानकारी दिए।

देशभर दैनिक एक लाख सिलिन्डर ग्यास खपत हुने गरेको छ। तर, अभावको हल्ला फैलिएपछि माघ लागेयता खपत पनि बढेको छ। उपभोक्ताले घरमा रहेका रित्ता सिलिन्डर साट्न दौडिएकाले खपत बढको र आपूर्ति सहज गराउन कठिनाइ भएको निगमले दाबी गर्दै आएको छ।

तीन बैंकलाई राष्ट्र बैंकको कारबाही

काठमाडौं/ नियामकीय निकायको निर्देशक पालना नगरेको भन्दै नेपाल राष्ट्र बैंकले तीनवटा वाणिज्य बैंकलाई कारबाही गरेको छ। राष्ट्र बैंकले एनआइसी एसिया बैंक, ग्लोबल आइएमई बैंक र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकलाई कारबाही गरेको हो।



राष्ट्र बैंकले आफ्नो निर्देशन बारम्बार उल्लंघन गर्दै वित्तीय विवरण प्रकाशन गरेको तथा लिखित आदेश पालन नगरेको भन्दै एनआइसी एसिया बैंकका तत्कालीन अध्यक्ष तुलसीराम अग्रवाल र प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेलाई नेपाल राष्ट्र बैंक ऐन, २)५८ (दफा १))(२)(ग)) अनुसार जनही दुई लाख रुपैयाँ नगद जरिवाना गरेको छ। त्यस्तै, मेगा बैंकले कर्जा सुरक्षण नहुने गरी कागजातमा ग्राहकको सहीछाप नलिएको, सुरक्षणभन्दा बढी कर्जा प्रवाह गरेको, एउटै प्रकारका कर्जामा दुई प्रतिशतभन्दा बढी ब्याजदर फरक गरेको र त्रैमासको अन्त्यमा नयाँ अल्पकालीन कर्जा प्रवाह गरी असुलीमा प्रयोग गरेको पाइएपछि सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई ऐनको दफा १)(२)(क) अनुसार सचेत गराइएको छ।

ग्लोबलमा स्थलगत निरीक्षण प्रतिवेदन २०८२ अनुसार बैंकले कर्जा नोक्सानी व्यवस्था, कर्जा पुनर्तालिकीकरण र पुनर्संरचनासम्बन्धी प्रावधान पूरा नगरेको पाइएको साथै कोर बैंकिङ सफ्टवेयरमा चुक्ता भइसकेको कर्जा पुरानै भ्यालु डेट राखेर सिर्जना गर्न सकिने अवस्था रहेको देखिएपछि बैंकका प्रमुख कार्यकारी अधिकृतलाई ऐनको दफा १))(२)(क) अनुसार सचेत गराइएको राष्ट्र बैंकले जनाएको छ।

७७ अभिकर्तालाई नेसनल लाइफ इन्स्योरेन्सको सिइओ क्लब सदस्य सम्मान



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले जनकपुरमा सिइओ क्लब सदस्य बन्न सफल अभिकर्तालाई सम्मान गरेको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृतको मिथिला, जनकपुरमा सिइओ क्लब सदस्य सम्मान कार्यक्रम गरिएको हो। कार्यक्रममा आर्थिक वर्ष ०८१/८२ मा तोकिएको बिमाशुल्क संकलन गरी मधेश प्रदेशबाट योग्य भएका ७७ जना अभिकर्तालाई सम्मान गरिएको थियो। सम्मान कार्यक्रममा विभागीय प्रमुख, प्रदेश प्रमुख एवं मधेश प्रदेशअन्तर्गत रहेका शाखा कार्यालयका शाखा प्रमुखहरूको सहभागिता थियो। कम्पनीले सिइओ क्लब सदस्य बन्न सफल अभिकर्तालाई सम्मान गरेको हो।

कम्पनीका सिइओ सुरेशप्रसाद खत्रीले मधेशबाट सिइओ क्लब सदस्य हुन सफल अभिकर्तालाई सदस्यता वितरण तथा सम्मान गरेका थिए। त्यस्तै, नेसनल रत्न र नेसनल स्टार विजेता अभिकर्तालाई पनि सोही कार्यक्रमा कम्पनीको लोगोअंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गरिएको थियो।

यसका साथै सो प्रदेशबाट आफ्नो कोड र सञ्जालमा प्रथम, द्वितीय र तृतीय हुन सफल उत्कृष्ट अभिकर्तालाई विशेष सम्मान तथा पुरस्कृत गरिएको थियो। सिइओ खत्रीले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने अभिकर्ता समूहलाई उच्च प्राथमिकतामा राखेको बताए। अभिकर्तामैत्री योजना ल्याउने क्रममा वार्षिक रूपमा प्रदेशस्तरीय कार्यक्रम गर्ने गरी सिइओ क्लबको अवधारणा ल्याएको र यस अवधारणाअन्तर्गत सिइओ क्लबमा नेपालभरबाट एक हजार ६ सयजनाभन्दा बढी अभिकर्ता छनोट भएको पनि जानकारी दिए। सो समारोहमा उपस्थित अभिकर्तालाई चर्चित अन्तर्राष्ट्रिय प्रशिक्षक कलसैयद अफ्जल अहमदले व्यावसायिक दक्षता अभिवृद्धि गर्ने सम्बन्धमा विभिन्न उदाहरणमार्फत महत्त्वपूर्ण तालिम प्रदान गरेका थिए।

पेट्रोल, डिजेल र मट्टीतेलको भाउ बढ्यो

अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यको असर नेपालमा, मुलुकभर खपत हुने पेट्रोलियम पदार्थमध्ये डिजेलको हिस्सा ६० प्रतिशत

नयाँ पत्रिका

आयल निगमले आइतबार रातिबाट लागू हुने गरी पेट्रोल एक रुपैयाँ र डिजेल तथा मट्टीतेल समान तीन रुपैयाँ प्रतिलिटर मूल्य बढाएको छ। मूल्य बढेपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ५७ र डिजेल तथा मट्टीतेल एक सय ४२ रुपैयाँ प्रतिलिटर पुगेको छ।

आइतबार दिउँसो इन्डियन आयल कर्पोरेसनबाट नयाँ मूल्य आउँदा पेट्रोल १.५१ रुपैयाँ र डिजेल ५.०२ रुपैयाँ प्रतिलिटर बढेर आएकाले नेपाली बजारमा मूल्य समायोजन गरेको निगमले जनाएको छ। आइओसीले प्रत्येक १५ दिनमा नयाँ मूल्यसूची पठाउने गरेको छ। त्यसकै आधारमा निगमले नेपाली बजारमा मूल्य निर्धारण गर्दै आएको छ।

मूल्य बढेपछि तराईमा पेट्रोल एक सय ५४.५० र डिजेल तथा मट्टीतेल एक सय ३९.५० रुपैयाँ प्रतिलिटर निर्धारण गरिएको छ। त्यस्तै, सुर्खेत र दाङमा भने पेट्रोल एक सय ५६ र डिजेल तथा मट्टीतेल एक सय ४१ रुपैयाँ निर्धारण गरिएको छ। ढुवानी लागतमा पर्न गएको अन्तरका कारण निगमले फरक-फरक मूल्य निर्धारण गर्दै आएको छ।

अन्तर्राष्ट्रिय बजारको असर

अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यको असर नेपालमा पनि परेको हो। आइओसीले



प्रत्येक १५ दिनको औसत मूल्यलाई गणना गरेर नेपालका लागि नयाँ खरिद मूल्य तोक्ने गरेको छ। १ फेब्रुअरीमा अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट क्रुडको मूल्य ६६.३१ डलर प्रतिब्यारेल थियो। आइतबार साँझ उक्त मूल्य ६७.७५ डलर प्रतिब्यारेल कायम भएको थियो। तर, यसबिच कच्चा तेलको भाउ बढेर ६९.४७ डलर प्रतिब्यारेलसम्म पुगेको थियो।

यसरी उतारचढाव भएको उच्च र न्यून मूल्यबिच १५ दिनको औसत निकालेर आइओसीले नेपाललाई बिक्री मूल्य तोक्ने गरेको छ।

औसत मूल्य बढेकाले नेपालले खरिद गर्ने मूल्य पनि बढेको निगमले जनाएको छ। १५ तारिखमा पेट्रोल, डिजेल र मट्टीतेलको मात्रै नयाँ मूल्यसूची आउने गरेकाले सोहीअनुसार आइतबार नेपालमा मूल्य समायोजन गरिएको हो। प्रत्येक १ तारिखमा भने पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र ग्यासको नयाँ मूल्य आउने गरेको छ।

१५ दिनअघि पनि बढेको थियो डिजेलको भाउ

मुलुकभर खपत हुने पेट्रोलियम पदार्थमध्ये डिजेलको हिस्सा सबैभन्दा धेरै ६० प्रतिशत छ। त्यसैले, डिजेलको भाउ थोरै मात्र तलमाथि हुँदा आयल निगमको नाफा-नोक्सानमा प्रत्यक्ष असर पर्ने गरेको छ। निगमले पनि डिजेलको भाउमा सकेसम्म नाफा राखेर मात्रै बिक्री गर्दै आएको छ। निगमले १५ दिनअघि १७ माघबाट लागू हुने गरी डिजेल र मट्टीतेलको भाउ प्रतिलिटर तीन रुपैयाँ बढाएको थियो। त्यतिखेर मूल्यवृद्धि गरी डिजेल र मट्टीतेलको भाउ काठमाडौं उपत्यकामा प्रतिलिटर एक सय ३९ रुपैयाँ कायम गरिएको थियो। अहिले पुनः वृद्धि गरिएको हो।

१५ दिनअघि मूल्य बढाउँदा निगमले आइओसीबाट बढेर आएको जानकारी गराएको थियो। १७ माघमा आइओसीले डिजेलको भाउ ४.६६ रुपैयाँ प्रतिलिटर बढाएर पठाएकाले नेपाली बजारमा प्रतिलिटर तीन रुपैयाँ बढाएको विज्ञप्तिमार्फत जानकारी दिएको थियो। त्यतिखेर आन्तरिक हवाई इन्धन प्रतिलिटर एक र बाह्य हवाई इन्धन प्रतिकिलोलिटर ७ डलरले घटाइएको थियो।

निगमका अनुसार उक्त समयमा हवाई इन्धनको भाउ १.०८ रुपैयाँ प्रतिलिटर घटेर आएकाले समायोजन भएको थियो। १५ दिनअघि पेट्रोल र खाना पकाउने एलपी ग्यासको मूल्य बढेर आए पनि निगमले समायोजन गरेको थिएन।

बजाजको अपग्रेडेड डोमिनार-४०० सार्वजनिक



काठमाडौं/ बजाज नेपालले अल-न्यु अपग्रेडेड बजाज डोमिनार-४०० सार्वजनिक गरेको छ। कम्पनीले १ फागुनमा सार्वजनिक गरेको हो। कार्यक्रममा अपग्रेडेड डोमिनार ४०० लाई आधिकारिक रूपमा सार्वजनिक गर्दै यसको नयाँ तथा उन्नत फिचरहरू प्रस्तुत गरिएको थियो। कार्यक्रमको मुख्य आकर्षणका रूपमा मनाङ एक्सप्लोरर राइड प्रिमियर गरिएको थियो, जसले डोमिनार ४०० को लामो दूरीको क्षमता तथा कठिन भूगोलमा उत्कृष्ट प्रदर्शन क्षमतालाई प्रस्तुत गरेको कम्पनीको भनाइ छ।

डोमिनार-४०० मा डट म्याट्रिक्स डिस्प्लेसहितको डिजिटल कन्ट्रोल कन्सोल, ब्लुटुथ कनेक्टिभिटी र टर्न-बाई-टर्न नेभिगेसन, राइड-बाई-वायरसहित चार राइड मोड रहेका छन्। एड्जस्टेबल लेभर तथा हजार्ड लाइट प्रणालीजस्ता आधुनिक प्रविधि समावेश गरिएको छ, जसले सुरक्षा र राइडिङ अनुभवलाई थप उत्कृष्ट बनाएको कम्पनीको दाबी छ। यो मोडेलले आधुनिक प्रविधिसहित प्रदर्शनकेन्द्रित बाइक प्रदान गर्ने बजाजको प्रतिबद्धतालाई थप मजबुत बनाएको कम्पनीको भनाइ छ। ग्राहकले फागुन ४ देखि ८ सम्म आयोजना हुने टेस्ट राइडमार्फत बाइकलाई नजिकबाट अनुभव गर्न सक्ने बताइएको छ।

एनआइसीले ६.९९ प्रतिशत स्थिर ब्याजदरमा १० करोडसम्म घरकर्जा दिने

काठमाडौं/ एनआइसी एसिया बैंकले 'एनआइसी एसिया साथी घरकर्जा' योजना सार्वजनिक गरेको छ। बैंकले सार्वजनिक गरेको योजनाअन्तर्गत सात वर्षका लागि ६.९९ प्रतिशत स्थिर ब्याजदर एवं अन्य आकर्षक सेवासहित १० करोडसम्म रुपैयाँसम्म घरकर्जा उपलब्ध हुनेछ।



बैंकका अनुसार घर तथा अपार्टमेन्ट खरिद गर्न, घर निर्माण तथा पुनर्निर्माण गर्न एवं घडेरी खरिद गर्न न्यूनतम २५ लाखदेखि अधिकतम १० करोडसम्म कर्जा दिइनेछ। कर्जाको अवधि अधिकतम २५ वर्ष रहनेछ।

पहिलोपटक घर खरिद वा निर्माण गर्ने ग्राहकको हकमा कर्जा र सोको धितो सुरक्षणको अनुपात अधिकतम ८० प्रतिशत र अन्यको हकमा अधिकतम ७० प्रतिशत कायम गरिएको छ। साथै, घरकर्जा लिने ग्राहक महानुभावले लाइफ टाइम निःशुल्क क्रेडिट कार्ड सेवा प्राप्त गर्न सक्नेछन्।

एसियन स्मार्ट एग्रोको विशेष साधारणसभा



काठमाडौं/ एसियन स्मार्ट एग्रो कम्पनी लिमिटेडले विशेष साधारणसभा गरेको छ। कम्पनीका अध्यक्ष प्रवीणकुमार लामाको अध्यक्षतामा संस्थाको केन्द्रीय कार्यालय लहान, सिराहामा सभा गरिएको हो। सभामा सञ्चालक चन्द्रमोहन स्याङ्वाले उपस्थित सञ्चालक र सम्पूर्ण सेयरधनी महानुभावलाई स्वागत गरेका थिए।

साधारणसभाका विशेष प्रस्तावमा कम्पनीको अधिकृत र जारी पुँजी वृद्धि गरी अधिकृत पुँजी ५० करोड र जारी पुँजी ३५ करोड पुऱ्याउने प्रस्ताव पारित भएको छ। त्यस्तै, सेयर पुँजीका आधारमा प्रबन्धपत्र संशोधन गर्ने, प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिनेलगायतका निर्णय भए।

एनएससिसिआईको १०औँ वार्षिक साधारणसभा

नेपाल-स्विट्जरल्यान्ड आर्थिक सम्बन्ध सुदृढ हुँदै

एनएससिसिआईले नेपाली र स्विस निजी क्षेत्रलाई जोडेर व्यापार, नवप्रवर्तन र दिगो विकासका लागि अवसर सिर्जना गर्ने लक्ष्य राखेको छ

काठमाडौं/ नेपाल र स्विट्जरल्यान्डबिचको आर्थिक सम्बन्ध सुदृढ हुँदै गएको नेपाल स्विस चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज (एनएससिसिआई)ले बताएको छ। स्विट्जरल्यान्डले एनएससिसिआईको १०औँ वार्षिक साधारणसभामार्फत यस्तो बताएको हो। कार्यक्रममा एनएससिसिआईका अध्यक्ष खेमराज लकाईले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै व्यापार, लगानी र साझेदारी बढाउनका लागि आगामी कार्ययोजना सार्वजनिक गरे।

सन् २०२६ मा यी दुई देशबिचको द्विपक्षीय सम्बन्धको ७०औँ वार्षिकोत्सवसमेत मनाइँदै छ। एनएससिसिआईले नेपाली र स्विस निजी क्षेत्रलाई जोडेर व्यापार, नवप्रवर्तन र दिगो विकासका लागि थप अवसरहरू सिर्जना गर्ने लक्ष्य राखेको छ। कार्यक्रमका नेपालका लागि स्विट्जरल्यान्डका राजदूत डा. ड्यानियलले नेपाल र स्विट्जरल्यान्डको साझेदारी पछिल्ला सात दशकमा सहायताबाट व्यापारतर्फ विकसित भएको बताइन्। १९५० को दशकमा भूगर्भविद् टोनी हेगनको सर्वेक्षणबाट सुरु भएको



यो सम्बन्ध सन् १९५६ मा आधिकारिक विकास साझेदारीमा परिणत भएको बताइएको छ।

एनएससिसिआईका अनुसार स्विस सहयोगमा नेपालभर १० हजारभन्दा बढी झोलुंगे पुल निर्माण सम्पन्न भइसकेका छन्। यस्तै, नेपालको संघीयतालाई सुदृढ बनाउन वित्तीय पारदर्शिता र डिजिटल उपकरणमार्फत सहयोग प्रदान गरिएको जनाइएको छ। साना तथा मझौला उद्योग (एसएमई)को वृद्धि र सन् २०२४ को हवाई सेवा सम्झौताले पर्यटन क्षेत्रमा नयाँ ऊर्जा थपेको छ।

जलवायु उत्थानशीलता, विपत् जोखिम न्यूनीकरण र हिमालयी क्षेत्रको दिगोपनका लागि इसिमोडमार्फत सहयोग जारी रहेको छ,' एनएससिसिआईको भनाइ छ।

सुनको मूल्य बढ्यो

काठमाडौं/ साताको पहिलो दिन आइतबार सुनको मूल्य बढ्यो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन सुन तोलामा दुई हजार तीन सय रुपैयाँले बढेको हो। गत साताको अन्तिम कारोबार दिनमा नेपालीमा बजार प्रतितोला तीन लाख तीन हजार पाँच सय रुपैयाँमा खरिद-बिक्री भएको थियो। आइतबारको मूल्य प्रतितोला तीन लाख पाँच हजार आठ सय रुपैयाँ कायम भयो।

त्यसैगरी, चाँदीको मूल्यमा झिनो गिरावट आयो। महासंघका अनुसार शुक्रबार प्रतितोला पाँच हजारमा कारोबार भएको चाँदी आइतबार चार हजार नौ सय ८५ रुपैयाँमा कारोबार भयो। शुक्रबारको तुलनामा १५ रुपैयाँले घटेको हो।

दुबईमा खुल्यो फ्लाई नेपा ट्राभलको कार्यालय

काठमाडौं/ फ्लाई नेपा ट्राभलले आफ्नो अन्तर्राष्ट्रिय विस्तार रणनीतिअन्तर्गत संयुक्त अरब इमिरेट्सको दुबईमा नयाँ कार्यालय सञ्चालनमा ल्याएको छ। कम्पनीका ग्लोबल सिइओ तथा अमेरिकाका लागि पर्यटन प्रवर्द्धक विनोद अधिकारीको नेतृत्वमा आयोजित समारोहबिच कार्यालय उद्घाटन गरिएको हो।

दुबई विस्तारमार्फत नेपाल, युएई, क्यानडा र संयुक्त राज्य अमेरिका आवतजावत तथा पर्यटन सहकार्य सुदृढ बनाउने लक्ष्य लिइएको कम्पनीले जनाएको छ। युएईमा बसोवास गर्ने पाँच लाखभन्दा बढी नेपाली समुदायका साथै स्थानीय इमिराती समुदायलाई सेवा प्रदान गर्ने कम्पनीको उद्देश्य छ। नयाँ कार्यालयले होलिडे प्याकेज, भिसा सहजीकरण, होटेल बुकिङ, यातायात व्यवस्थापन तथा कर्पोरेट ट्राभल व्यवस्थापनजस्ता समग्र यात्रा सेवा उपलब्ध गराउनेछ। कम्पनीले नेपालका प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटन प्याकेजहरू प्रवर्द्धन गर्ने जनाएको छ।

सुपर खुदी हाइड्रोपावरको आइपिओ बिक्री मंगलबारदेखि

काठमाडौं/ सुपर खुदी हाइड्रोपावर लिमिटेडको सर्वसाधारण सेयर मंगलबारदेखि बिक्री खुला हुने भएको छ। यसअघि कम्पनीले ४ फागुनदेखि आइपिओ निष्कासन गर्ने सूचना प्रकाशन गरेको थियो। तर, अन्य कम्पनीको सेयर निष्कासन तालिकासँग यस कम्पनीको तालिका जुध्न गएपछि सिडिएससीको निर्देशनअनुसार एक दिन मिति पर सारिएको बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटलले जानकारी दिएको छ। कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि सेयर निष्कासन गरी बाँडफाँट गरिसकेको छ। अब दोस्रो चरणमा सर्वसाधारणलाई बिक्री खुलाउन लागेको हो। यसमा कम्पनीले कर्मचारीका लागि ३१ हजार कित्ता छुट्याएर १२ लाख ८६ हजार पाँच सय कित्ता सर्वसाधारणमा निष्कासन गर्नेछ। प्रतिकित्ता एक सय रुपैयाँ तोकिएको यो सेयरमा लगानीकर्ताले न्यूनतम १० कित्ताका लागि आवेदन दिनुपर्नेछ। कम्पनीले जारी पुँजीको २० प्रतिशत अर्थात् ३१ लाख कित्ता आइपिओ निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो।

गैरआवासीय नेपाली ऐन संशोधन मस्यौदामाथि छलफल



काठमाडौं/ गैरआवासीय नेपाली (एनआरएन)सम्बन्धी ऐनको संशोधन तथा एकीकरणका लागि तयार गरिएको मस्यौदामाथि छलफल कार्यशाला सम्पन्न भएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) र परराष्ट्र मन्त्रालयको संयुक्त आयोजनामा फागुन १-२ मा कार्यशाला सम्पन्न भएको हो। उक्त कार्यशालामा एनआरएनएका अध्यक्ष, पदाधिकारी तथा परराष्ट्र मन्त्रालय अन्य सम्बन्धित मन्त्रालयका अधिकारी, नेपाल राष्ट्र बैंक, योजना आयोगलगायतका सरोकारवालाका निकायको सहभागिता थियो।

कार्यशालामा विशेष गरी गैरआवासीय नेपाली नागरिकताको कार्यान्वयन, लगानी प्रवर्द्धन, सम्पत्ति अधिकारलगायतका महत्त्वपूर्ण विषयमा छलफल गरिएको थियो। विज्ञ सहभागीले विद्यमान कानुनी व्यवस्थामा देखिएका अस्पष्टता तथा व्यावहारिक कठिनाइको पहिचान गर्दै सुधारका ठोस सुझाव प्रस्तुत गरेका थिए।

त्यस्तै, गैरआवासीय नेपालीको सिप, ज्ञान र पुँजीलाई राष्ट्रिय विकासमा प्रभावकारी रूपमा उपयोग गर्ने उद्देश्यले संस्थागत समन्वयलाई मजबुत बनाउने तथा आवश्यक नीतिगत परिमार्जन गर्ने विषयमा समेत छलफल गरिएको बताइएको छ। यसक्रममा विभिन्न देशमा प्रचलित अभ्यासहरूको अध्ययन गर्दै नेपालका लागि उपयुक्त मोडेल अवलम्बन गर्ने विषयमा समेत विचार-विमर्श भएको थियो। सहभागीले गैरआवासीय नेपालीसँग सम्बन्धित सेवा तथा प्रक्रियालाई एकद्वार प्रणालीमार्फत सञ्चालन गर्ने, डिजिटल अभिलेखीकरणलाई सुदृढ बनाउने तथा सरोकारवाला निकायबिच प्रभावकारी समन्वय संयन्त्र विकास गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।

कार्यशालाबाट प्राप्त सुझाव समेटेर मस्यौदालाई थप परिमार्जन गरी अन्तिम रूप दिइने बताइएको छ। संशोधित ऐनले गैरआवासीय नेपाली समुदायलाई संविधानतः दिएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको कार्यान्वयनमा टेवा पुऱ्याउँदै नेपाल र गैरआवासीय नेपालीबिचको सम्बन्धलाई अझ सुदृढ र परिणाममुखी बनाउने अपेक्षा गरिएको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction

Federal Urban Development and Building Construction Office, Kaski

NOTICE FOR OPENING OF FINANCIAL BID

Date of Publication: 2082.11.04 BS

1. In accordance to Rule 31 of Public Procurement Regulation 2064, this is hereby notified to all concerned bidders who bid as per our notice, then the list of successful bidders in technical proposal have been listed below.

S.N.	Contract No.	Contract Name	Bidders Name	Remarks
1	FPIU/KASKI/NCB/WORKS/082/83/09	Kaski Jilla Machhapuchre Gaupalika ko Ekikrit Basti Bikas Nirman Karya DER anusar Nirman Karya Garne.	1.M/S DLS/Construction J/V, Machhapurchhree-04, Kaski.	
			2.M/S Bhanja Construction, Pokhara-17, Kaski.	
			3.M/S Praphul-Kripahari-D.R. J/V., KMC-09, Kathmandu.	
2	FPIU/KASKI/NCB/WORKS/082/83/10	Tanahun Jilla Bhanu Nagarpalika Ward No. 3 Sankhuli Kanle Chokali Tole hudai Chambas Dumre Besisahar sadak starunnati karya.	1.M/S Highlander Construction and Engineering Solution Pvt. Ltd., KMC-32, Kathmandu.	
			2.M/S Anish and Aashis/Sherpa J/V, Pokhara-05, Kaski.	
			3.M/S Dimond Infra Engineering Pvt. Ltd., Palungtar Municipality-01, Gorkha.	
			4.M/S K&L/Sunir/Himganga J/V, Madhyapur Thimi-01, Bhaktapur.	
			5.M/S Aama/Bhadaure J/V, Kathmandu.	
3	FPIU/KASKI/NCB/WORKS/082/83/12	Aapko Rukh Birta Deurali Road Construction & Upgrading works at Pokhara metropolitian City -33, Kaski.	1.M/S B&B/Rup/Kings J/V, Pokhara, Kaski.	
			2.M/S Ocean Infrastructure & Developers Pvt. Ltd., KMC-32, Kathmandu.	
			3.M/S Bhanja/Pahari J/V., Pokhara-09, Kaski.	

2. All qualified bidders in technical bid opening are therefore, notified to send their authorized representative for financial bid opening on bids on 2082/11/11 at 11:11 Hrs at DUDBC, FUDBCO, Kaski.
3. For all other details, please refer to the complete set of bidding documents at FUDBCO, Kaski, Telephone: +977-061-453058, mobile no.: 9856006066 and email address:-*dudbckaski2076@gmail.com* or through website *www.bolpatra.gov.np/egp*

Office Chief

का.नि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

नेपाल बाहिरिँदा वेस्ट इन्डिज सुपर ८ मा

टेस्ट राष्ट्रलाई हराएर सुपर ८ मा पुग्ने लक्ष्य बनाएको नेपालले इंग्ल्यान्ड, वेस्ट इन्डिज र नवप्रवेशी इटालीसँग लगातार हारको सामना गऱ्यो

मुम्बईमा **रमेश सुवेदी**

नेपाल आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ। लगातार दोस्रो तथा तेस्रोपटक विश्वकप खेलिरहेको नेपाल आइतबार दसौँ संस्करणको समूह 'सी'मा लगातार तीन खेलमा पराजित हुँदै बाहिरिएको हो। प्रतियोगिताअन्तर्गत आइतबार भएको खेलमा दुईपटकको विश्व विजेता वेस्ट इन्डिजले नेपाललाई नौ विकेट हरायो।

यसअघि नेपाल इंग्ल्यान्डसँग ४ रन तथा इटालीबाट १० विकेटले पराजित भएको थियो। मुम्बईको वानखेडे रंगशालामा टस हारी ब्याटिङ गरेको नेपालले २० ओभरमा आठ विकेट गुमाएर १३३ रन बनाएको थियो। प्रत्युत्तरमा वेस्ट इन्डिजले १५.२ ओभरमा एक विकेट गुमाएर १३४ रन जोड्यो। लगातार तीन जितका साथ वेस्ट इन्डिज सुपर ८ मा पुग्ने पहिलो टोली बन्यो। वेस्ट इन्डिजले इनिङ्स सकिनु २८ बलअघि जित हात पारेको हो। गत वर्षको सेप्टेम्बरमा नेपालले वेस्ट इन्डिजसँग युएईमा तीन टी-२० आई सिरिज खेलेको थियो।

जसमा नेपालले ऐतिहासिक रूपमा वेस्ट इन्डिजलाई २-१ ले हराउँदै सिरिज जितेको थियो। त्यसवेला नेपालविरुद्ध प्रतिस्पर्धा गरेको वेस्ट इन्डिजमा १५ मध्ये १२ खेलाडी दोस्रो रोजाइका थिए। यसपटक विश्वकपमा नेपालविरुद्ध भिडेको वेस्ट इन्डिज पहिलो सेटको हो। वेस्ट इन्डिजको सानदार जितमा ओपनर ब्रान्डन किङ र कप्तान साई होपले पहिलो विकेटका लागि ५.३ ओभरमा ४३ रन जोडेका थिए। नेपालका नन्दन यादवले एक मात्र विकेट किङको लिएका हुन्।

किङले १७ बलमा चार चौका प्रहार गरी २२ रन जोडे। त्यसपछि साई र सिमरोन हेटमेयरले दोस्रो विकेटका लागि ५९ बलमा ९१ रन जोड्दै टोलीलाई जित दिलाए। साईले ४४ बलमा तीन छक्का र पाँच चौकाको सहयोगमा ६१ तथा हेटमेयरले ३२ बलमा दुई छक्का र चार चौका प्रहार गरी ४६ रन बनाए। नेपालको बलिङमा लेग स्पिनर सन्दीप लामिछानेले तीन ओभरमा ३८ रन दिएका थिए। नेपालका बलर सोमपाल कामीले वेस्ट इन्डिजविरुद्ध ब्याटिङमा चुकेको बताए। 'राम्रो स्कोर बनाउनुपर्ने अवस्थामा ब्याटिङमा चुकेका छौँ,' उनले भने, 'वेस्ट इन्डिजविरुद्ध योभन्दा राम्रो खेल्नुपर्ने थियो।' वेस्ट इन्डिजका कप्तान साईले स्पिनरको दबाबमा नेपालमाथि जित निकालेको बताए।

चालू विश्वकपमा सुपर ८ मा स्थान बनाउने पहिलो राष्ट्र बनेको वेस्ट इन्डिजले आफ्नो दोस्रो खेलमा इंग्ल्यान्डमाथि सानदार जित निकालेको थियो। वेस्ट इन्डिजले आफ्नो अन्तिम खेलमा इटालीको सामना गर्नेछ। प्रतियोगिताबाट बाहिरिसकेको नेपालले मंगलबार स्कटल्यान्डविरुद्ध खेल्नेछ। समूह 'सी'बाट इंग्ल्यान्ड, स्कटल्यान्ड र इटालीमध्ये एक राष्ट्र सुपर ८ मा पुग्नेछ। यी तीनवटै राष्ट्रको अर्को चरणमा पुग्ने सम्भावना यथावत् छ।



वेस्ट इन्डिजविरुद्ध अर्धशतक बनाएपछि दीपेन्द्रसिंह ऐरी (दायाँ)

ब्याटिङ युनिट असफल भयो

● **रोहितकुमार पौडेल**, कप्तान, नेपाल



वानखेडेमा बिहान ब्याटिङ गर्दा चुनौतीपूर्ण थियो। म्याथ्यु फोर्ड, अकिल होसेन र जासन होल्डरले पावर प्लेमा गरेको बलिङका कारण चुनौतीपूर्ण रह्यो। हाम्रो ब्याटिङ युनिट फेरि असफल भयो। हामीले यस क्षेत्रमा सुधार गर्नुपर्छ। हामी ब्याटिङ साझेदारीमा चुकेका छौँ। २० वा ३० रनको साझेदारी भयो, तर त्यसलाई लम्ब्याउन सकेनौँ।

सबै खेल जित्न आएका हौँ

● **साई होप**, कप्तान, वेस्ट इन्डिज



नेपालले राम्रो खेल खेलेको हो। हामीले बढी स्पिनर प्रयोग गऱ्यौँ। त्यसैले नेपाललाई दबाबमा राख्न सफल भयौँ। हामी यहाँ सबै खेल जित्न आएका हौँ। यो क्रमलाई निरन्तरता दिनुपर्छ। लक्ष्य पछ्याउँदा नेपाली बलरविरुद्ध सुरुदेखि नै आक्रामक हुने योजना बनाएका थियौँ।

सामाजिक सञ्जालबाट टाढा रहन सुझाव

नेपालका प्रशिक्षक स्टुवार्ट लले खेलाडीहरू सामाजिक सञ्जालमा केन्द्रित रहँदा प्रदर्शनमा प्रभाव परेको बताएका थिए। त्यसवेला प्रशिक्षक स्टुवार्टको प्रतिक्रियालाई धेरै खेलाडीले व्यक्तिगत धारणा भनी पन्छिन खोजेका थिए। तर, आइतबार वेस्ट इन्डिजबाट नौ विकेटले पराजित भएपछि सबैभन्दा सिनियर खेलाडी सोमपालले भने खेलाडीहरू सामाजिक सञ्जालबाट टाढा बसेको नै राम्रो हुने भनाइ राखेका छन्। यसैगरी, युवा खेलाडी गुल्सन झाले महत्त्वपूर्ण खेल भएको दिन आफू सामाजिक सञ्जालबाट टाढा नै रहने बताए। 'मलाई अरू खेलाडीबारे थाहा भएन, मचाहिँ विश्वकपजस्तो महत्त्वपूर्ण प्रतियोगितामा सामाजिक सञ्जालबाट बाहिर नै बस्न रुचाउँछु,' झाले भने, 'म स्वतन्त्र माहोलमा बस्न चाहन्छु।'

■ खकुरेलपछि अर्धशतक बनाउने ऐरी

पहिलो ब्याटिङ गरेको नेपालका शीर्ष तीन ब्याट्समान फेरि एकपटक चुकेका छन्। नेपालले पावर प्लेमा १७ रन बनाउँदा शीर्ष तीन खेलाडी पेभेलियन फर्किए। इनिङ्सको ०.५ ओभरमै ओपनर कुशल भुर्तेल, ३.१ ओभरमा कप्तान रोहितकुमार पौडेल र ४.१ ओभरमा आसिफ शेखको विकेट गुमेको थियो। कुशलले १, आसिफले ११ तथा रोहितले ५ रन बटुले। ६.३ ओभरदेखि १४.६ ओभरसम्म नेपालको ब्याटिङ कमजोर रह्यो।

वेस्ट इन्डिजका कप्तान साईले यी ओभरमा स्पिनर प्रयोग गरेका थिए। नेपाली खेलाडीले वेस्ट इन्डिजका अनुभवी स्पिनरविरुद्ध डटेर खेल्न सकेनन्। जसका कारण नेपालको रनरेट पनि कमजोर बन्यो। आरिफ शेखले २, लोकेश बमले १३ तथा गुल्सन झाले ११ रन जोडे। ब्याटिङ पिचमा गतिलो प्रदर्शन गर्न नसके पनि दीपेन्द्रसिंह ऐरी र अलराउन्डर सोमपाल कामीले सातौँ विकेटका लागि २६ बलमा ५४ रनको साझेदारी गर्दै नेपाललाई १९.२ ओभरमा १२७/७ को अवस्थामा पुऱ्याए।

यसैक्रममा अलराउन्डर ऐरीले पनि व्यक्तिगत रूपमा विश्वकपमा पहिलो अर्धशतक लगाए। विश्वकपमा नेपाली खेलाडीमध्ये अर्धशतकीय इनिङ्स खेल्ने उनी दोस्रा हुन्। सन् २०१४ को विश्वकपमा डेब्यु गरेको संस्करणमै नेपालका लागि ओपनर सुभाष खकुरेलले अर्धशतक ठोकेका थिए। दीपेन्द्रले वेस्ट इन्डिजविरुद्ध ४७ बलमा ५८ रन बटुले। नेपाली खेलाडीबाट १२ वर्षपछि अर्धशतक बनेको हो। सुभाषले अफगानिस्तानविरुद्ध ५३ बलमा ६ चौका र एक छक्का प्रहार गरी ५६ रन जोडे। ऐरीले सुभाषको रेकर्ड पनि तोडेका छन्। वेस्ट इन्डिजविरुद्ध ऐरीले गुल्सन झासँग २६ बलमा २७ रनको साझेदारी गरे।

पाकिस्तानलाई हराउँदै भारत सुपर ८ मा

एजेन्सी

साबिक विजेता भारतले आइसिसी टी-२० विश्वकपमा आइतबार छिमेकी प्रतिद्वन्द्वी पाकिस्तानलाई ६१ रनले हराउँदै समूह 'ए'बाट सुपर ८ को स्थान सुरक्षित गरेको छ। भारतले लगातार तीन खेल जित्दै ६ अंक जोडेको छ। पाकिस्तानले तीन खेलमा एक हार र दुई जितका साथ ४ अंक बनाएको छ। कोलम्बोको प्रेमादासा रंगशालामा भारतले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर १७५ रनको योगफल खडा गरेको थियो।

प्रत्युत्तरमा खराब ब्याटिङ प्रदर्शन गरेको पाकिस्तान १८ ओभरमा ११४ रनमै समेटिँदा भारत ६१ रनको अन्तरले विजयी भयो। पाकिस्तानले यसअघि भारतसँग नखेल्ने निर्णय लिएको थियो। आइसिसीको उपस्थितिमा पाकिस्तानले भारतसँग कोलम्बोमा खेल्न सहमति जनाएको थियो। त्यसपछि मात्र यी दुई प्रतिद्वन्द्वीबिच खेल सम्भव भएको हो।

आइसिसी टी-२० विश्वकपमा भारतले पाकिस्तानमाथि लगातार जित निकालेको छ। अहिलेसम्म उनीहरूबिच नौपटक प्रतिस्पर्धा हुँदा भारतले आठ र पाकिस्तानले एकपटक जित निकालेको छ। यसअघि ब्याटिङ गरेको भारतले पहिलो ओभरबाटै स्पिनरको सामना गरेको थियो। पाकिस्तानका कप्तान सलमान अघाले भारतीय ब्याट्समयानमाथि दबाब राख्न आफूले नै बलिङ गरे। उनको रणनीतिले सुरुवातमा काम पनि गऱ्यो। पहिलो ओभरको छैटौँ बलमा उनले फर्ममा रहेका अभिषेक शर्मालाई शून्यमा साहिन साहबाट क्याच आउट गराए।

पहिलो ओभरपछि भारतका ओपनर ईशान किसन र तिलक बर्मा पाकिस्तानी बलरमाथि आक्रामक रूपमा प्रस्तुत भए। ईशान र तिलकले दोस्रो विकेटका लागि ८७ रनको साझेदारी गरे। भारतले ईशानलाई ९.४ ओभरमा गुमाएको थियो। ईशानले ४० बलमा १० चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ७७ रन जोडेका थिए। तिलक र कप्तान सूर्यकुमार यादवले तेस्रो विकेटका लागि ३८ रनको साझेदारी गरी टोलीलाई १४.२ ओभरमा १२६/३ को स्थितिमा राखे। तिकलले २४ बलमा २५ रन जोडे।

हार्दिक पान्ड्या सामना गरेको बलमै सैम अयुबबाट आउट भए। सूर्यकुमारले २९ बलमा तीन चौका प्रहार गरी ३२ रन जोडे। शिवम दुबे र रिंकु सिंह आक्रामक देखिए। शिवमले १७ बलमा एक छक्का र तीन चौका प्रहार गरी २७ रन बनाए। रिंकुले चार बलमा समान एक छक्का र चौका प्रहार गरी ११ रन जोडे। बलिङमा अयुबले ४ ओभरमा २५ रन दिएर तीन विकेट हात पारेका थिए।

पाकिस्तानको फितलो ब्याटिङ

१७६ रनको लक्ष्य पछ्याएको पाकिस्तानको ब्याटिङ निकै फितलो रह्यो। पाकिस्तानले पावर प्लेमै चार विकेट गुमाएको थियो। हार्दिक र जसप्रीत बुमराहले सुरुवातै कसिलो बलिङ गर्दा पाकिस्तानले उत्कृष्ट सुरुवात गर्न सकेन। सहिबजादा फहरान शून्य, सैम अयुब ६, कप्तान सलमान ४ र बाबर अजाम ५ रनमा आउट भए। उस्मान खान र सादाब खानले पाँचौँ विकेटका लागि ३४ रनको साझेदारी गर्दै टोलीलाई ३४-४ बाट ७३-५ को स्थितिमा राखे। उस्मानले ३४ बलमा ६ चौका र एक छक्का प्रहार गरी ४४ रनको योगदान दिए।

आजका खेल

अफगानिस्तान	बिहान ११:१५ बजे	युएई	
इंग्ल्यान्ड	दिउँसो ३:१५ बजे	इटाली	
अस्ट्रेलिया	राति ७:१५ बजे	श्रीलंका	

तीन विश्वकप खेल्ने एक मात्र नेपाली खेलाडी सोमपाल

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

सोमपाल कामी यसपटकको आइसिसी टी-२० विश्वकपमा लगतार दुई खेलमा बेन्चमै रहे। प्रशिक्षक स्टुवार्ट लले युवा खेलाडीलाई मौका दिँदा सबैभन्दा सिनियर सोमपालले इंग्ल्यान्ड र इटालीविरुद्ध प्रतिस्पर्धा गर्न पाएनन्। नवप्रवेशी इटालीसँग १० विकेटको हारपछि स्टुवार्टले आइतबार दुईपटकको विश्व च्याम्पियन वेस्ट इन्डिजविरुद्ध टोली घोषणा गर्दा सोमपालले स्थान बनाए। वेस्ट इन्डिजविरुद्ध मैदानमा जानुअघि नै सोमपालले नेपाली खेलाडीमध्ये व्यक्तिगत रेकर्ड बनाए।

तीनपटक टी-२० विश्वकप खेल्ने उनी पहिलो तथा एक मात्र नेपाली खेलाडी बने। फरक तीन विश्वकपको अनुभव सँगालेका सोमपालले वेस्ट इन्डिजसँगको महत्त्वपूर्ण खेलमा आठौँ क्रममा ब्याटिङ गर्न आए। वर्तमान नेपाली टोलीमा सबैभन्दा अनुभवी खेलाडी सोमपाल आफ्नो ब्याटिङ अलराउन्ड प्रदर्शन गर्न सफल भए। उनले कठिन अवस्थामा उपकप्तान दीपेन्द्रसिंह ऐरीसँग सातौँ विकेटका लागि उत्कृष्ट साझेदारी गरे।

वेस्ट इन्डिजका नाम चलेका फास्ट बलरविरुद्ध उनको ब्याटबाट आकर्षक स्ट्रोक देखिएको थियो। सोमपालले केवल १५ बलमा चार चौकाको सहयोगमा २६ रन जोड्न १७३.३३ को स्ट्राइकमा ब्याटिङ गरे। ब्याटिङमा असाधारण प्रदर्शन गरेका सोमपाल बलिङ महँगा देखिए। दुई ओभर बलिङ गर्ने अवसर पाएका उनले २३ रन खर्चेका थिए। सन् २०१४ मा बंगलादेशले आयोजना गरेको विश्वकपमा सोमपालले डेब्यु गरेका थिए। त्यसपछि उनी सन् २०२४ मा वेस्ट इन्डिज र अमेरिकाद्वारा संयुक्त रूपमा आयोजित विश्वकपमा समेत सहभागी भए।

व्यक्तिगत रेकर्ड बनाएका सोमपाल वेस्ट इन्डिजबाट पराजित हुँदा खुसी भएनन्। उनले व्यक्तिगत कीर्तिमान बनाएको दिनमै नेपाल १०औँ संस्करणको विश्वकपको समूह चरणबाटै बाहिरियो। यसै खराब नतिजाका कारण उनी वानखेडे रंगशालामा नेपाली पत्रकारमाझ उपस्थित हुँदा दुःखी देखिए। 'नेपाल पराजित हुँदा दुःख लाग्छ,' उनले भने, 'यो विश्वकपमा हामीले राम्रो खेलेनौँ।' उनले विशेषतः नवप्रवेश राष्ट्र इटालीबाट लजास्पद हार व्यहोरेको क्षण पीडादायी भएको बताए। 'भर्खर विश्वकप खेलिरहेको राष्ट्रबाटै १० विकेटले पराजित भइयो। योभन्दा नराम्रो के हुन सक्छ ?' सोमपालले १७औँ ओभरमा वेस्ट इन्डिजका अनुभवी फास्ट बलर ज्यासन होल्डरलाई तीन चौका प्रहार गरेका थिए।

बंगलादेशमा टी-२० आई डेब्यु

सन् २०१४ को टी-२० विश्वकप नेपालको डेब्यु थियो। कप्तान पारस खड्काको नेतृत्वमा रहेको नेपाली टोलीमा तत्काल सोमपालसँगै ज्ञानेन्द्र मल्ल, शक्ति गौचन, शरद भेसवाकर, जितेन्द्र मुखिया तथा सुभाष खकुरेलजस्ता खेलाडी थिए। नेपालले बंगलादेशमा टी-२० आईमा डेब्यु गरेका वेला सोमपाल टोलीकै कान्छा खेलाडी थिए। भारतको वानखेडे रंगशालामा तेस्रो विश्वकप खेल्दा उनी टोलीकै सबैभन्दा सिनियर खेलाडी बने। अहिलेसम्म तीन विश्वकपमा उनले सात खेल खेलेका छन्। १२ वर्षअघि विश्वकप खेल्दा सोमपालका बलिङ पार्टनर जितेन्द्र थिए। उनले बंगलादेशमा भएको विश्वकपमा तीन खेलमा चार विकेट लिएका थिए। नवौँ र दसौँ संस्करणमा उनले करण केसीको साथ पाए। वेस्ट इन्डिजमा सम्पन्न नवौँ विश्वकपमा दुई खेलमा उनले दुई विकेट हात पारेका थिए। विश्वकपमा उनले अफगानिस्तान, हङकङ, बंगलादेश, नेदरल्यान्ड्स, दक्षिण अफ्रिका र वेस्ट इन्डिजजस्ता राष्ट्रविरुद्ध आफ्नो क्षमता देखाए। पत्रकार सम्मेलनमा सोमपालले मैदानमा आफू सधैँ शतप्रतिशत खेल्ने बताए। 'नेपालका लागि शतप्रतिशत खेल्छु, यो क्रम कहिल्यै रोकिनेछैन,' सोमपालले भने।

८७ टी-२० आईमा ८१ विकेट

सोमपालले अहिलेसम्म ८७ टी-२० आई खेलेका छन्। उनले ८७ इनिङ्स नै बलिङ गरी ८१ विकेट लिएका छन्। उनको इकोनोमी ७.१८ रहेको छ। ब्याटिङ क्रममा उनले ५२ इनिङ्समा ३९१ रन जोडेका छन्। टी-२० फर्म्याटमा उनले २९ चौका र १६ छक्का प्रहार गरेका छन्। उनले अहिलेसम्म १ हजार ६१४ पटक बल फ्याँकेका छन्। टी-२० आई करिअरमा सोमपालले एसियाली भूमिमा ६५ खेलमा ५७ विकेट हात पारेका छन्। यसैगरी अमेरिकन भूमिमा उनले नौ खेलमा १२ विकेट लिएका छन्। तथ्यांकअनुसार उनले घरेलु मैदानमा २४, अवेमा २६ र तटस्थ भूमिमा ३७ विकेट हात पारे। सन् २०१४ को सिजनमा उनले १३ खेलमा १४ पटक खेलाडीलाई आउट पारे।



१२ वर्षअघि बंगलादेशले आयोजना गरेको विश्वकप खेलेका सोमपालले १०औँ संस्करणमा वेस्ट इन्डिजविरुद्ध खेल्दै तीनवटा विश्वकप यात्रा पूरा गरे

■ नेपाली खेलाडीलाई हौस्याउँदै समर्थक



मुम्बईस्थित वानखेडे रंगशालामा आइतबारको वेस्ट इन्डिजविरुद्धको खेलमा नेपाली समर्थक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

दुई एसोसिएट भिडन्तमा अमेरिका विजयी

मुम्बई/ अमेरिकाले समूह 'ए'को आफ्नो अन्तिम खेलमा अर्को एसोसिएट राष्ट्र नामिबियालाई ३१ रनले हराएको छ। जितसँगै अमेरिकाले चार खेलबाट ४ अंक जोडेको छ। नामिबियाले तीनवटै खेल गुमाएको छ। विश्वकपको समूह चरणबाटै बाहिरिने नामिबिया तेस्रो राष्ट्र बनेको छ। अमेरिकाको भने गणितीय आधारमा सुपर एटको सम्भावना छ। प्रतियोगितामा ओमान पहिलो तथा नेपाल दोस्रो राष्ट्रका रूपमा बाहिरिएका हुन्।

चेन्नईमा भएको प्रतिस्पर्धामा अमेरिकाले पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाएर १९९ को बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नामिबियाले ६ विकेट गुमाएर १६८ रन जोड्दा अमेरिका ३१ रनले विजयी भयो। अमेरिकाको ब्याटिङमा दुई ब्याट्समयानले अर्धशतकीय योगदान दिएका थिए। ओपनर मोनांक पटेलले ३० बलमा समान तीन छक्का र चौका प्रहार गरी ५२ रन जोडेका थिए। सञ्जय कृष्णमुर्थीले ३३ बलमा ६ छक्का र चार चौका प्रहार गरी सर्वाधिक ६८ रनको योगदान दिए।

अमेरिकाले पहिलो विकेटका लागि ६.५ ओभरमा ६८ रनको साझेदारी गरेको थियो। त्यसपछि मिलिन्द कुमार र र सञ्जयले चौथो विकेटका लागि ४७ बलमा ८७ रनको साझेदारी गर्दै अमेरिकालाई १९०-४ को बलियो स्थितिमा पुऱ्याए। मिलिन्दले २० बलमा समान एक चौका र छक्काको सहयोगमा २८ रन जोडे। नामिबियाका सबैजसो बलर खर्चिला देखिए।

नामिबियाको मध्यक्रम कमजोर

नामिबियाले कीर्तिमानी दुई सय रनको लक्ष्य पछ्याएको थियो। अमेरिकामाथि जित निकाल्न प्रतिओभर १० रन बनाउनुपर्ने थियो। ओपनर लोरेन्स स्टिकाम्प र जान फ्रायनले पहिलो विकेटका लागि ५.२ ओभरमा ५४ रन जोडे। जानले १६ बलमा समान एक चौका र एक छक्का हिर्काएर १९ रन जोडे। त्यसपछि जान निकोल र लाउरेनले दोस्रो विकेटका लागि ४५ रनको साझेदारी गरेका थिए। जान निकोल आउट हुँदा नामिबिया १०.३ ओभरमा ९९-२ को अवस्थामा थियो।

इनिङ्सको १०औँ ओभरसम्म नामिबियाले आवश्यक रनरेटअनुसार ब्याटिङ गरी अमेरिकामाथि दबाब राखेको थियो। तर, मध्यक्रमका ब्याट्समयानले गतिलो योगदान दिन नसक्दा नामिबियाको रनरेट बिस्तारै ओरालो लाग्यो। लाउरेन इनिङ्सको १२.३ ओभरमा आउट भए। उनले ३९ बलमा तीन छक्का र पाँच चौकाको सहयोगमा ५८ रनको योगदान दिए।

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	३	३	०	६	३.०५
अमेरिका	४	२	२	४	०.७८
पाकिस्तान	३	२	१	४	-०.४०
नेदरल्यान्ड्स	३	१	२	२	-१.३५
नामिबिया	३	०	२	०	-२.४४

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	२	२	०	४	३.१२
जिम्बावे	२	२	०	४	१.९८
अस्ट्रेलिया	२	१	१	२	१.१०
आयरल्यान्ड	३	१	२	२	-०.१५
ओमान	३	०	३	०	-४.५४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	३	३	०	६	१.८२
इंग्ल्यान्ड	३	२	१	४	-०.१४
स्कटल्यान्ड	३	१	२	२	०.३५
इटाली	२	१	१	२	-०.३५
नेपाल	३	०	३	०	-१.९४

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	३	३	०	६	१.४७
न्युजिल्यान्ड	३	२	१	४	१.७०
युएई	२	१	१	२	-१.०३
अफगानिस्तान	२	०	२	०	-०.५५
क्यानडा	२	०	२	०	-१.५२

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com